# अध्यायएक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विवाह एउटा विश्वव्यापीरूपमा रहेको सामाजिक संस्था हो ।यो मानव सभ्यताको सुरुवातिसँगै अस्तितवमा आएको मान्न सकिन्छ । समाजमा विवाहलाई एउटा सूक्ष्म सामाजिक संस्थाका रूपमा लिन सकिन्छ। विवाहको उत्पतिलाई हामीले मानव सभ्यताको उत्पति र विकासको परम्परासंग जोडेर हेर्न सकिन्छ । विवाह भन्नाले पुरुषले स्त्रीको समग्र जीवनका सम्पूर्ण आवश्यकताहरूको वहन गर्नु, जिम्मा लिनु र अन्तत उसलाई आफ्नो अर्धाङ्गको रूपमा स्विकार गरी सहकार्य गर्दै जीवन व्यतित गराउनु भन्ने हुन्छ । सामाजिक संस्थालाई निरन्तरता दिनका लागि समाजका विभिन्न इकाइहरू मध्ये विवाह त्यस्तो सामाजिक संस्था हो जसले सृष्टिको वा समाजको निरन्तरतामा महत्वपूर्ण योगदान दिदै आएको छ ।जि.पि. मुरडक का अनुसार । यस परिभाषामा विवाहलाई एउटा सर्वव्यापी संस्थाका रूपमा रहेको र जसले विवाह, सहवास, आर्थिक सहयोग र परिवारको निर्माण गर्दछ भन्ने कुरालाई उल्लेख गरेका छन् ।जस अनुसार रोबर्ट एच.लोविसले भनेका छन् ।

विवाह भनेको एक महिला र पुरुषले सँगै बस्न पाउने आधार हो ।यसरी हेर्दा विवाह एउटा परिवारको माध्यम हो । विवाहले नै परिवारको निर्माण गर्दछ र समाजको निर्माण साथै समाजको विकासमा सहयोग गर्दछ ।

विवाहले मानविय समाजलाई संगठित र स्थायित्व प्रदान गर्दछ। सामाजिक व्यवस्थालाई निरन्तरता दिनका लागि समाजका विभिन्न इकाइहरू मध्ये विवाह त्यस्तो सामाजिक संस्था हो जसले सृष्टिको निरन्तरतामा महत्वपूर्ण योगदान दिदै आएको छ । सामान्य अर्थमा हेर्दा विवाह एक सामाजिक संस्था हो जसमा मानिसले यौन सन्तुष्टि प्राप्त गर्न, बालबच्चाको जन्म र समाज विकासको प्रक्रियालाई निरन्तरता दिनु हुन्छ ।

परिवार हुनका लागि विवाह अनिवार्य मानिन्छ। विवाहको उत्पति मानव सभ्यताको उत्पति र विकासको परम्परासँग जोडेर हेर्न सकिन्छ। यो संस्था आदिम समाजमा जे जसरी रहेता पनि वा इतिहास भएता पनि समयको बदलिदो चरणसँगै यसको प्रकृतिको र खास समयमा हुने र त्यसको प्रकृति समयको बदलिदो अन्तरसँगै बदलिने हुँदा विवाहका सम्पूर्ण

रूपलाई एउटै मापदण्डमा राखेर विश्लेषण गर्नु उपयुक्त देखिदैन ।विवाहका प्रकृयाहरू समय अनुसार परिवर्तन हुदै आएको इतिहासमा पाउन सकिन्छ । विवाहबाट नै एकात्मक परिवार र केन्द्रिय परिवारको निर्माण हुन्छ । आदिम युगमा एक हुल वा एउटा समुह एकै परिवारमा बस्ने गर्दथे ।बच्चाले आफ्नो आमालाई मात्र चिन्ने गर्दथ्यो भने बाबु चिन्दैन थियो ।जब मानव सभ्यताको शुरु भयो त्यही समय देखि एमात्मक परिवार र केन्द्रिय परिवारको निर्माण भएको पाउन सकिन्छ ।समयको कालखण्डमा व्याप्त रहेका जारी विवाह, विधुवा/विधुर विवाह, बाल विवाह, बहु विवाह, जबरजस्ती विवाह जस्ता स्वरूपमा व्यापक परिवर्तन आएको पाइन्छ । यसरी हेर्दा विवाहका विभिन्न किसिमहरू पाउन सकिन्छ। जस्तैः पति/पत्नी प्राप्त गर्ने तरिकाका आधारमा, विवाहको लागि पति/पत्नी छनौटका आधारमा, पति/पत्नीको संख्याको आधारमा, पति/पत्नि रहने वा बस्ने स्थानका आधारमा र विवाह सम्बन्धि धार्मिक मुल्यमान्यताका आधारमा विवाहलाई हेर्न सकिन्छ। यसरी हेर्दा समयको परिवर्तनसँगै र समाजको निर्माणसँगै विवाह र परिवारको प्रक्रियामा फरकपन रहेको पाउन सकिन्छ ।समयको परिवर्तन सँगै विवाह पद्धतिमा पनि परिवर्तन आएको पाइन्छ । पहिले पहिले जबरजस्ती विवाह गर्ने, भाउजु बेहोर्ने चलन रहेको थियो भने अहिले यो विवाह प्रचलनमा कम रहेको पाउन सकिन्छ ।

विवाहद्वारा मानिसमा बन्धन पैदा हुन्छ ।जब मानिस विवाहित हुन्छ अनि उसका जिम्मेवारी थपिन्छन् । हिन्दु दर्शनबाट हेर्ने हो भने विवाह एक धार्मिक संस्कार हो । जस अनुसार आफ्नो परम्परालाई निरन्तरता दिन विवाह गरिन्छ । यसरी गरिएका विवाहमा लोग्ने स्वास्नीको सम्बन्ध यस लोक देखि परलोकसम्म अक्षुण रहन्छ । हर्टन एण्ड हन्टले आफ्नो पुस्तक समाजशास्त्रमा विवाह सम्बन्धि भनेको छन् यस परिभाषामा विवाहलाई एउटा सामाजिक मान्यता प्राप्त संस्थाका रूपमा लिँदै विवाहबाट नै परिवारको सृजना हुने कुरा उल्लेख गरेका छन् । (सुब्बा, १९९९)को परिभाषाबाट के बुझिन्छ भने विवाह पद्धति औपचारिक वा अनौपचारिक, सहमतिय वा निर्णायात्मक जे जसरी भए पनि सामाजिक रूपमा स्वीकार्य हुने गर्दछ । विवाह पद्धति मार्फत मानिसले विभिन्न सामाजिक क्रियाकलापहरू गर्ने अनुमति पाउँदछ ।

विश्वव्यापी रूपमा विवाह एउटै किसिमको पाइदैन ।समाज अनुसार विवाहका पद्धति तथा नियमहरू रहेका छन् । विवाह एउटा सामाजिक नियम, पद्धति भित्र रहेको हुन्छ । समाज अनुसार विवाह पद्धति फरक फरक प्रकृतिका हुन्छन् । विश्वव्यापी रूपमा एउटै रहेका हुदैन

यसरी हेर्दा नेपालमा विभिन्न जातजातिहरू रहेका छन् र उनीहरूको आ-आफ्नो पद्धतिहरू रहेका छन् । जसमध्ये धिमाल जाति पनि एक हो । यो जातिले धिमालसँग मात्र विवाह गर्दथे भने आफ्नो गोत्र सँग विवाह गर्दैनन् र गरिहालेमा अन्तरजातिय विवाह हुन्छ । यस जातिमा विवाह गर्दा कुटुम्ब खोज्दा मामली र आफ्नो गोत्रलाई जोगाउनु पर्दछ । धिमाल जातिमा बहुपति विवाह नरहेको र बहुपत्नि विवाह भने कम रहेको पाइन्छ ।

विवाहको सम्बन्धमा जे जस्तो परिभाषा वा बुझाइ भए पनि समय र समाज अनुसार विवाह सम्बन्धि विभिन्न बुझाई तथा मान्यता रहेको छ ।विवाह सर्वव्यापी सामाजिक संरचना हो । यो जुनसुकै समाज र संस्कृतिमा सुक्ष्म तहको सामाजिक संस्थाका रूपमा प्रचलित रहेको छ । हरेक समाज र संस्कृतिमा विवाहका अनेक रूप र प्रकृतिहरू प्रचलित छन् । जसले गर्दा विवाहलाई निर्वाद रूपमा परिभाषित गर्न सकिदैन । स्थान र समय अनुसार विवाह फरक फरक रहेको पाउन सकिन्छ ।

## १.२ समस्याको कथन

नेपाल भौगोलिक रूपमा सानो भए तापनि विश्वमान चित्रमा नेपाललाई बहुजातिय, बहुधार्मिक, बहुभाषिक, बहुसंस्कृतिक विविधताले भरिपूर्ण देश भनेर चिनिन्छ । कुनै पनि राष्ट्रको निर्माण हुन विभिन्न सांस्कृतिक तथा सामाजिक संस्थाहरूको आवश्यकता पर्दछ । कुनै पनि समाज तथा समुदाय विना राष्ट्रको निर्माण हुन सक्दैन । समाज मानविय अन्तरसम्बन्धको जालो हो । र यिनै समाज तथा समुदायमित्र विभिन्न प्रकारका सामाजिक संस्थाहरू पनि हुने गर्दछ । जसले समुदायका मानिसहरूलाई सही बाटोमा डोऱ्याउने गर्दछ । यसरी बिभिन्न संस्कार तथा संस्कृतिहरू मध्ये विवाह समाजको एउटा अति महत्वपूर्ण सामाजिक संस्था हो जस मार्फत समाजका कुनै पनि व्यक्तिले सामाजिक मुल्य मान्यता पाई सामाजिक कार्य संचालन गर्न अनुमति पाउँदछ । नेपाल एउटा बहुजातिय, बहुसांस्कृतिक राष्ट्र भएकोले प्रत्येक जाति अनुसार विवाह संस्कारमा पनि विविधता पाउने गरिन्छ । जसमा धिमाल जातिको पनि आफ्नै प्रकारको भाषा, धर्म, संस्कार, संस्कृति भेषभुषा, परम्परा रितिरिवाज रहेको छ । कुनै पनि जातिको आफ्नै किसिमको संस्कार हुने गर्दछ । ती संस्कारहरू नै त्यस जातिको पहिचान भएकोले राष्ट्रभित्रका सबै जाति तथा जनजातिहरूको संस्कृतिको संरक्षण हुन जरुरी छ । सबै जातिको संस्कृतिलाई समान रूपले समेटेर नलगेमा राष्ट्रको उन्नति र विकस हुन सक्दैन । यसरी धिमाल जातिमा पनि बिभिन्न संस्कृतिहरू मध्ये विवाह संस्कार अनिवार्य र अति आवश्यक तत्व हो ।

आफ्नो पुर्खाहरूले अंगल्दै आएको परम्परागत रितिरिवाजमा परिवर्तन भइरहेको छ । यस प्रकृया निरन्तर चलिरह्यो भने पछि गएर आफ्नो इतिहास नै लोम हुने अवस्थामा नपुग्ला भन्न पनि सकिदैन ।धिमाल जातिको प्रचलित विवाहको प्रकार र विधिमा परिवर्तन तथा अनुसन्धान गर्नु आजको आवश्यकता देखिन्छ। विगतका अध्ययनमा धिमाल जातिको विवाह संस्कारमा परसंस्कृतिग्रहणको प्रभावलाई उल्लेख नगरेको पाइयो । हालमा आएर विभिन्न कारणले आफ्नो संस्कृति गुमाउँदै अरुको संस्कृति भित्र्याउने क्रम बढ्दो रूपमा रहेको पाइन्छ । परसंस्कृतिग्रहण के के कारणले भइरहेको छ त भन्ने कुरामा अहिले सम्मका अध्ययन अनुसन्धानले देखाउन सकेको छैन। जस्तै धिमालहरूको विभिन्न संस्कारहरूमा हिन्दुकरण, विश्वव्यापीकरण, परसंस्कृतिकरण आदिले निकै प्रभाव पारेको देखिन्छ । जसले गर्दा बिस्तारै धिमाल समुदायको मौलिक परम्परा लोप हुँदै जाने र आउँदो पिढीलाई आफ्नो सामाजिक संस्कार (विवाह संस्कारका बारेमा केही ज्ञान नहुने कुरा विगतका अध्ययनले देखाउन सकेको छैन । त्यसैले विवाह संस्कार सम्बन्धि ज्ञान दिलाउने हेतुले यो विषयमा अध्ययन गर्नुपर्ने देखिन्छ ।

क) राजनीतिक कारणले पारेको प्रभावः

समाज परिवर्तनसँगै मुलुकमा भएका साना ठूला राजनीतिक परिवर्ततले समेत यस समुदायको संस्कार परम्परामा बृहत प्रभाव पारेको छ। जस्तो लवाई, खवाई, सभासमारोहमा भाग लिने राजनीतिमा चासो दिने आदि । आन्दोलन तथा भेला सम्मेलनमा समेत सहभागिता हुने क्रमले गर्दा देखासिखिका कारण विवाह परम्परामा यसको प्रत्यक्ष प्रभाव परेको पाउन सकिन्छ। अझ यसमा महिलाको पनि समान सहभागिताका कारण घर भित्र र समाजमा समेत यसले बृहत चेतना बढाएको छ ।

ख) धर्म परिवर्तनको प्रभाव

धिमाल समुदायको विवाह संस्कारलाई आधुनिकीकरणले प्रत्यक्ष प्रभाव पारे जस्तै कुल धर्मलाई परिवर्तन गर्ा विभिन्न धर्म मान्ने समुहमा आएको बृद्धिका कारण पनि विवाह संस्कारमा प्रभाव परेको छ। खास गरी क्रिश्चियन धर्मका अनुयायी बन्ने होडका कारण उनीहरूले आफ्नो मौलिक परम्परालाई छाडेर क्रिश्चियन धार्मिक विधिलाई नै अनुसरण गर्दा यसले भोलिका दिनमा व्यापक असर पुऱ्याएको छ ।आफ्नो संस्कार संस्कृतिलाई त्यागेर क्रिश्चियन धर्ममा प्रवेश गरेर प्रभाव भएको ।

ग) आर्थिक समस्याले पारेको प्रभाव

अधिकांश धिमालहरू कृषक छन्। कृषिमा आधारित जिवनबाट अहिलेको समयमा आधारभूत आवश्यकता मात्र परिपूर्ति गर्न सकिन्छ। त्यसकारण अहिलेका अधिकांश धिमाल युवाहरू वैदेशिक रोजगारका लागि विदेश पलायन हुन थालेका तुलनात्मक रूपमा आर्थिक सुधारहरू भएको पाइन्छ।धिमाल जातिको विवाहमा दाइजो प्रथाको प्रचलन थिएन। तर विगत २०५० को दशक देखि धिमाल समुदायमा पनि गरिब धनी सबैले छोरीलाई दाइजो दिने प्रचलनको रूपमा संस्कार बसाल्न थाले भने आर्थिक रूपमा सम्पन्न धिमालहरूले ज्यादा खर्च गरी तडकभडक देखाउन थालेको देखिन्छ। धिमाल जातिको विवाह एकदम रित पुऱ्याएर न्युन खर्चमा पनि गर्न सकिन्छ। तर आर्थिक बृद्धिदर भए नभए पनि विवाहलाई खर्चिलो बनाउन थालिएको छ।

घ) शिक्षाको प्रभाव

धिमाल जाति सगम जिल्लाहरूमा बसोबास गरेका छन्।झापा मोरङ्ग र सुनसरी धिमाल जातिको पुख्यौली भूमि हो।नेपालको हरेक दृष्टिले यी जिल्लाहरू विकसित जिल्ला मानिन्छ।यी जिल्लाहरूमा विद्यालयहरू तथा शैक्षिक संस्थाहरू सुगम क्षेत्रहरूमै छन्। धिमालहरूले सहजरूपमा शिक्षा हासिल गर्न सक्दछन्। धिमालहरू शैक्षिक क्षेत्रमा ठिकै छन्। शिक्षाले ल्याएको परिवर्तन सँगै धिमाल जातिको विभिन्न क्षेत्रहरूमा असर पुऱ्याएको छ। विगतमा धिमाल जातिको केटाले मन पराएको कुनै पनि केटी लाई जबरजस्ती भगाएर लाने प्रचलन थियो। तर यो संस्कार अहिले शिक्षाको कारण उन्मुलन भएको छ।शिक्षाको कारण अहिले ढिला विवाह गर्ने प्रचलन आएको छ।शिक्षाको कारण विवाहमा देखिएको नकारात्मक पक्षहरू क्रमश सुधार हुँदै गरेको पाइन्छ।

धिमाल जातिको विवाह संस्कारका संचार, सूचना, आधुनिकिकरण, सहरीकरण, शिक्षा, बसाई सराई, राजनीतिक चेतना, यातायात आदिको कारणले गर्दा धेरै कुराहरूमा परिवर्तन आएको छ। यस्ता तत्वहरूले जब विवाह संस्कारमा परिवर्तन ल्याउँछ त्यसका बाबजुद यसले सामाजिक सांस्कृतिक रूपलाई नै परिवर्तन गर्दछ। यसरी हेर्दा धिमाल जातिले विगतमा के कस्ता विधि तथा पद्धति अपनाएर कसरी विवाह संस्कार सम्पन्न गर्दथे ? कस्तो प्रकारको विवाह बढी प्रचलित थिए ? हाल आएर विवाह संस्कारमा के कस्ता खालका परिवर्तन आइरहेको छन् र त्यसले समाजमा कस्तो प्रकारको प्रभाव पारेको छ ? अन्य सामाजिक

सांस्कृतिक इकाई तथा संस्थाहरू सँग विवाह संस्कार कसरी अन्तरसम्बन्धित भएका छन् ? भन्ने कुराहरूलाई यस अनुसन्धान मार्फत केलाउने प्रयास गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

यो अध्ययन धिमाल जातिहरूको वैवाहिक संस्कारमा आएको परिवर्तन बारे तथा उनीहरूको वैवाहिक परम्परामा आएको परिवर्तनका कारणहरू खोजी गर्ने उद्धेश्यले अध्ययन गरिएको छ ।

क) धिमाल जातिको परम्परागत विवाह र आधुनिक विवाह पद्धतिको बारेमा जानकारी लिनु ।

ख) धिमाल समुदायको वैवाहिक संस्कारमा आएको परिवर्तनको बारेमा अध्ययन गर्नु ।

ग) विवाह पद्धतिमा आएको परिवर्तनले धिमाल समुदायमा के कस्तो प्रभाव पारेको छ सो बारे प्रकाश पार्नु

## १.४ अध्ययनको महत्व

विवाह एउटा सुक्ष्म सामाजिक संस्था हो । प्रत्येक जातजातिमा विवाह गर्ने विधि तथा प्रक्रिया फरक फरक हुन सक्दछन् । धिमाल जातिमा पनि विवाह गर्ने विधि तथा प्रक्रियाहरू फरक फरक हुन सक्दछन् । यसरी धिमाल जातिमा अपनाइने विवाहका परम्परागत मान्यता र प्रचलनहरूलाई वर्तमान समयमा त्यहाँका धिमालहरूले के कति मात्रामा मान्दै आएका छन् र विवाह विधि र प्रक्रियाम आएका परिवर्तन लाई के कसरी हेरिएको छ भन्ने बारेमा विस्तृत अध्ययन गरी सो को जानकारी स्वयं गराउनु आवश्यक भएकोले यो अध्ययनको महत्व रहेको छ । साथै यस जातिको विवाह संस्कारको बारेमा त्यति गहन रूपमा अध्ययन अनुसन्धान नभैरहेको अवस्थामा यस अध्ययनको महत्व स्वाभाविक रहन जानेछ । साथै यस अध्ययनले धिमालको विवाह सम्बन्धि चासो राख्ने व्यक्ति वा संस्थालाई आवश्यक मद्दत र सहयोग पुग्ने देखिन्छ । यस अध्ययनले त्यस समुदायका भावी पुस्तालाई विवाह संस्कारका बारेमा ज्ञान दिलाई थप अध्ययन अनुसन्धान गर्नका लागि पनि आधार हुनेछ भने सिङ्गो राष्ट्रको निमित्त पनि यस अध्ययनले केही हद सम्म फाइदा पुऱ्याउने देखिन्छ । यस अध्ययनबाट नेपालको जनजातिहरूको संस्कृति, परम्परा कुन ठाउँमा कस्तो प्रकारको छ र कसरी त्यसलाई अपनाउने गरिएको छ भन्ने कुरालाई अन्य समुदायको संस्कृति सँग तुलनात्मक अध्ययन गर्नको लागि

पनि यस अध्ययनको महत्व रहने छ । यस अध्ययनको महत्वहरूलाई बुँदागत रूपमा निम्न अनुसार उल्लेख गरिएको छ ।

क) धिमाल जातिको विवाह संस्कारको बारेमा गरिएको अध्ययनको समाजशास्त्री अध्ययनमा सहयोग गर्नेछ । र भावी पिढीलाई आफ्नो विवाह संस्कारको बारेमा जानकारी प्राप्त हुनका साथै थप अध्ययन अनुसन्धान गर्न सहयोग हुनेछ ।

ख) यस अध्ययन मार्फत धिमाल जातिको विवाह संस्कारका विधि तथा प्रक्रियाका बारेमा बुझ्न सकिन्छ र परम्परा, चालचलन, रितिरिवाज, धर्म, संस्कार, संस्कृतिको बारेमा सैद्धान्तिक ज्ञान प्राप्त हुन सकिन्छ ।

## १.५ अध्ययनको सीमा

अनुसन्धान कार्य एउटा जटिल र चुनौतीपूर्ण कार्य हो । कुनै पनि समाजको धर्म, भाषा, संस्कृति, संस्कार आदि विभिन्न पक्षमा अध्ययन अनुसन्धान गर्दा बृहत रूपमा वा विस्कृत रूपमा जानु पर्ने हुन्छ। बृहत रूपमा अध्ययन अनुसन्धान गर्दा लामो समयको साथै बढी मात्रामा स्रोत साधनको आवश्यकता पर्ने हुन्छ। हरेक पक्षलाई दृष्टिगत गर्दा प्रत्येक अनुसन्धानको अध्ययनलाई सीमाबद्ध गर्नुपर्ने हुन्छ । यो अध्ययन अनुसन्धान खासगरी मानविकी संकायको समाजशास्त्र विभागको स्नातकोत्तर तहको आंशिक आवश्यकता पुरा गर्ने उद्देश्यले लेख्न थालिएको हुनाले यसलाई निश्चित समय अवधिमा पुरा गर्नुपर्ने भएकोले समय, स्रोत, साधन र जनशक्तिको आवश्यकतालाई मध्यनजर राख्दै यस अध्ययनलाई निम्न सिमाहरूमा सिमित गरिने छ ।

क) यस अनुसन्धानमा दमक-७ झापा ताराबारी गाउँको धिमाल जातिको मात्र अध्ययन गरिएको छ ।

ख) यस अध्ययनमा धिमाल जातिको विवाह पद्धतिको साथै विवाहमा के कस्ता परिवर्तन आएका छन् त्यो कुरालाई अध्ययन गरिएको छ ।

ग) यो अध्ययन समाजशास्त्रस्नातकोत्तर तहको आंशिक कार्य परिपूर्ति गर्न तयार गरिएको छ ।

# अध्यायदुई

# साहित्यको पुनरावलोकन

## २.१. विवाहको अवधारणा

विवाहमानव जिवनका लागि एक अपरिहार्य आवश्यकता हो। विवाहबाट नै समाजको निर्माण हुन्छ। समजको सबै भन्दा सानो इकाइको रूपमा परिवारलाई लिन सकिन्छ। परिवार हुनका लागि विवाह अनिवार्य मानिन्छ। विवाहको उत्पति मानव सभ्यताको उत्पति र विकासको परम्परासँग जोडेर हेर्न सकिन्छ।यो संख्या आदिम समाजमा जे जसरी रहेता पनि वा इतिहास भएता पनि समयको बदलिदो चरण सँगै यसकोप्रकृति र स्वरूपमा पनि बदलाव आएको देखिन्छ। समाज एउटा परिवर्तनशिल एकाई हो। जब समाजमा परिवर्तन आउछ तब समाजका एकाई वा तत्वहरूमा पनि परिवर्तनआउने गर्दछ। यसरी समाजको परिवर्तन सँगै विाह प्रतिको धारणामा पनि परिवर्तन आएको पाइन्छ। समाजमा विवाहलाई एउटा सुक्ष्म सामाजिक संस्थाको रूपमा लिने गरिन्छ जब संस्था मार्फत नै कुनै पनि व्यक्तिले विवाह सँग सम्बन्धित सामाजिक कार्यहरू गर्ने अनुमति पाउदछ।

विवाहलाई धर्म, जात, भौगोलिक परिवेश, शिक्षा, आर्थिक, विषमता, राजनैतिक, चेतना, बसाई सराई, संचार, यातायात, सांस्कृतिक विविधता आदि कारक तत्वले प्रभाव पारेको हुन्छ। आधुनिकिकरणको विकास सँगै विवाहको स्वरूपमा पनि परिवर्तनआएको देखिन्छ। समाजमा आएको परिवर्तनसँगै विवाहमा पनि परिवर्तन हुनुमा भौतिकवादी दृष्टिकोणलाई मुख्य रूपमा लिने गरिन्छ। यसका अतिरिक्त बाह्य सम्पर्क व्यक्तिगत स्वतन्त्रता, सामाजिक बाह्य सम्पर्क व्यक्तिगत स्वतन्त्रता, सामाजिक नियन्त्रणमा लचकता आदि पनि प्रमुख कारणहरू हुन्। विवाहलाई कसरी परिभाषित गर्ने भन्ने कुरामा सर्वमान्य तथ्यहरू पाउन सकिदैन। विवाहको परिभाषा समाज, संस्कृति, देश, भुगोल, जात धर्म आदि अनुसार फरक फरक किसिमका रहेका छन्।

पश्चिमी देशहरूमा विवाहपुर्व हुने यौन सम्बन्धलाई सामाजिक मान्यता दिइन्छ भने पुर्वी देशहरूमा हिन्दु धर्म अनुसार विवाह पुर्व हुने यौन सम्पर्क लाई अपराध तथा अनैतिक कार्यको रूपमा लिने गरिन्छ। वर्तमान समाजमा समलिङ्गी विवाहले पनि विवाहको परिभाषालाई समस्या पारेको देखिन्छ। यसरी समाज, संस्कृति, अवस्था, परिस्थिति अनुसार विवाहको परिभाषा पनि विविधता रहेको छ।

`। विवाहको शाब्दिक अर्थ लैजानु (वि+वाह=लैजानु) भन्ने हुन्छ, अथवा दुलहाले दुलहीलाई आफ्नो घरमा लैजाने अर्थमा विवाह शब्द प्रयोग भएको पाइन्छ। "जब छोरो १४ - १५ वर्षको लाग्दछ, छोराको लागि बुहारी खोजिदिन बाबु आमा तम्सिन्छन् तर केटी खोज्न उसलाई आफ्नो हाड नाता सम्बन्धित बाहेक हरेक घरमा जान पुरा छुट छ।" (दाहाल, २०३६)

"केटापक्ष र केटी पक्षको सहमति र इच्छाको आधारमा केटाले केटी मन पराएपछि २ बोटल रक्सी, पान सुपारी तथा चुरोट सगुनको रूपमा लिएर केटीको घरमा जान्छन्। जब सम्म केटीका अभिभावकले उक्त सगुनलाई स्विकार गर्दैनन् तबसम्म केटी माग्ने रित पुरा हदुैन।यस प्रकारको सगुन ३ पटक सम्म लाने चलन छ।सगुन स्विकार गरि रितको रक्सी खाए पछि विवाहको पहिलो चरणको कार्य सम्पन्न भए सरह मान्दछन्। त्यसपछि केटी माथि केटाको हक लाग्दछ। कुनै कारणले केटीले आफै अर्के विवाह गरेमा वा केटीका अभिभावकले त्यस केटा सँग केनै कारणले विवाह गरिदिन अस्विकार गरेमो कटोपक्षले जारी खर्चको मागदावी गर्न सक्छन्। विवाह सम्बन्धि पहिलो चरण सम्पन्न भएपछि धिमाल जातिले दुधौली, पँचौली, बेहाइबेहनीको गोरा (रक्सी) माझी, धामी, घरमरुनी, धान्नगो, द्वारा छेउकाली जस्ता बिभिन्न रित बुझाएर मात्र बिहे गरिन्छ।"(रेग्मी, १९६२)

"धिमाल केटा केटी तथा दुवै तर्फका अभिभावकहरू मञ्जुरी भएता पनि १० रित बुझाएर खर्च गरी विवाह गर्ने अवस्थामा केटापक्ष नभएमा हाट बजार वा मेला जात्रामा केहीमानिसको सहयोगमा केटाले केटीलाई भगाई लान्छ। पछि अनुकुल समयमा केटी सन्तान भएपछि पनि विवाह गरिदिने चलन छ। तर यसरी भित्र्याएकी केटी र उसका सन्तान विवाह कार्य नभएसम्म देव कार्य, पितृ कार्य र मृत्यु संस्कारका लागि भने स्विकार्य हुदैनन्। (बिष्ट, २०६४)

करिब दुई दशक अघि प्रकाशित भएका विद्वानहरूको यी पुस्तकले आधुनिक संस्कार र संस्कृतिको विषयमा धेरै कुराहरूलाई परिमार्जन गर्न नसकेता पनि मोटोमाटी जातिय ऐतिहासिक संस्कारलाई भने राम्रै सँग समेटेको पाउन सकिन्छ। यी पुस्तकहरूमा पनि धिमालहरूको विवाहको सम्बन्धमा भने खासै विस्तृत रूपमा उल्लेख भएको पनि पाइदैन। त्यसम पनि आजको परिवर्तित विवाह संस्कार सम्बन्धि कुनै जानकारी पाइदैन। जसले गर्दा परिवर्तित विवाह संस्कार माथि प्रकाश पार्ने स्रोतहरूको अभाव देखिन्छ। हाल आएर केही पत्रपत्रिकाहरू तथा केही लेखकहरूले छोटकरीमा उनीहरूको परिचय तथा आधुनिक संस्कारका बारेमा लेखहरू प्रकाशित गरेका छन्। तर, उनीहको परिवर्तित विवाह संस्कार सम्बन्धि

अध्ययन हुन सकेको छैन । ठाउँ अनुसार धिमालहरूको सांस्कृतिक परम्परा, चाडपर्व, भाषा, रहनसहन, मृत्यु संस्कार र विवाह संस्कारमा केही फरकपन पाईन्छ । (धिमाल, २०६८ प्रकाशोन्मुख)

"वास्तवमा विवाहले दुई प्राणी, दुई परिवार र समुदायको सम्बन्ध स्थापना गर्ने हुँदा यो सबै पक्ष सँग मेल खान सक्ने युवक-युवतीको नै विवाह गराइने हुँदा विवाहका योग्यता सम्बन्धि कुराहरू प्राचीन आचार्यहरूले उल्लेख गरेका छन् भनी दाहालले उल्लेख गरेका छन् । यसरी यी भनाईलाई हेर्दा विवाहले दुई व्यक्तिलाई एक साथ जीवनयापन गर्ने, गृहस्थीको कर्तव्य पुरा गर्ने, सन्तान उत्पादन गरी यो प्रथा परलोकको बाटो सपार्ने र एक साथ धर्मकर्म सम्पन्न गर्ने अवसर दिन्छ । (पेशन दाहल, २०६५)

हिन्दु समाजमा पत्नी विनाको धार्मिक कार्य अपुर्ण मानिने हुनाले विवाह संस्कारलाई सर्वाधिक महत्वका साथ लिइन्छ। सामाजिक जिवनको अविरल प्रवाह,स्नेह बन्धन र सुसङ्गगठित समाजको आधारशिला नै विवाह हो । विाह सम्बन्धमा पुर्वीय र पाश्चात्य अवधरणा बिल्कुल फरक छन् । हिन्दु समाजमा विवाहबाट पुत्र प्राप्त गरी कुल परम्परालाई जोगाएर पितृ त्राण तिर्नु अनिवार्य मानिन्छ। पत्नि बिनाको धार्मिक कार्य पनि अपुर्ण मानिन्छ ।त्यसैले हिन्दु विवाहमा सामाजिक, धार्मिक र नैतिक पक्ष प्रवल रहेको हुन्छ। तर पाश्चात्य समाजमा विवाहलाई दुई व्यक्ति बिचको सम्झौता मानिने भएकाले यसको नैतिक पक्ष कमजोर देखिन्छ ।हिन्दु समाजमा पति पत्नी दुवैले विवाह लाई एक पवित्र बन्धनको रूपमा लिएका हुन्छन् । यो भनाईको मतलब विवाह संस्कारलाई आत्मासाथ गर्ने प्रक्रियाहरू समाज अनुसार फरक फरक हुने गर्दछ। विवाहलाई कुनै समाजले धार्मिक कार्यको रूपमा लिएको र कुनै समाजमा वंशलाई निरन्तरता दिने प्रक्रियाका रूपमा लिएको कुरा उपरोक्त भनाईबाट स्पष्ट हुन्छ ।(श्रेष्ठ, २०५६)

नेपाली, गोपाली सिंह (१९६५) ले उनको पुस्तक ुत्जभ लभधबचकु मार्फत नेपाल समुदायलाई एउटा सिङ्गो संरचना वा प्रणालीको रूपमा लिई त्यस भित्रको अन्य इकाईहरू बिचको सामाजिक कार्य, व्यवहार, अन्तरसम्बन्ध र अन्तरकृयालाई प्रकार्यात्मक दृष्टिकोणबाट विवेचना गरेका छन् । नेपालीका अनुसार विवाह नेवार समुदायका एउटा महत्वपूर्ण संस्था हो । अफ्नो वंशको निरन्तरता दिन अनि सामाजिक तथा आर्थिक कार्यलाई पूर्णता प्रदान गर्न विवाह गर्दछन् भनेर उल्लेख गरेका छन् । यसको मतलब विवाह बाट हामीले हाम्रो कुल वंशलाई निरन्तरता दिई मानव जातिले यस पृथ्वीमा मानव अस्तित्वलाई कायम राखिराख्न सक्दछौ ।

ढुंगेल, राममणि (२०५०) का अनुसार मानव समाजमा पुरुष र स्त्रीको आपसी सम्बन्ध जुटाई एक आपसमा माया प्रितिको भावना जगाउदै समाजमा लोग्ने र स्वास्नीको रूपमा स्थापित हुन गरिने क्रियाकलाप वा प्रक्रियालाई विवाह संस्कार भनिन्छ। ढुंगेलले चेपाङ्ग समुदायको अध्ययन गरी त्यस जाति को विवाह संस्कारको बारेमा विश्लेषण गरेका छन्। उनले चेपाङ्ग जातिमा मागी र प्रेम गरी दुई प्रकारले विवाह हुने गरेको कुरा उल्लेख गरेका छन्। हामी यि उल्लेखित कुराबाट के बुझ्छौ भने विवाह भनेको एउटा सामाजिक मुल्य मान्यता प्राप्त तथा सामाजिक स्विकार्यमा केटा र केटी बिचको यौनिक क्रियाकलाप हो। यस्तो सम्बन्धलाई समाजमा कानुनी रूप दिई स्थापित गरिएको हुन्छ।

अर्याल, कृष्णराज (२०६७) का अनुसार विवाहलाई शास्वत र विस्तृत अर्थमा अभिव्यक्त गर्ने हो भने संसारका प्रत्येक वस्तुको सृष्टिको प्रक्रियालाई नै विवाह अन्तर्गत राख्न सकिन्छ। विवाह भन्नु नै स्त्री पुरुषको विकास र विस्तारको सुक्ष्म विलक्षण तन्व मात्र हो र यी माध्यम नियमित स्विकृत र पवित्र मिलन पनि हे।अर्यालले मनुका अनुसार विवाह संस्कारका निम्न प्रकारहरू हुन्छन् भनेर उल्लेख गरेका छन्।

## २.२ विवाहका प्रकारहरू

विवाहका प्रकारहरूलाई यस प्रकार उल्लेख गरिएको पाइन्छ।

**१. संख्याको आधारमा :**

क) एकलगामी विवाह

ख) बहुपत्नी विवाह

ग) बहुपती विवाह

घ) समुह विवाह

संख्याको आधारमा धिमालहरूको विवाहलाई एकल गामी विवाह, बहुपत्नी विवाह, बहुपत्नी विवाह र समुह विवाह छुट्याउन सकिन्छ। यिनीहरूलाई तल वर्णन गरिएको छ।

क) एकलगामी विवाहः एक जना धिमाल केटा वा केटीले आफूले रोजेको वा मन पराएको एक जना सँग बिहे गर्ने चलनलाई एकलगामी विवाहको रूपमा लिन सकिन्छ। अहिले यो विवाह चाहि मगनी विवाह सँगै चलन चल्तीमा पाईन्छ।

ख) बहुपत्नी विवाहः एक जना धिमाल केटाले पहिला एक जना सँग विवाह गरिसके पछि पनि धेरै धन सम्पत्ति हुने धनी मानी परिवारमा फेरि अर्को विवाह गर्न दबाब आएमा अर्को श्रीमती पनि ल्याउने चलन यदाकदा पाईन्छ। त्यस्तो खालको विवाह गर्ने प्रथा नै बहुपत्नी विवाह हो। यो प्रथा पहिला थियो तर अहिले चलन छैन।

ग) बहुपति विवाहः कुनै पनि महिला धिमाल गाउँमा एकपटक विवाह गरिसके पछि कथमकदाचित श्रीमान्को मृत्यु भएमा र आफ्नो पनि खाउँ लाउ उमेर हुँदा लामो जिवन बिताउनको लागि आफु सुहाउँदो उमेरको भइसके श्रीमती मरेको केटा वा अरु त्यस्तै सँग विवाह बन्धनमा बाधिन पुग्दछन्। त्यस्तो विवाहलाई बहुपति विवाहको रूपमा लिन सकिन्छ। यो विवाह पहिला धिमाल बस्तीमा पाइन्थ्यो यसले महिलाको वैवाहिक अधिकारको सुनिश्चित गरेको थियो र कुनै पनि महिला पहिला विधुवा भएर गाउँमा बस्नु पर्दैनथ्यो।

घ) समुह विवाहः पहिला धिमाल गाउँमा विवाह गर्दा छ दिन सात रात खुवाउने चलन भएकोले विवाह गर्नु साह्रै महँगो हुन्थ्यो। सबैले सजिलै सँग बिहे गर्न सक्दैनथ्यो। पहिला आफुले मन परेको केटी घरमा भित्र्याउने बच्चा बच्चीहरू ठूला ठूला हुने गर्दथ्यो। पछि परिवारमा कुनै सदस्यको बिहे भएको बेला बुबा आमाको बिहे, छोरा छोरीको बिहे लगायत परिवारको बिहे खुवाउन बाँकी रहेको सबै सदस्यको बिहे एकै चोटी समुहमा नै खुवाउने गरिन्थ्यो। सबैलाई टिका टालो दान दक्षिणा दिने चलन थियो। यसैलाई समुह विवाह भनिन्छ। तर यो चलन अहिले अभ्यासमा पाईदैन।

२. प्रचलनको आधारमा

- क) सजातीय विवाह
- ख) विजातीय विवाह
- ग) नातागोता विवाह
    - अ) कुलिन विवाह
    - आ) प्रतिलोम विवाह
    - इ) साली विवाह
    - ई) मामा चेला फूपु चेली विवाह

प्रचलनको आधारमा सजातीय विवाह, विजातिय विवाह नातागोता विवाह भएता पनि धिमाल समुदायमा विजातिय विवाह र साली विवाह मात्र पाईन्छ । अन्य विवाहहरू धिमालको चलनमा पाईदैन ।

**विजातिय विवाह**

धिमाल समुदायमा केटाले केटीसँग वा केटीले केटासँग आफुले मन परापर भएकालाई रोज्न पाउने विवाह नै विजातिय विवाहका रूपमा लिन सकिन्छ ।

**साली विवाह**

धिमाल समुदायमा कुनै कारण वश श्रीमतीको मृत्यु भएमा आफ्नो छोरा छोरी हुर्काउन र घर व्यवहार सम्हाल्नको लागि अरु केटि लाई ल्याउनु भन्दा आफ्नो सालीलाई ल्याउँदा घर व्यवहार राम्रो हुने हुँदा सालीलाई विवाह गर्ने चलन पाईन्छ । त्यस्तै गरी घरमा धेरै काम व्यवहार भएमा ठूलो व्यापार व्यवसाय चलाउन जनशक्तिको आवश्यकता भएमा वा श्रीमान्ले अर्को विवाह गर्न इच्छा देखाएमा श्रीमतीले पनि अरुलाई ल्याउनु भन्दा मेरै बहिनीलाई ल्याउनुस भनि स्युकृति दिएमा सालीसँग विवाह गर्ने चलन छ ।

सजातिय विवाह, नातागोता विवाह, कुलिन विवाह, प्रतिलोम विवाह र मामा चेला र फुपु चेली यो चाहि प्रचलनमा नरहेको पाईयो ।

३. विवाहका आधुनिक स्वरूप तर कम प्रचलित

क) सम लिङ्गी विवाह

ख) अदालती विवाह

ग) प्रेम विवाह

विवाहका आधुनिक स्वरूपमा पर्ने समलिङ्गी विवाह, अदालती विवाह र प्रेम विवाहमा समलिङ्गी विवाह धिमाल समुदाय भित्र अभ्यासमा पाईदैन ।

अदालती विवाहः विशेष गरेर पढेलेखेका शिक्षित युवा युवतीहरू प्रेम सम्बन्धमा बाधिए पछि छुट्टिन चाहादैन तर कहिले काहि पारिवारिक दबाब र आर्थिक अवस्थामा असमानताले गर्दा केटा र केटीलाई छुट्याउने प्रयासहरू गरिन्छन् त्यसताका केटा र केटी छुटिन नसक्दा नेपालको कानुन बमोजिम अदालतमा गएर अदालती विवाह गर्ने चलन पाईन्छ ।

प्रेम विवाहः कुनै पनि केटा र केटी समान उमेर बिच समान व्यवसाय कार्य अथवा कार्य क्षेत्रमा हुँदा वा एक अर्काको आवश्यकता कामी दुई बिचमाई सहमत गरी परिपुति गर्न सक्छौ भनि एक अर्कामा विश्वास गरि बाचुन्जेल सँगै बस्ने सँगै मर्ने कसम खाँदै जिन्दगीको गोरेटोमा हिड्ने विवाह नै प्रेम विवाह हो ।

४. हिन्दु धर्म अनुसार विवाहका स्वरूप

हिन्दु धर्म अनुसार विवाहलाई एक धार्मिक आवश्यकताको रूपमा मानिन्छ। सोह्र संस्कारमध्ये हिन्दु धर्ममा विवाहलाई एउटा पवित्र संस्कारको रूपमा मानिन्छ। विवाह आत्माशुद्धि र सन्तान उत्पादनको लागि गरिने भएता पनि हिन्दु धर्मग्रन्थमा यसको भेद विविध रहेको छ ।

क) ब्राम्हण विवाहः ब्राम्हण विवाह भनेको एक प्रकारको दान हो । यस विवाहमा निम्न कुरको आवश्यकता पर्दछ । १) आमा बुबाको स्वीकृति २) विवाह संस्कार र ३) दाइजो दिनु । सबै प्रकारका विवाहहरू मध्ये यसलाई सर्वश्रेष्ठ मानिन्छ । शिव र पार्वतीको विवाह यसै बिधि अनुसार भएके थियो ।पहिले पहिले ब्राम्हणहरूमा मात्र यो विवाह हुन चलन थियो । तर आज भोलि प्राय सबै जातिमा यो विवाह हुने गर्दछ ।

ख) दैव विवाहः यसप्रकारको विवाह गर्नुभन्दा कन्याको बाबुले एउटा यज्ञको व्यवस्था गर्दछन् । अनि यज्ञ कार्यका लागि अनेक योग्य र अविवाहित पुरोहितहरूलाई आमन्त्रित गरी सो यज्ञ पुर्ण गरिन्छ। कुशलतापूर्वक यज्ञ सम्पन्न गर्ने क्षत्रिवंशलाई आफ्नी कन्यालाई पिताले कन्यादान गर्दछ। यस्तो विवाहको विशेषता के हो भने वर खोज्न भौतारिनु पर्दैन। यस विवाहमा आर्थिक स्वतन्त्रता, गौरवपूर्ण सामाजिक स्थिति र वौद्धिक मैत्री हुने भएकोले एउटा महत्वपूर्ण विधान पनि मानीन्छ ।

ग) आर्य विवाहः यो विवाहको चलन ऋषिहरूमा छ ।साधारणतया ऋषीहरूमा वैवाहिक सम्बन्ध गास्ने परम्परा थिएन । तर यदि कुनै ऋषिले विवाह गरे भने कन्याका पिताले एउटी गाई वा गाई गोरु दुवै धर्मकार्यको लागि प्राप्त गरेर धार्मिक विधिपुर्वक कन्यादान गर्दथे ।

घ) प्रजापत्य विवाहः यस विवाहमा वर र कन्यालाई सँग सँगै यज्ञशालामा राखी आदरपुर्वक आदेश दिइन्छ। दुवैले मिलीजुली धर्मको आचरण गर्न र दुवैको दाम्पत्य जीवन समृद्धिशाली र सुखी होस् ।यस विवाहको खास तात्पर्य सन्तान उत्पादन गर्नु हो ।

ङ) आसुरी विवाहः बन्धुहरू तथा कन्यालाई यथाशीकत शुल्क दिएर स्वेच्छापूर्वक कन्यालाई स्वीकार गर्नु आसुर विवाह हो ।

च) गान्धर्व विवाहः कन्या तथा वरको प्रेमस्वरूप यो विवाह हुन्छ । उनीहरूको इच्छाअनुसार परस्पर मिलन भई गुप्त रूपले सहवास समेत गरी विवाह गर्नु गान्धर्व विवाह हो ।

छ) राक्षस विवाहः नमानेर सहायताको लागि रुनु, कराउनु गरिरहेकी कन्या एवं कन्या पक्षलाई समेत घाउचोट हुनेगरी बलपुर्वक हरण गरी ल्याउनु राक्षस विवाह हो ।

ज) पैशाच विवाहः एकान्तमा सुतेकी वा मदिरा आदिको सेवनले मत्त भई अस्थिर चित्तसमेत भएकी कन्यलाई मैथुन गरी ल्याउनु पैशाच विवाह हो ।(सुवेदी,२०७१)

## २.३ परम्पारगत विवाहका विशेषताहरू

### चोरी विवाह

यस विवाहमा केटाले केटीलाई जारी मेलामा हाट बजारमा, बाटोघाटोमा हेरेर, भेटी मन परेमा माग्ने कुरा चलाउथ्यो । यदि कहिल्यै पनि केटीका आमा र बुबालेछोरी नछोडिदिएमाकेटाले आफ्नो साथी दौतरीहरूलाई लिएर केटीलाई बाटोमा भेटेका बेला, माछा मार्न गएको मौका पारी, केटीलाई फकाएर काँधमा हाली भगाएर लैजाने र लुकाउने चलन थियो । पछि गाउँटोल समाज भेला पारी पुनः माझी मुखियाले केटी राजी छ कि छैन भनि सोध्ने चलन हुन्थ्यो । यदि केटी म राजी छ भनिदिए मा केटा र केटी तर्फको रिती र परम्परा अनुसार विवाह गरिदिने चलन र रित लिई दिने चलन हुन्थ्यो तर केटीले म बिराजी छु, मैले नचाहँदा नचाहँदै केटाले बोकी भगाएर लगेको हो भनि दिएमा केटालाई समाजका मुखिया माझीहरूले पिटेर सजाय दिने चलन हुन्थ्यो । त्यस पछि दण्डजरिवाना केटालाई गरि केटीलाई केटा बाट छुटाएर लैजाने चलन हुन्थ्यो । त्यसपछि अर्को केटा सँग विवाह गरिदिने चलन हुन्थ्यो ।

### सुपारी विवाह

सुपारी विवाह अनुसार केटाले आफ्नो आमा बुबासँग सोधी सल्लाह गरी गाउँका आफ्ना साथीभाइहरूलाई लिएर आफ्ना मन परेको केटीको घरमा केटी हेर्न जानुपर्छ। केटाका साथीभाइहरूले केटीको बाबा र आमालाई हामी तपाईको छोरी हेर्न आएका हौ भन्दछन् । केटीलाई सुपारी लिनका लागि फकाउने गर्दछन् । यदिकेटीले चुप लागेर बसेमा केटालाई मन

पऱ्यो भनि संकेत बुझी तत्कालै केटीलाई हात समातेर केटाले लैजाने चलन थियो । अनि पछि केटाको आमा बुबाले केटीको घरमा विवाहको लागि सल्लाह गर्न आउने चलन हुन्थ्यो । दुवै पक्षले तिथि, मिति तोकी गाउँले समाजलाई बोलाएर बिहे खुवाउने चलन थियो । त्यसताका केटी बिराजी हुँदा हुदै पनि केटा पक्षले केटीको बोनाको पोल्टामा सुपारी राखिदिई केटीलाई तानेर लैजाने चलन थियो । यस्तो चलन नराम्रो भएका कराणले नै माझीहरूले २००९ सालमा भेला भई यस्तो नराम्रो रिती केटी माग्ने चलनमा रोक्ने नियम बनाएका थिए । यस प्रकारको विवाह अहिले धिमाल गाउँ समुदायहरूमा छैन । यो चलन अहिले हराइसकेको छ ।

**केटालाई घर ज्वाई राख्ने**

यदि केटीको आमा बुबाको छोरा छैनन भने आफ्नो छोरीलाई फकाएर राम्रो काम गर्ने केटालाई खोजी केटाले बुबा र आमासँग सल्लाह गरी केटालाई घरमा ल्याएर एक वर्ष उसको काम गरेको हेरी एक वर्ष पछी घर खानको लागि छोरी विवाह गरि दिने चलन हुन्थ्यो । यस्तो विवाह गर्दा केटीको बाबु र आमाले नै सम्पूर्ण खर्च बेहोरिदिनु पर्ने हुन्थ्यो । केटीलाई आफ्नै वंशमा केटाले राख्ने पाउने तर केटीको आमा र बाबालाई जिन्दगी भर आफ्नै आमा र बाबा जस्तो गरी पाल्नुपर्ने हुन्थ्यो ।(धिमाल, २०६६)

## २.४ आधुनिक विवाह र परम्परागत विवाहमा भिन्नता

आधुनिकिकरण भन्नाले समाज विकासको अवस्थालाई बुझ्न सकिन्छ । जसमा समाज कृषिबाट औद्योगिक विकास तर्फ, साधारण प्रविधिको स्तरबाट कुशल र विशिष्ट प्रविधिको तहमा पुग्दछ ।समाज र संस्कृति परिवर्तनशिल छन् । त्यसैले समाजमा रहेका सामाजिक विभेदहरू, रुढीबाढीहरू, दमनहरू हट्दै गई शोषण र दमनबाट समाज प्रजातान्त्रिक र बहुदलवादी मान्यतामा विश्वास राख्ने तहमा पुग्दछ । धार्मिक कट्टरता, जातिय मौलिकता जस्ता प्रचलन हटी सहअस्तित्वको र भातृत्वको विकास भएको हुन्छ ।यसलाई नै आधुनिकिकरणको प्रकृया भन्न सकिन्छ । (बोन्गार्ज र दाहाल, २०५४)

"बढ्दो आधुनिकिकरणको प्रभाव नेपालका विभिन्न आदिवासी जनजातिमा प्रत्यक्ष पर्न थालेको छ । आधुनिक प्रभावमा युवा बर्गले खासगरी लवाई, खवाई तथा परम्परागत घर निर्माण गर्न पद्धतिलाई नयाँ ढंगले गर्न सकेको पाइन्छ । जस्तै परम्परागत रुमा सिकार गर्न,धनुकाड चलाउने जस्ता कार्य यतिवेला स्थगित नै गरिए जस्तो लाग्छ । यस्तै आधुनिकिकरणले धिमाल समुदायको परम्परागत विवाह संस्कारमा पनि थुप्रै विधि तथा संस्कार

परिमार्जन गरिएको पाउछौ । जस्तै वयल गाडामा जन्ति जाने, जन्ति जाँदा विभिन्न परिकारहरू उपहार स्वरूप लाने तथा सांस्कृतिक कार्यमा अनिवार्य रूपमा आफ्नो जातिय पहिरनको प्रयोग गर्ने शैलीमा परिवर्तन आएको पाउन सकिन्छ । (दाहाल, २०३६)

धिमाल जातिको सामाजिक परम्परा अनुसार विवाह परम्परा आफ्नै किसिमको छ । पहिला पहिला केटाले केटीका आमा बुबालाई खुशी पार्नका लागि शिकार खेलिदिनु जाने, हलो जोति दिने, घरको काममा सघाइदिने, राम्ररी बोलीचाली गरिदिने केटीको बा र आमालाई खुशी पार्ने चलन देखिन्थ्यो । केटीको बुबा र आमालाई पनि यो केटाले हाम्रो छोरीलाई पाल्न सक्छ काम गरी खुवाउन सक्छ भन्ने लागेपछि छोरीलाई फकाएर दिने चलन थियो ।(धिमाल, २०६६)

## २.५ धिमाल जातिको विवाह पद्धति

दाहाल (२०३६) हिन्दु विवाह विशुद्ध धार्मिक अनुष्ठानहरूको कार्यान्वयन पछि स्थापित हुने दुई व्यक्ति, दुई परिवार दुई गोत्र वा कुटुम्बक बिचको चिरस्थाई सम्बन्धहो । यो सामाजिक संस्था नभएर परिवार रूपी सामाजिक संस्थाको एउटा अभिन्नअंग मात्र हो । विवाहको शाब्दिक अर्थ लैजानु (वि+वाह=लैजानु) भन्ने हुन्छ , अथवा दुलाहाले दुलहीलाई आफ्नो घरमा लैजाने अर्थमा विवाह शब्द प्रयोग भएको पाइन्छ । जब छोरो १४-१५ वर्षको लाग्दछ, छोराको लागि बुहारी खोजिदिन बाबुआमा तम्सिन्छन् तर केटी खोज्न उसलाई आफ्नो हाड नाता सम्बन्धित बाहेक हरेक घरमा जान पुरा छुट छ ।(रेग्मी, १९७२)

केटापक्ष र केटी पक्षको सहमति र इच्छाको आधारमा केटाले केटी मन पराए पछि २ बोटल रक्सी, पान, सुपारी तथा चुरोट सगुनको रूपमा लिएर केटीको घरमा जान्छन् । जबसम्म केटीका अभिभावकले उक्त सगुनलाई स्विकार गर्दैनन् तबसम्म केटी माग्ने रिट पुरा हुदैन । यस प्रकरको सगुन ३ पटक सम्म लाने चलन छ ।सगुन स्विकार गरि रितको रक्सी खाए पछि विवाहको पहिलो चरणको कार्य सम्पन्न भए सरह मान्दछन् । त्यसपछि केटी माथि केटाको हक लाग्छ । कुनै कारणले केटीले आफै अर्के विवाह गरेमा वा केटीका अभिभावकले त्यस केटासाग कुनै कारणले विवाह गरिदिन अस्विकार गरेमा केटापक्षले जारी खर्चको मागदाबी गर्न सक्छन् । विवाह सम्बन्धि पहिलो चरण सम्पन्न भएपछि धिमाल जातिले दुधौली, पाँचौटी, बेहुलाबेहुलीको गोडा (रक्सी) माझी, धामी, घरमरुनी धान्नगो, द्वारा छेकाउली जस्ता विभिन्न रित बुझाएर मात्र बिहे गरिन्छ ।(बिष्ट २०६४)

धिमाल केटा केटीतथा दुवै तर्फका अभिभावकहरू मञ्जुर भएता पनि १०रितहरू यसप्रकार छन् ।

१) **माइसाका रित (जन्तीहरू बिसाउने निमय)**

जन्तीहरू बेहुलीको घर छेउमा पुग्न लाग्दा रक्सी चुरोट खाई, तमाखु खाई बिसाउने चलन छ । त्यसपछि बेहुलीको घरमा जन्तीहरू आइपुग्यो भनी थाहा हुन्छ । त्यसपछि बेहुलीको घरमा जन्तीहरूलाई बाटो छेक्ने चलन छ । बाटो छेक्दा बुढापाकाहरू युवाहरूले छेक्ने चलन छ । युवतीहरूले स्वागत गरी ढोकामा टिका अक्षता लिई बस्ने चलन छ । बेहुलालाई टिका अक्षताले युवतीहरूले पर्सिने चलन छ ।

२) **बाजालाई दामा रुहुका रित (केटाहरूले बाटो छेक्ने रीत)**

पहिलो लहरमा केटाहरूले जन्तीहरू लाई बेहुलीको घर छेउमा बाटो छेक्दछन् । केटाहरूलाई बाटो छेक्ने रित दस्तुर स्वरूपमा बेहुला तिरका जन्तीहरूले रु. ५ “ना टाका” बुझाउनु पर्छ । केटातिर र केटीतिर दुई बोटल रक्सी साटासाट गर्नुपर्दछ ।

३) **बाराङगेलाई दामा रुहुका रीत (बुढापाकाहरूको बाटो छेक्ने रीत)**

जन्तीहरूले बुढापाकाहरूको बाटो छेक्ने रीत स्वरूप रु ५ बुझाउनु पर्छ । त्यसपछि एक ध्याम्पो घिन्सिङ रक्सी र एक बोटल रक्सी साटासाट गर्नुपर्छ । त्यसवेला बेहुलीतिरका मान्छेहरूलाई थोदारा तमाखु तान्नु दिनुपर्छ ।

४) **बेजालाई दामा रुहुका रीत (केटीहरूले बाटो छेक्ने रीत)** :

केटीहरूले बेहुला र जन्तीहरूलाई स्वागत गर्नका लागि बेहुलीको घर छेउको बनाएको ढोकामा मुछेको रातो अक्षता, चामल लिएर बसेका हुन्छन् । जब बेहुला, जन्तीहरू छेउमा आउछन् तब केटीहरूले टिका, चामलले पर्सिन्छन् । त्यसपछि केटीहरूको बाटो छेकेको दस्तुर स्वरूप जन्ती तिरकाहरूले रु १० तिर्नुपर्छ । एक ध्याम्पो घिन्सिङ र रक्सी र एक बोटल रक्सी साटासाट गर्नुपर्छ ।

५) **कान्ताका चुकाइका रीत**

यो रीत बुझाउनको लागि केराको पात माथि चेराकमा आगो बाली, आगोलाई साक्षी राखी बेहुलीको बाबुलाई बेहुलाको तर्फबाट एक बोटल रक्सी रु २ कान्ताका दस्तुर बुझाउनु पर्छ । यो बेला बेहुलाको बाबु र बेहुलीको बाबु दुवैले समाजलाई नमस्कार, ढोक गरी बुझाउनु

पर्छ । बेहुलातिरबाट कान्ताका गोरा बेहुली पक्षलाई बुझाई सकेपछि बेहुली पक्षमा बिहे खान आएका समाजलाई खुवाउनु पर्छ ।

**६) दुधाउली रीत (आमाले छोरीलाई दुट खुवाएर हुर्काए वापत तिर्ने रीत)**

बेहुलीलाई आमाले जन्म दिई दुध खुवाएको, हुर्काएको, बढाएको स्याहार सुसार गरेको स्वरूप टोका गोरा रु २ दुधाउली रीत दस्तुर बुझाउनु पर्छ ।

**७) धामी माझीको रीत**

धामी माझीको रीत स्वरूप बेहुलातिरबाट एक एक बोटल रक्सी, अनि धामी माझीको रीत स्वरूप एक बोटल निघार बुझाउनु पर्छ ।

**८) धानाकाउरी रीत**

धानाकाउरीको लागि बेहुलीको गाउँका केटाहरूलाई रीत स्वरूप७ सुपारी, ७ पैसा र एक बोटल रक्सी बेहुलातिर बाट बुझाउनु पर्छ ।

**९) पञ्चको रीत**

पञ्चको रीत स्वरूप बेहुलातिरबाट बेहुलीतिरका पञ्चहरूलाई रु ५ र एक बोटल रक्सी बुझाउनु पर्छ ।

**१०) बेहुलाको घरमा बेहुली भित्र्याउने र बिहे रीतः**

बेहुलाको घरमा बेहुली लिएर पुऱ्याइन्छ, त्यसपछि खाटमा घोक्रा विस्याएर, तन्ना ओछ्याएर त्यसमा बेहुलीलाई बसाउनु पर्छ । त्यसपछि बेहुलाको घरका आमा, दाजु र आफन्तहरू साथै गाउँलेहरूबाट टिका लगाई दिएर आशिष को साथ दान दक्षिणा दिनु पर्छ । त्यसपछि बिहेमा आएका गाउलेहरू र समाज तथा आफन्तहरूलाई एक ध्याम्पो, एक बोटल बेहुली भित्रयाएको खुवाउनु पर्छ । त्यसबेला यदि केटा र केटीको साईनो नजीकको भएमा पाप नलागोस भनी उपस्थित समाज, माझी वाराङ्गलाई बसाएर सानो चल्लाको घाँटी निमोटेर लोटामा राखेको पानीसँग रगत चुहाएर एक रूपैया राखी सबैलाई लोटाको पानी बाँडी दिएर उल्टो गरी पानी फाल्नु पर्छ । त्यसपछि मात्र बेहुलाको घरमा बिहे भतेर बेहुलीको हातबाट दाल बाँडेर शुरु हुन्छ । त्यसपछि एक ध्याम्पो, एक बोटल र रु ५ समाजलाई दिएर बिदाई रक्सी खुवाएर विदा गर्नु पर्छ । (धिमाल, २०६८)

केटा पक्षबाट थालमा सुपारी, चुरोट बिडी, २ बोटल रक्सी राखी केटाके बाबा र केटीको बाबाले आज देखि हामी सम्धी सम्धीनीको नाता जोड्न लाग्दैछौ भनी समाजमा उपस्थित महानुभावहरूलाई साक्षी राखी नमस्कार गर्नुपर्छ। अनि केटीको बाबाले गाउँ समाजमा आफ्नो पक्षको बाोलाएका उपस्थित महानुभावहरूलाई आज मैले छोरी छोडिदिँए, छोडिदिएको रक्सी खाइदिँदैछु "विहाई बेहेनीको गोरा आमप्याङक्या नेउ" भनि भन्नुपर्छ।(धिमाल, २०६६)

## २.६ विवाह पद्धतिमा आएको परिवर्तन

विवाह एउटा परिवर्तनशिल सामाजिक संस्था हो। विवाह संस्कारलाई हेर्ने हो भने परिवर्तन सँगै विवाह पद्धतिलाई हेर्ने अवधारणा विकास भएको पाइन्छ। हिजो परिवार जातिय व्यवस्थामा संस्कार मुलक ढंगले चलेको विवाहलाई आज राज्य व्यवस्थाले कानुनी रूपमा रूपान्तरण गर्न थालेको छ। सामाजिक संस्थाहरूको विस्तार र परिवर्तन तथा राज्य व्यवस्थाका परिवर्तन कानुनी प्रक्रिया र नीति अनुसार विवाह संस्कारमा पनि परिवर्तन आएको छ। परम्परागत विवाह पद्धतिमा परिवर्तन आएको छ। जसरी पहिले रित लिने र दिने जबरजस्ती विवाह, मागी विवाह, चोरी विवाह, जारी विवाह जस्ता बिवाह पद्धति थिए। आमा बुबाले हेरेको केटा वा केटी सँगै विवाह गर्न बाध्य पारिन्थ्यो , आमा बुबाको रोजाइनै आफ्नो रोजाइ हुने गरेको पाइन्थ्यो भने अहिले आएर यस्ता विवाह पद्धतिमा परिवर्तन आएको पाइन्छ। अहिले अएर केटा र केटीको रोजाइमा आत्र विवाह हुने गरेको पाइन्छ। जबरजस्ती विवाह, चोरी विवाह, भाउजु बेहोर्ने, जस्ता विवाह भने नरहेको पाइन्छ भने धेरै वटा श्रीमती ल्याउने प्रचलनमा भने कमी आएको पाइन्छ। रित लिने दिने प्रचलनमा पनि परिवर्तन आएको पाइन्छ। अहिले आएर भने मागी विवाह, प्रेम विवाह अदालती विवाह जस्ता प्रचलनमा रिह आएको पाइन्छ। पहिले पहिले अन्तरजातिय विवाहलाईसमाजमा कलंक वा नराम्रो मानिन्थ्यो भने अहिले आएर यसविवाहलाई समाजले सहजै स्विकार गर्ने गरेको वा राज्यबाट नै प्रोत्साहन गरिरहेको अवस्था छ। यमयको परिवर्तन सँगै मानिसको सोचाइमा परिवर्तन आएको पाइन्छ जसले गर्दा विवाह पद्धतिमा पनि आधुनिकता भित्रीदै गएको पाइन्छ।

धार्मिक अनुष्ठान,पुजापाठमा ब्राम्हण पुरेत चलाउने, तिथिमिति साइत हेराउने, अन्य समुदायको विवाह संस्कारमा सहभागिता हुने, रामायण महाभारत जस्ता धार्मिक ग्रन्थलाईनाटकमा रूपान्तरण गर्ने जस्ता कार्यले गर्दा उनीहरूको मौलिक संस्कारमा क्रमैसँग परिमार्जन हुदै गएको पाइन्छ। त्यसपछि देशमा विकास निमार्णको कार्यले गति लिन थाले पछि

झन उनीहरूको मौलिक संस्कारमा बृहत परिवर्तन भयो । तराईमा पुर्व पश्चिम राजमार्गको निर्माणले गर्दा उनीहरूको दैनिक जीवनयापन समेत प्रत्यक्ष प्रभाव पऱ्यो ।(दाहाल, २०३६)

कसैको स्वास्नीलाई अर्के व्यक्तिले विवाह गरेर लैजानुनैजारी विवाह हो । पुरानो चलनअनुसार जारी विवाहमा अर्काको स्वास्नी लाने जारले जरिवाना स्वरूप समाज राखेर त्यो समाजले निर्णय गरे अनुसार वा जारले मागे बमोजिम रूपैया पैसा तिर्नु पर्दथ्यो । कहिले काही त दुवै पुरुष बिच झगडा भएर यसले ठूलै रूप लिन सक्दथ्यो भने हाल आएर जारी विवाह प्रथा विकृतिको रूपमा लिदै यसलाई हेय र असमजिक कार्य भनी धेरै व्यक्तिले नकारात्मक दृष्टिकोणले हेरेको पाइयो । आधुनिकिकरणको प्रभावले गर्दा कतिपय धिमालहरूले आफ्नी श्रीमती अर्कासँग गइसकेमा ऊप्रति कुनै किसिमको उजुरी पनि नगर्ने र जारसँग रूपैया पैसा असुल गर्न नचाहेको साथै जारलाई छोडेर फेरि पनि आफुसँग आउन चाहेमा त्यस्ता महिलालाई आफुले नल्याउने बरु अर्के केटी खोजेर घरजम गरि बस्ने राय व्यक्त गरेको पाइयो । (स्थलगत सर्वेक्षण, २०६९)

## २.७ विवाह पद्धतिमा आएका परिवर्तनका कारण र परिणामहरू:

विवाह संस्कार सामाजिक संस्था मध्ये एक महत्वपूर्ण संस्था हो । जहाँ बसेर मानिसले आफ्नो बैचारिक दामपत्य जीवन संचालन गर्ने गर्दछ । विवाह समाजलाई संचालन गर्ने विभिन्न सामाजिक संस्थाहरू मध्ये एक प्रमुख संस्था हो । यि  विभिन्न सामाजिक संस्थाहरूकको सही प्रकार्यबाट नै समाज सही रूपमा अगाडि बढ्दछ । यी विभिन्न संस्थाहरूले समाजमा एकै किसिमले तथा एकै नासले प्रकार्य गरेको हुदैन । समयको परिवर्तन सँगै यि संस्था तथा संस्कारहरूमा पनि परिवर्तन आउने गर्दछ । यसरी परिवर्तनहुदा सोही अनुरूप प्रकार्य पनि हुनुपर्दछ ।

विवाह संस्कारलाई हेर्ने हो भने समाजको परिवर्तन सँगै विवाहलाई संस्कार मुलक बाट करार मुलक दृष्टिकोणले हेर्ने अवधारणा विकास भएको पाइन्छ । हिजो परिवार जातिय व्यवस्थामा संस्कार मुलक ढंगले चलेको विवाहलाई आज राज्य व्यवस्थाले कानुनी रूपमा रूपान्तरण गर्न थालेको छ ।सामाजिक संस्थाहरूको विस्तार र परिवर्तन तथा राज्य व्यवस्थाका परिवर्तन कानुनी प्रक्रिया र नीति अनुसार विवाह संस्कारमा पनि परिवर्तन आएको छ । जब देशमा राज्यको व्यवस्था विकासको प्रभाव सामाजिक तथा पारिवारिक जीवनमा पर्न जान्छ तब विवाह पद्धतिमा समेत राज्यको दायित्व बढनेछ । विवाह संस्कारमा परिवर्तन आउनुमा

आधुनिकीकरणको विकस पश्चिमीकरणको प्रभाव, परसंस्कृति ग्रहण, उत्पादन प्रक्रियाको तरिकामा परिवर्तन आउनु, घर भन्दा बाहिरको कार्यमा संलग्न पेशा, शिक्षा, रोजगार, व्यापार, यात्रा आदिमा गतिशिलना बढ्नु, सामाजिक हेलमेल राख्नु, अन्तरसम्बन्धको दायरा फराकिले हुनु । विज्ञान तथा प्रविधिमा विकास र विस्तार, राजनीतिक प्रभाव, परम्परागत मुल्य, मान्यता, व्यवहार र प्रचलनमा पुन मुल्यांकन, जातिय तथा भाषिक व्यवस्था कमजोर हुँदै जानु, मनविय मनोविज्ञान र दृष्टिकोणमा परिवर्तन आउनु, कानुनको विकास र महिलाको स्थितिमा सुधार आउनु, आर्थिक हलचलदेखापर्नु, व्यक्तिगत स्वतन्त्रतामा बृद्धि हुनु आदि कारणहरू प्रमुख देखिन्छन् ।

यि विभिन्न कारणहरूले गर्दा विवाह पद्धतिमा आधुनिकिकरणको हावी हुदै गएको पाउन सकिन्छ। यसरी नै विवाह पद्धतिमा परिवर्तन हुदै जाने हो भने पुर्खाहरूले मानि आएको संस्कारहरू स्वत लोभ नहोला भन्न सकिदैन । पहिले मागी विवाह,जारी विवाह, चोरी विवाह जबरजस्ती विवाह हुने गरेको थियो भने आधुनिकिकरण, पश्चिमीकरणले गर्दा प्रेम विवाह, अदालती विवाह जस्ता विवाह हुने गरेको पाइन्छ। जाँड रक्सीको ठाउँमा वियर, रम, कोकाकोला जस्ता पेय पदार्थको प्रयोग गर्न थलेको पाइन्छ । धेरै दिन लाग्ने विवाह आजकाल एकै दिनमा समापन गर्ने गरेको पाइन्छ ।

पोखेल २०६६), द्वारा लिखित धिमाल जातिको विवाह संस्कार अनुसार धिमालहरूका आफ्नै वैवाहिक संस्कार र रिती रहेको छ। परम्परागत रिती संस्कार बदलिदो परिवेशसँगै क्रमैसँग परिमार्जित हुँदै गएको छ । जसको उदाहरण चोरी विवाह हो । पछिल्लो समयमा चोरी विवाहलाई क्रमैसँग अपनान छाडिएको पाइन्छ। यस्तै सुपारी विवाहका कारण समुदाय भित्रै झगडा बढेको कारण यसलाई उनीहरूले हटाउदै गएको पाइन्छ ।

पोखेल (२०६४)द्वारा लिखित 'धिमाल जातिको विवाह संस्कार' अनुसार धिमालहरूका आफ्नै वैवाहिक संस्कार र रीति रहेको छ। परम्परागत रिती संस्कार बदलिदो परिवेशसँगै क्रमैसँग परिमार्जित हुदै गएको छ । जसको उदाहरण चोरी विवाह हो । पछिल्लो समयमा चोरी विवाहलाई क्रमैसँग अपनाउन छाडिएको पाइन्छ । त्यस्तै सुपारी विवाहका कारण समुदाय भित्रै झगडा बढेका कारण यसलाई उनीहरूले हटाउदै गएको पाइन्छ ।

"धिमाल समुदायमा संस्कृतिकरणको प्रभाव अन्य जातजाति भन्दा भिन्न र पृथक पाउन सकिदैन । स्थानीयस्तरमा रहेको विविध जाति तथा भाषाभाषीका कारण एक समुदाय र अर्को

समुदायको संस्कृति र संस्कारको नक्कल गर्न परम्परा सामान्य भइसकेको छ। जसले धिमाल जातिको पृथक संस्कृति र परम्परा समेत परिवर्तन आएको छ। धिमाल जातिको आधुनिक विवाह संस्कारको अध्ययन गर्नेक्रममा संस्कृति करणको प्रभावको बारेमा पनि यथार्थता प्रस्तुत गरिने छ। जसको पछिल्लो उदाहरण अन्तरजातिय विवाहलाई सामाजिक मान्यता दिइनुलाई मान्न सकिन्छ। वि.सं. २००७ सालदेखि धिमालहरू अन्य जातिमा आवतजावत चल्न थाल्यो। हिन्दु धर्मका केही देवी देवताहरूलाई धिमालहरूले साम्रैसँग स्वीकार गरि ब्राम्हण पुरोहित समेत लगाउन थालेका छन्। (दाहाल, २०३६)

## २.८ नेपालमा भएका विवाह संस्कार सम्बन्धि अध्ययनहरू

राई (२०६७) मा उल्लेख भए अनुसार धिमाल जातिहरू सँग मिल्दो जुल्दो विवाह गर्ने संस्कार राई जातिमा पनि रहेको छ। विवाह पुर्व केटाले केटी मन पराए पछि केटाको परिवारले लगेको रक्सी स्विकार गरे विवाहमा मञ्जुरी दिइएको भन्ने मान्यता छ। यस्तै राई जातिमा नेवार, गुरुङ, तामाङ, याख्खा तथा लिम्बु जातिहरूसँगको विवाह लाई सहजै स्विकार गर्ने चलन छ।

थारु (२०६७) अनुसार संस्कार र संस्कृति फरक भए पनि चोरी विवाह "उरहा भ्वाज" केटाले केटी मन पराई भगाएर लैजाने विवाह धिमाल जाति सँग मिल्दो जुल्दो भएको पाईन्छ। यस्तै धिमाल जातिको जारी विवाह जस्तै विवाहित केटीलाई भगाएर लैजाने विवाह जर्किक्रया भ्वाज पनि थारु जातिमा प्रचलनमा रहेको विवाह प्रणाली हो।

लिम्बु जातिको परिचय (२०६७) मा पुर्वी पहाडमा मुख्य थातथलो भएका लिम्बुहरूको विवाह पनि धिमाल जातिको जस्तै मागी, चोरी, भागी, प्रेम र जबरजस्ती विवाह प्रचलनमा रहेका थिए। यसले यी दुई जातिको संस्कार मिल्दो जुल्दो भएको मान्न सकिन्छ। धिमाल जातिको जस्तै लिम्बुमा पनि दाइजो प्रथा र बहुपति विवाह संस्कार रहेको पाइदैन।

सामाजिक संस्थाहरूको विस्तार र परिवर्तन तथा राज्य व्यवस्था परिवर्तन कानुनी प्रक्रिया र नीति अनुसार विवाह संस्कारमा पनि परिवर्तन आएको छ। विवाह पद्धतिमा आधुनिककरणको हावी हुँदै गएको पाउन सकिन्छ। परम्परागत रीति संस्कार बदलिदो परिवेश सँगै क्रमैसंग परिमार्जित हुँदै गएको छ। स्थानीय स्तरमा रहेको विविध जाति तथा भाषाभाषीका कारण एक समुदाय र अर्को समुदायको संस्कृति र संस्कारको नक्कल गर्ने परम्परा सामान्य भइसकेको छ।

# अध्यायतीन

# अनुसन्धान विधि

## ३.१ अनुसन्धान ढाँचा

यस शोधपत्रको लागि बर्णनात्मक र अन्वेषणात्मक दुवै अध्ययन विधिको प्रयोग गरिने छ। वर्णनात्मक अध्ययन विधिबाट धिमाल जातिको सामाजिक, सांस्कृतिक अवस्था विवाह संस्कारमा प्रयोग गरिने विधि प्रक्रिया, पद्धति, प्रचलन आदिका बारेमा वर्णन गरिने छ। अन्वेषणात्मक विधिबाट धिमाल जातिको विवाह संस्कारमा आएको परिवर्तन र अन्वेषण गर्ने प्रयास गरिने छ।

## ३.२ तथ्याकंको प्रकृति र स्रोत

कुनै पनि अध्ययन अनुसन्धान गर्दा तथ्याङ्कको स्तर र यसको प्रभावकारीतालाई समेत ध्यान दिनु जरुरी हुन्छ। अध्ययनमा प्रयोग गरिने श्रोतको स्तरलाई ध्यानमा राखेर तथ्याकंलाई वर्णनात्मक विधिको प्रयोग गरि व्याख्या गर्नु पर्ने भएकाले गुणात्मक तथ्यलाई छनौट गरिने छ। यस्तै प्राप्त विचार तथा तथ्याकंलाई मात्रा मिलाएर राख्नु पर्ने भएकाले मात्रात्मक विधि को माध्यमबाट विषयवस्तुलाई प्रष्टयाउँनु जरुरी ठानी सो कुरालाई ध्यान दिइएको छ। खासगरि छोटो समयमा हुने अध्ययन र अनुसन्धानमा तथ्याकं अपुरो तथा अधुरो हुने र यसको खास वैधानिकता वारेमा पनि विवाद आउँन सक्ने भएकाले तथ्याकं दिने स्रोत र यसको प्रकृतिका वारेमा विशेष ध्यान दिइने छ।

यस्तै अध्ययन अनुसन्धान गर्दा तथ्याङ्कको स्रोतहरू खुलाउँनु पर्ने देखिन्छ। तथ्याङ्कको संकलन विना कुनै पनि अध्ययन कार्य पूर्ण नहुन सक्छ। तसर्थ यस अनुसन्धान कार्यमा मुख्य गरि निम्न स्रोतबाट प्राप्त भएका तथ्याङ्कहरूको प्रयोग गरिने छ। प्राथमिक स्रोत अन्तर्गत अनुसन्धानकर्ता स्वयं अध्ययन क्षेत्रमा उपस्थित भई प्रश्नावली अन्तवार्ता तथा क्षेत्रगत अवलोकन आदि विधिद्वारा संकलन गरिएको तथ्यलाई प्राथमिक स्रोतबाट प्राप्त तथ्याङ्क लिइने छ। नमुना छनौटबाट छानिएको व्यक्ति तथा विषयसँग जानकार व्यक्तिसँग प्रत्यक्ष सम्पर्क राखि प्रश्नावली अन्तर्वार्ता अवलोकन आदि विधिको माध्यमले प्राप्त तथ्याङ्कलाई यस शोधपत्रमा प्रस्तुत गरिने छ। यस्तै द्वितिय स्रोत अन्तर्गत अरुले नै अनुसन्धान गरेका प्रतिवेदन, लेख, रचना आदिलाई स्रोत बनाएर तथ्याङ्क संकलन गरिने छ। कुनै पनि अध्ययन अनुसन्धान गर्दा

आवश्यक पर्ने सम्पूर्ण आंकडा वा सुचनाहरू सधैं नै प्राथमिक स्रोतबाट मात्र प्राप्त गर्न सम्भव नहुने भएकोले प्रस्तुत शोधपत्रमा द्वितिय स्रोतको समेत समावेश गरिने छ । धिमालहरूको विवाहसंस्कार सम्बन्धित प्रकाशित वा अप्रकाशित लेख र रचना तथा सम सामयिक नयाँ तथ्यहरूलाई समावेश गरिने छ ।

## ३.३ अनुसन्धान क्षेत्र

हालसम्म विभिन्न जाति, जनजातिहरूको विवाह संस्कारको बारेमा अध्ययन अनुसन्धान भएका छन् ।यसैक्रममा दमक ७ ताराबारीका धिमाल जातिहरूको अध्ययन अनुसन्धान यस शोधपत्रमा समेट्ने प्रयास गरिने छ । यस क्षेत्रमा प्रमुख आदिवासीको रूपमा बाहुल्यता रहेको साथै धिमालहरूको परम्परागत विवाह प्रणाली र त्यसमा आएको परिवर्तनलाई यस क्षेत्रमा हेर्न सकिने हुनाले यस क्षेत्रलाई छानिएको हो ।

## ३.४अध्ययनको इकाई

तथ्याङ्क संकलनको एक महत्वपूर्ण तरिका प्रयोग गरिएको जसमा (घर परिवार) सर्वेक्षण नमुना छनौटको आधार गासिएको छ । यस अन्तर्गत दमक -७ झापा ताराबारीमा विवाहित र अविवाहित गरेर जम्मा ७ जना सँग अन्तरवार्ता गरेको थिएँ र अरु सामुहिक छलफल गरियो ।

## ३.५ तथ्याकंको वास्तविकता र उपयोगिता

दमक-७, ताराबारी का धिमाल जातिको विवाह संस्कारको बारेमा अध्ययन गर्नेक्रममा विभिन्न तरिका अनुसार संकलन गरिएका तथ्यांकहरूलाई विभिन्न फरक शिर्षकहरू राखी फरक रूपमा तालिकामा उल्लेख गरिने छ। यो अध्ययन वर्णात्मक र विश्लेषणत्मक अनुसन्धानको ढाँचामा आधारित हुनेछ । अध्ययनको क्रममा तयार गरेको उद्देश्य अनुसार यस अध्ययनमा तथ्याङ्कको विश्लेषण र विवेचना गरिने छ ।

## ३.६ अवलोकन

कतिपय कुराहरूसोधेर जान्नु भन्दा पनि प्रत्यक्ष अवलोकन बाट लिनुपर्ने हुन्छ । अतः यस शोध कार्यका लागि अवलोकन पनि जानकारीको एक माध्यम भएको छ । यस माध्यमबाट खासगरी धिमालहरूको विवाह गर्ने प्रचलनहरू सुपारी विवाह, चोरी विहे गर्ने, प्रेम विवाह, मागी विवाह, विधुवा विवाह, केटालाई घर ज्वाई राख्ने चलन बारेमा अवलोकन गरें ।

धिमाल जातिको सामाजिक परम्परा अनुसार विवाह परम्परा आफ्नै किसिमको छ । पहिला पहिला केटाले केटीका आमा बुबालाई खुशी पार्नका लागि शिकार खेलिदिनु जाने, हलो जोतिदिने, घरको काममा सघाइदिने, राम्ररी बोलीचाली गरिदिने केटीको आमालाई खुशी पार्ने चलन देखिन्थ्यो । केटीको बुबा र आमालाई पनि यो केटाले हाम्रो छोरीलाई पाल्न सक्छ, काम गरी खुवाउन सक्छ भन्ने लागेपछि छोरीलाई फकाएर दिने चलन थियो ।

# अध्याय चार

# धिमाल जाति र विवाह

## ४.१ धिमाल जातिको जनसंख्याको बनावट

विसं २०५८ को जनगणना अनुसार धिमालको जनसंख्या १९,५३७ छ । तर, धिमालहरूको जातिय संगठन धिमाल जाति विकास केन्द्र, नेपालका अध्यक्ष नगेन्द्र धिमाल धिमालहरूको जनसंख्या ४१ हजारको हाराहारीमा रहेको दादवी गर्छन् । उनी थप्छन् - 'धिमालको जनसंख्या स्थानीय निकायबाटै पुनः लिइनु नितान्त आवश्यक छ' (व्यक्तिगत कुराकानी विसं.२०७२) । विसं. २००९ सालमा नेपाल सरकारबाट मातृभाषाको आधारमा लिएको जनगणनाले धिमालहरूको जनसंख्या ५,६७१ देखाएको थियो । विसं. २०१८ सालको मातृभाषाकै आधारमा लिइएको जनगणना अनुसार त्यसबेला मोरङ्ग जिल्लामा ४,६५९ र झापामा ३,५२९ गरी जम्मा ८,१८८ रहेको थियो । विसं २०२८ मा लिइएको जनसंख्या तथ्याङ्कमा धिमालको छुट्टै उल्लेख गरिएको छैन । २०२८ सालमा प्रकाशित स्रोतहरूको आधारमा धिमालहरूको जनसंख्या १५ देखि २० हजारसम्म भएको अनुमान गरिएको पाइन्छ । धिमाल लोक जीवन अध्ययन टोली (२०२९-३०) का अनुसार धिमालको जनसंख्या त्यसताका करीब २० हजार हुने देखिन्छ भनि उल्लेख छ । यही क्रममा बढ्दै गएमा विसं.२०३४ सम्ममा धिमालको जनसंख्या ४० देखि ५० हजार सहजै हुने अनुमान गरेको थियो । जि.ए. ग्रियर्सनको "लिङ्गुस्टिक सर्भे अब इन्डिया" (तेस्रो भोल्युम)मा धिमालहरूलाई भोट बर्मेली भाषा परिवारमा उल्लेख गर्नु भएको छ । उहाँका अनुसार धिमाल भाषा भोट-बर्मेली भाषा परिवारको जटिल सर्वनामिक रूप अन्तर्गत पर्दछ । ई. १९०१ को तथ्याङ्क अनुसार दार्जिलिङ्गमा धिमालहरूको जनसंख्या ६०७ र आसाममा ४ गरी जम्मा जनसंख्या ६११ रहेको तथ्याङ्क छ (पूर्व, १९०९: २२७) । तर धिमालका विद्वतवर्गहरू यो तथ्याङ्कलाई स्वीकार्न तयार देखिदैनन् र पुनः राज्य सरकारबाट जनसंख्या तथ्याङ्क लिइनु पर्ने भनाइ राख्दछन् । वि.सं. २०६८को तथ्याङ्क भने आउन बाँकी नै छ । (धिमाल, २०६८ प्रकाशोन्मुख)

## ४.२ झापा जिल्लाको परिचय :

नेपाल अधिराज्यको पूर्वमा पर्ने मेची अञ्चल भित्रका चार जिल्ला मध्ये झापा जिल्ला तराईमा पर्दछ । मोरङ्ग र झापा जिल्ला संयुक्त रूपमा रहेकोमा पछि यी दुईलाई विभाजन गर्दा

यहाँको प्रशासन नियन्त्रण र निर्देशन झापा भन्ने गाउँबाट भएकोले त्यही ठाउँको आधारमा झापा जिल्लाको नामाकरण गरिएको हो ।

"नेपालको पूर्वी तराई जिल्ला झापाको उत्तरमा इलाम, दक्षिण र पूर्वमा भारत र पश्चिममा मोरङ्ग जिल्ला पर्दछ । १६०६ वर्ग कि.मी. क्षेत्रफल भएको यो जिल्लाको जनसंख्या ६,८८,१०९ छ, जसमध्ये पुरुष जनसंख्या ३,४१,६७५ र महिला जनसंख्या ३,४६,४३४ रहेको छ । यहाँ भद्रपुर नगरपालिका, दमक नगरपालिका र मेची नगरपालिका समेत ३ नगरपालिका र ७ संसदीय निर्वाचन क्षेत्र र ४७ वटा गाउँ विकास समितिहरू रहेका छन् ।" (जिविस प्रोफायल, २०६८)

धार्मिक एवं पर्यटनको क्षेत्रमा यो जिल्ला निकै महत्वपूर्ण मानिएको छ । समतल भू-भाग, मलिलो माटो भएको र मनसुनबाट वर्षा हुने हुँदा खाद्यान्न तर्फ मकै, धान, गहुँ मुख्य वालीहरू हुन । फलफूल तर्फ आँप, लिची, कटहर, मेवा, नरिवल, सुपारी पर्याप्त मात्रमा पाइन्छ ।

**तालिका नं १**

**झापा जिल्लाको जनसंख्या विवरण**

| क.सं. | विवरण | २०३८ | २०४८ | २०५८ |
|---|---|---|---|---|
| १ | जम्मा जनसंख्या | ४,७९,७४३ | ५,९३,७३७ | ६,८८,१०९ |
| २ | पुरुष | २,५२,०११ | २,९९,९४६ | ३,४१,६७५ |
| ३ | महिला | २,२६,६३२ | २,९३,७९१ | ३,४६,४३४ |
| ४ | कूल परिवार | ८१,११३ | १,१०,८९४ | १,२६,३१० |
| ५ | ६ वर्ष माथिको साक्षरता ५ मा | ३७ | ५७.३ | ७२ |
| ६ | जनघनत्व प्रति कि.मी. | २९८.७ | ३६९.४ | ४५२ |

(जि. वि. स. प्रोफायल, २०६८)

यस तालिकामा झापा जिल्लाको जनसांख्यिक विवरण उल्लेख गरिएको छ । विसं २०३८ को जनसंख्यालाई आधार मान्ने हो भने कुल ४,७९,७४३ रहेको र त्यसमा करिव आधा भाग २,५२,०११ जना पुरुष र २,२६,६३२ जना महिला रहेका छन् । यस्तै कूल परिवार सख्या ८१,११३ तथा जनघनत्व २९८.७ रहेको छ । जिल्लाको कुल साक्षरता दर ३७ प्रतिशत रहेको देखिएको छ । यसैगरि, २०४८ सालको जनसख्या विवरण अनुसार २,९९,९४६ जना पुरुष र २,९३,७९१ जना महिला गरि कुल ५,९३,७३७ जनसंख्या रहेको जिल्लामा १,१०,८९४ परिवार सख्या रहको तथ्याकंमा उल्लेख छ ।

यसैगरि २०५८ सालको जनगणनाले कुल ६,८८,१०९ सख्या मध्ये ३,४१,६७५ र ३,४६,४३४ जना क्रमश पुरुष र महिलाहरू रहेको देखाएको छ । भने १,२६,३१० परिवार सख्या रहेको जिल्ला विकास समितिद्धारा प्रकाशित जिविस प्रोफाईलमा उल्लेख छ । यस्तै ६ वर्ष माथिको साक्षरता दर २०४८मा ५७.३ र  जनघनत्व प्रति किमी ३६९.४ रहेको छ । यस्तै २०५८ मा ६ वर्ष माथिको साक्षरता दर ७२ र  जनघनत्व प्रति किमी ४५२ रहेको छ ।


## ४.३ दमक नगरपालिका वडा नं ७ को परिचय

दमक नगरपालिका १९ वटा वडाहरूमा विभाजित छ । सो वडाहरू मध्ये दमक नगरपालिकाको वडा नं. ७ हाइवे राजमार्गबाट उत्तरमा पर्दछ । यस वडालाई उत्तर तर्फ वडा नं ५ पूर्व तर्फ वडा नं. ५ ढुकुरे पैनी, दक्षिण तर्फ ताराबारी डिपू सडकको सिमाना  र पश्चिम तर्फ मावा खोलाले छोएको छ । साथै मोरङ्ग जिल्लाको मधुमल्ला बजार नजिक रहेको यस वडामा विभिन्न मुख्य गरेर धिमाल, मगर, माझी, क्षेत्री, ब्राम्हण, श्रेष्ठ, लिम्बु, विश्वकर्मा, दमाई, पण्डित आदिको जातजाति भाषा धर्महरूको बसोबास रहेको छ । उक्त जातिहरूमध्ये धिमाल जातिको बसोबास यस वडामा बढी रहेको छ । ५४७०५४५.२३३ क्षेत्रफलमा फैलिएर रहेको यस वडामा जम्मा ५२१ घरधुरी र जम्मा २७०१ जनसंख्या रहेको छ । यो वडा समतल सतहमा उत्तर दक्षिणमा लामो आकारमा अवस्थित छ । यस वडामा मानिसहरू मध्ये ९८ प्रतिशत कृषि, पशुपालन पेशामा आधारित छन् भने बाँकी २ प्रतिशत व्यापार र नोकरीमा संलग्न रहेका छन् । शिक्षा क्षेत्रलाई हेर्ने हो भने यस वडामा पछि परेको छ भने पूर्वाधार विकास उन्मुख रहेको छ । दमक चक्रपथ यस वडाको मध्य हुँदै गए पनि समग्र वडा विकासमा पहुँच पुग्न सकेको छैन । साना साना विकास निर्माणका कार्यक्रमहरू उपभोक्ता, संघ संस्था, नगरपालिकाको सहकार्यमा भए पनि मावा खोला नदि नियन्त्रण, व्यवस्थित चक्रपथ, यस वडाको मुख्य आवश्यकता आयोजनाका रूपमा रहेका छन् ।

यस वडामा दोधरे र तारावारी गाउँको बिचमा धिमाल जातिले स्थापना गरेको महाराजथान मन्दिर धार्मिक स्थलको रूपमा रहेको छ । यो मन्दिर क्षेत्रमा धिमाल परम्परा अनुसार प्रत्येक वर्ष असा महिनाको एक हप्ता जात्री ढङढङे मेला लाग्ने गर्दछ । यो ढङढङे मेला धिमालहरूको एउटा ठूलो चाड भित्र पर्दछ ।

जम्मा १५ वटा टोल विकास संस्था रहेको यस वडाका वडाबासीहरू हम्सेदुम्से समुदायिक वन उपभोक्ता भई वन पैदावारको उपयोग र संरक्षणमा समेत सरिक रहेका छन् । स्वास्थ्य सेवाका लागि नजिकको वडा नं. ५ मा रहेको सामुदायिक स्वास्थ्य क्लिनिक र दमक बजारमा रहेको स्वास्थ्य संस्थाहरूबाट सुविधा प्राप्त गर्ने गरेका छन् ।

**दमक नगरपालिकाको नक्शाः**





(स्रोत : जि.वि.स झापा)

## ४.४ आर्थिक अवस्था

यस क्षेत्रका धिमालहरूको आर्थिक जीवनबारे अध्ययन गर्दा यिनीहरूको स्थिती केहीलाई छाडेर कमजोर अवस्था नै देखिन्छ । यिनीहरूसँग आफनो जग्गा कमै छ । धेरै जसो भुमिहिन धिमालहरूले ठेक्कामा साहुमहाजनको जग्गा जोती जिविका चलाएका छन् । यसरी एकातिर जग्गाका धेरै जसो आम्दानी साहुलाई बुझाउँनु पर्ने हुँदा वर्ष दिनलाई खान धौ-धौ पर्दछ भने अर्को तर्फ यिनीहरूको चाडपर्व तथा भोजभतेरमा निकै खर्च गर्नु पर्दछ । जसले गर्दा अन्त्यमा यिनीहरू ऋण लिन बाध्य हुन्छन् । यसले गर्दा आजकल यस क्षेत्रका धिमालहरू कृषि पेशामा मात्र भर नपरी पशुपालन, उद्योगधन्दा र अन्य सिपमुलक पेशा (सिकर्मी, डकर्मी) गरेर आय आर्जन गरिरहेका छन् । त्यसै गरि यस क्षेत्रमा रहेका धिमालहरूको आर्थिक अवस्था उनीहरूले अपनाएको पेशाको आधारमा रहेको तलको तालिकाबाट प्रष्ट हुन्छ ।

चित्र १: धिमालका पेशाहरू




(स्थलगत सर्वेक्षण, २०७२)

### तालिका नं. २

### धिमालहरूको पेशाको वर्गिकरण

| क.सं. | पेशा | जनसंख्या | प्रतिशत९५०मा |
|---|---|---|---|
| १. | कृषि | १६ | ३७.२० |
| २. | पशुपालन | ७ | १६.२८ |
| ३. | उद्योग-व्यपार | ५ | ११.६३ |
| ४. | सिकर्मी, रोजगारी आदि | ५ | ११.६३ |
| ५. | अन्यः- | १० | २३.२७ |
| | जम्मा | ४३ | १०० |

(स्थलगत सर्वेक्षण, २०७२)

अध्ययनका क्रममा प्रष्ट भएको छ कृषि पेशालाई अपनाउँने जनसंख्या १६जना (३७.२० प्रतिशत) रहेको छ जुन सबैभन्दा बढी हो । सबैभन्दा कम जनसंख्या उद्योग-व्यपार र रोजगारीमा छन् । यस तालिकालाई आधार मानेर हेर्दा धिमालहरूले अर्को वैकल्पिक पेसामा पशुपालनलाई समेत अपनाएका छन् । यस बाहेकका अन्य पेशामा पनि १० जना (२३.२७ प्रतिशत) रहेका छन् ।

बर्षायाममा अर्थात जेष्ठ, आषाढ, श्रावण तीन महिना खेतीको समय भएकोले यसबेला पुरुष, महिला दुबै खेतीमा लाग्दछन् । कृषिमा धानबाली उनीहरूको मुख्य बाली हो । बर्षायाममा रोपेको धानवाली कार्तिक, मंसिर तिर काटेर दाइ गरेपछि आफुलाई बर्षभरि चाहिने जति राखेर बाँकी बेच्ने चलन छ । यसबाट आएको पैसाले उपभोग्य बस्तुहरू किनेर ल्याउँने गरिन्छ । यिनीहरूको अन्य मुख्य बालीमा, मकै, गँहु जौ आदिको साथै मुसुरो, रहर, चना, कालोमाँस जस्ता दालहरू पनि खेती गर्दछन् । स्थलगत अध्ययनका क्रममा तोरी, आलस, तीलको साथै विभिन्न किसिमको तरकारी बालीहरू लगाउँने गरेको पाइयो । यसप्रकार धिमालजाती कृषिका लागि निकै परिश्रमी देखिएतापनि कृषि उत्पादनबाट खास फाइदा लिन सकेको देखिदैन । किनकी केही धिमालहरूले उन्नत बिउ, किटनाशक औषधी, रसायनिक मल, खेतीगर्ने तरिकामा आधुनिक औजारको प्रयोग गरि केही फइदा लिन सकेतापनि समग्र रूपमा यो जातीले यस पेशालाई उच्च रूपमा विकास गर्न सकेका छैन भने अर्को तिर अवैज्ञानिक

ढंगको कृषि प्रणाली र सिंचाईको उचित प्रबन्ध हुन नसक्दा कृषि उत्पादन फस्टाउँन नसकेकोले धेरै धिमालहरूले यो पेशा छाडी अरु पेशा तर्फ लाग्न थालेका छन् ।

यसैगरि यिनीहरूले केही मात्रामा भए पनि पशुपालन व्यवसायलाई अपनाएका छन् । खेत जोत्नको लागि गोरु वा राँगा पाल्ने गर्दछन् । गाई भैंसी पालेर आफुलाई चाहिने दैनिक उपभोग्य बस्तु दुध, दहि, ध्यू आदि प्राप्त गरेर बिक्रि गरि आम्दानी लिने गर्दछन् । त्यसैगरि बाखा, कुखुरा, परेवा, हाँस आदि पालेर मासु तथा अण्डा प्राप्त गर्दछन । पशुपंछीको विक्रीबाट समेत आम्दानी लिने गर्दछन् । यस क्षेत्रका धिमालहरू केटाकेटी देखि लिएर बुढाबुढीसम्म पनि जाल बोकेर पोखरी, दहहरूमा माछा मार्न जान्छन् । बर्षायाममा खोला नदी किनारमा, खालजग्गामा गएर माछा मारि आफै खाने तथा बढी भएको माछा बिक्री गरेर आम्दानी संकलन गर्दछन् ।

स्थलगत अध्ययनका क्रममा खेतीको काम बाऱ्है महिना गरिरहनु नपर्ने हुंदा फुर्सदको समयमा यिनीहरू साना-तीना घरेलु उद्योगको काम गर्ने गरेको बताए । खास गरि पुरुषहरू माछा मार्ने जाल बुन्ने डोरी वाट्न, हलो जुवा बनाउँने, घर बनाउँने, घर छाउँने जस्तो काम पनि गर्दछन । त्यसैगरि महिलाहरूले मुख्य रूपमा झल्ला बुन्ने काम गर्दछन् । विभिन्न रंगका रंगी-विरंगी झल्ला बुनेर बजारमा लगेर बेच्ने गरेका छन् । यस जातिका महिलाहरूको महत्वपूर्ण व्यापारमा आफैले चिउरा कुटेर बेच्नु, भुजा बनाएर बेच्नु, घरेलु रक्सी बेच्नु आदि हो । यस्ता सानातिना घरेलु उद्योग बाहेक धिमालहरूले ठुला उद्योग संचालन गरेको देखिंदैन । कसै कसैले चिया पसल, सानातिना होटल, कपडापसल जस्ता साधारण कामहरू गरिरहेका छन् । पढेलेखेको केही व्यक्ति सरकारी रोजगार (प्रहरी) मा काम गरिरहेका छन भने कम पढेलेखेका व्यक्तिहरू शहरका विभिन्न ठाउँमा गएर गलैंचा उद्योग, गार्मेन्ट आदिमा कार्यरत छन भने कसैले रिक्सा चलाएर जिविका चलाइरहेका छन् । कोही अर्काको घरमा हली पनि बसेका छन् । यसरी यस क्षेत्रका धिमालहरूले अन्य पेशा अन्तर्गत ज्याला मजदुरी तथा नोकरी आदि पेशालाई धेरै अपनाएका छन् । यस्तै धेरै युवाहरू रोजगारीका लागि विदेश समेत पुगेका छन् ।

# अध्याय पाँच

# धिमाल जातिमा प्रचलित विवाह पद्धति

## ५.१ विवाहको सामान्य परिचय

विवाह दुई भिन्न परिवारका व्यक्तिहरूको सम्बन्ध हो । अर्थात, एक पुरुष र एक स्त्रीको आत्मिक मेल हो जसबाट एक नयाँ जीवनको सुरुवात हुन्छ । विवाह यी दुई आत्मालाई भविष्यको सुखद समाजको श्रृजना गराउँने संस्था हो । जो बैद्धिक कालदेखि नै सुरुवात भएको पाइन्छ । बैद्धिककाल समयतिर विवाह सामान्य विधिद्वारा गरिन्थ्यो तर पछि आएर विवाहको विधिमा जटिलता आयो । यो विवाहको विधी पनि आज जाति र स्थान अनुसार फरक पाइन्छ । यो विवाह संस्कार जुन सुकै जातिले पनि गर्दछन् । हिन्दु दर्शनबाट हेर्ने हो भने विवाह एक धार्मिक संस्कार हो जस अनुसार आफ्नो परम्परालाई निरन्तरता दिन विवाह गरिन्छ (एम्वर र एम्वर,१९९४) ।

"विवाहमा लोग्ने स्वास्नीको सम्बन्ध यस लोक देखि परलोक सम्म अक्षण रहन्छ । जसलाई सम्बन्ध विच्छेद गर्न सकिंदैन र हुँदैन पनि । विवाह भौतिक तथा आध्यात्मिक अवश्यता पुरा गर्नका लागि गरिन्छ । मनुस्मृतिमा भने अनुसार "छोराबाट बाबुले स्वर्ग आदि उत्तम लोक प्राप्त गर्दछ, नातिबाट लोकमा अनन्तकाल सम्म निवास गर्दछ र पनातिबाट सूर्यलोक प्राप्त गर्दछ ।" यसरी विभिन्न रूपमा हिन्दुशास्त्रमा उल्लेख अनुसार विवाहलाई करारमुलक नमानीकन शास्त्रीय धर्म परम्परा र यस लोकको रक्षा, निरन्तरताका साथै परलोक प्राप्तिका रूपमा लिइएको पाइन्छ । जस अनुसार विवाह पछि मात्र महिला पुरुष सामाजिक रूपमा पूर्ण मानिस मानिन्छन् । उनीहरूको व्यक्तित्व विकासका लागि र समाजको निरन्तरताका लागि विवाह महत्वपूर्ण सामाजिक संस्था हो ।" (आचार्य,२०६६)

पूर्वीय साहित्यअनुसार विवाह व्यक्तिगत नाता सम्बन्ध जोड्नुमात्र भन्दा पनि पारिवारिक सम्बन्ध जोड्ने प्रक्रिया हो भनी व्याख्या गरेको पाइन्छ भने पश्चिमी साहित्यमा विवाह परिवारका लागि भन्दा पनि "व्यक्तिका लागि" भनी विवाहलाई व्यक्तिगत सम्बन्धमा बढी महत्व दिएको पाइन्छ (थापा, २०६१)।

यसरी हेर्दा विवाह हरेक जातिको सामाजिक संस्कार र संस्कृतिसंग जोडिएको हुन्छ । प्रस्तुत अध्ययनमा धिमाल जातिको महत्वपूर्ण संस्कार मध्ये विवाह कर्म वारे अध्ययन गर्ने जमर्को गरिएको छ । धिमाल जातिको  सामाजिक र आर्थिक अवस्थासंग गासिएको विवाह

संस्कारलाई परम्परागत मुल्य मान्यता तथा आधुनिक संस्कारका वारेमा प्रकाश पारिने छ । यसैगरि जन्म, मुत्यु संस्कारसंग अर्को महत्वपूर्ण संस्कार विवाह प्रणालीमा आएको परिवर्तनले समुदायमा के कस्तो प्रभाव पारेको छ र के कस्ता समस्या उत्पन्न भएका छन् सो वारेमा यथार्थ झल्काउने प्रयत्न गरिएको छ । धिमाल जातिले पनि यो विवाह संस्कार आफनै विधि अनुसार गर्दछन् यिनीहरूले विवाहलाई मानव जीवनका लागि महत्वपूर्ण मान्दछन ।

## ५.२ धिमाल जातिको प्रचलित विवाह संस्कार (विहुकर्म)

यस क्षेत्रका धिमालहरूको विवाह गर्दा आफ्नो जातभन्दा बाहिरकासँग चलाउँदैनन । यस क्षेत्रका साथै सम्पूर्ण धिमाल जातिमा आफुसँग मिल्दो थरसँग विवाह नहुने नियम छ । यस क्षेत्रका धिमालहरूले तीन पुस्तासम्मकालाई विहावारीमा नचलाएको र तीन पुस्ता काटे पछि भने विवाह गर्न मिल्ने चलन चलाएको पाइएको छ । यस क्षेत्रका धिमालहरूले परम्परागत विवाह प्रथालाई जोड दिएको पाइन्छ । परम्परागत विवाह भन्नाले मागी विवाह संस्कारका सम्पूर्ण रितहरूलाई नछोडिकन आफ्नो कुलको परम्परा र संस्कार अनुसार विवाह गर्नु हो । आज आएर परम्परागत विवाह संस्कारको चलनमा केही कमी भएको देखिन्छ ।

### ५.२.१ विगत : मौलिकता

धिमाल जातिको सामाजिक परम्परा अनुसार विवाह परम्परा आफ्नै किसिमको छ । उहिले पहिला केटाले केटीका आमा बाबुलाई खुशी पार्नका लागि शिकार खेल्न जाने, हलो जोती दिने, घरको काममा सघाई दिने, राम्ररी बोलीचाली गरी दिने केटीको बाबु र आमालाई खुशी पार्ने चलन देखिन्थ्यो । केटीको बाबु र आमालाई पनि यो केटाले "हाम्रो छोरीलाई पाल्न सक्छ, काम गरी खुवाउन सक्छ" भन्ने लागेपछि छोरीलाई फकाएर दिने चलन थियो । केटाको विहे गर्ने उमेर भएपछि केटी खोज्ने चलन छ । केटी खोज्दा आफ्नो हाडवंशको हुनु हुँदैन, फूपूको छोरी, मामाको छोरी, सानीमाको छोरीसँग तीन पुस्ता सम्म विवाह गर्न हुँदैन भनी बुढापाकाहरूले नियम बनाइ दिएका छन् ।

यस्तै विवाह गर्दा आफनो जातभन्दा बाहिरकासँग नचलाउँने । आफ्नो जातिमा आफुसँग मिल्दो थर सँग विवाह नहुने नियम छ । यस क्षेत्रका धिमालहरूले तीन पुस्तासम्मकालाई विहावारीमा नचलाएको र तीन पुस्ता काटे पछि भने विवाह गर्न मिल्ने चलन चलाएको पाइएको छ । यस क्षेत्रका धिमालहरूले परम्परागत विवाह प्रथालाई नै जोड दिएको पाइन्छ । परम्परागत विवाह भन्नाले मागी विवाह संस्कारका सम्पूर्ण रितहरूलाई नछोडिकन

आफ्नो कुलको परम्परा र संस्कार अनुसार विवाह गर्नु हो । आज आएर परम्परागत विवाह संस्कारको चलनमा केही कमी भएको देखिन्छ ।

### ५.२.२ वर्तमान परिवेश

परम्परागत संस्कृतिमा समयक्रमसंगै आएको परिवर्तनले यस क्षेत्रका धिमालहरूले अपनाएको प्रचलित विवाह संस्कारहरूलाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका नं. ३**

**अध्ययन क्षेत्रका धिमालले अपनाएको विवाहका प्रकारहरू**

| क्र.सं | विवाहका प्रकार | जनसंख्या | प्रतिशत९५० |
|---|---|---|---|
| १ | मागी विवाह | १८ | ४१.८६ |
| २ | चोरी विवाह | ७ | १६.२८ |
| ३ | प्रेम विवाह | ११ | २५.५८ |
| ४ | अदालति विवाह | १ | २.३३ |
| ५ | विधवा विवाह | २ | ४.६५ |
| ६ | जारी विवाह | ४ | ९.३० |
| | जम्मा | ४३ | १०० |

(स्थलगत सर्वेक्षण, २०७२)

उपरोक्त तालिका अनुसार मागी विवाह गर्नेहरूको संख्या सबैभन्दा बढी १८ जना ( ४१.८६%) देखियो भने प्रेम विवाह गर्नेहरूको संख्या ११ जना (२५.५८%) देखिन आयो । त्यस्तै चोरी विवाह गर्नेहरूको संख्या ७ जना (१६.२८%), जारी विवाह गर्नेहरूको संख्या ४ जना ( ९.३०%), विद्युवा विवाह गर्नेहरूको संख्या २ जना (४.६५%) छ भने अदालती विवाह गर्नेहरूको संख्या १ जना (२.३३%) देखिन आयो ।

स्थलगत अध्ययनका क्रममा यस क्षेत्रमा अझै पनि मागी विवाह प्रणाली नै वढी प्रचलित देखियो भने प्रेम विवाहको क्रमपनि पहिलाको तुलानामा वढेको स्थानियहरूको भनाई थियो ।

## ५.३ मागी विवाह

यो विवाह परम्परागत विवाह प्रणाली अन्तर्गत पर्दछ र यो विवाह प्रणालीलाई नै मागी विवाहको नामले चिनिन्छ । यो विवाहमा आफ्नो कुलको संस्कार र रितलाई नछोडिकन गरिन्छ । विवाह जस्तो सुकै किसिमको भए पनि अर्जुनधाराका धिमाल समाजले मागी विवाहलाई महत्वपूर्ण रूपमा अंगालेका छन् । यस समाजमा छोराछोरीको विवाह गर्ने उमेर पुगेपछि आमा-बाबुको कर्तव्य विवाह गरिदिनु पर्ने हुन्छ ।

स्थानियहरूसंगको कुराकानीका क्रममा विगतमा मागी विवाह सम्पन्न गर्दा केटी तर्फबाट केटा खोज्ने चलन थियो भने अहिले आएर केटा तर्फबाट केटाका बाबु-आमा, तथा मान्यजनहरू केटीको घरमा गएर केटीका वावु आमासंग सरसल्लाह गरि केटी मागेर गरिने विवाहलाई मागी विवाह भनिने जानकारी दिए । मागी विवाह कुटुनी (लमी)द्धारा सवै कायक्रमको संयोजनमा सम्पन्न हुने गरेको पाइएको छ । यस क्षेत्रमा प्रचलित विवाहरू मध्ये मागी विवाह सर्वोत्तम मानिन्छ । यिनीहरूमा धेरै जसो एक पत्नी विवाह प्रथा पाइयो भने थोरै मात्र बहुपत्नी विवाह प्रथा पाइयो । मागी विवाह सम्पन्न गर्दा यस क्षेत्रका धिमालहरूले अनेक विधि-विधान तथा रितहरू सम्पन्न गर्ने गर्दछन । जसलाई छोटकरीमा तल उल्लेख गरिएको छ ।

### ५.३.१ केटाले-केटी माग्न जाने विधि (वेजाब हेली हानेका नियम)

यस जातिमा केटा र केटी पहिला हेराहेर गरेर मात्र केटा केटीको घरमा माग्न जान्छन् । केटी माग्न जानु अघि घरमा सल्लाह गरिन्छ । जुन घरमा केटी माग्न जाईदैछ त्यस घर परिवारसंग मामा, फुपु या सानिमा आदि सम्बन्ध पर्छ कि पर्दैन भनेर पहिला नाता केलाईन्छ । सम्बन्ध नपर्ने भएमा मात्र केटी माग्न जाने चलन छ । केटीको घरमा पुगेपछि केटीका बाबु-आमाले सम्मान पूर्वक बस्ने आसन(गुन्द्रिःझल्ला)ओछ्याइ दिन्छन् । त्यसपछि केटाको बाबुले २ बोतल रक्सीका साथै विंडी, पान-सुपारी थालमा राखेर केटीको बाबुलाई दिन्छन र "हामी तपाईको छोरी माग्न आएका हौं" भन्छन् । त्यसपछि केटीको बाबुले केटीलाई सबैंका सामुन्नेमा बोलाउँछन् । यसरी केटीले केटालाई हेर्न अवसर केटीलाई दिइएको हुन्छ । केटीले केटा हेरी सकेपछि केटीको बाबुले आफ्नो छोरीलाई केटा मन परे नपरेको जानकारी आमा वा केटीसंगै लिन्छन् । केटीबाट कुनै जवाफ नआएमा केटीको मन्जुरीमा भएको बुझिन्छ र केटीको बाबुले केटातर्फको रक्सी 'प्रस्ताब स्विकार' गरेर मन्जुरी दिन्छन् । दुवै तर्फबाट यति

कुरा भइसकेपछि “कुरा चलाउँन एक महिना पछि फेरी आउँनु है” भनेर केटीको बाबु भाका राख्छन् । बीचको १ महिनाको समयमा केटाको चाल चलन बुझ्न, १५ दिन देखि १ महिना सम्म केटालाई केटीको घरमा राख्ने चलन पनि छ । त्यस समयमा केटाले हर तरहले केटीको परिवारलाई सहयोग गर्ने, घरको काम गर्ने र केटीको परिवारलाई रिझाउँने गर्दछ । तर, पछिल्लो समयमा भने यो नियम हराउँदै गएको छ ।

यदि केटीको त्यस केटासंग विवाह गर्न बेमन्जुरी भएमा केटा पक्षबाट ल्याएको सगुनमा केटीको बाबुले एक बोतल रक्सी थपेर आफ्नो छोरी बेमन्जुर भएको बताँउछन् । भेला भएको रक्सी दुवै तर्फले संगै बसेर खाएपछि मात्र सम्बन्ध तोडिएको मानिन्छ । यसरी एक पटक माग्न गएका ठाउँमा, एउटै सम्बन्ध लिएर फेरी बार-बार जाने चलन भने यस जातिमा छैन । (स्थलगत सर्वेक्षण, ०२७२

### ५.३.२. सम्धि-सम्धिनीको सम्बन्ध जोड्ने विधि (विहाई बेहेनी सामान्धा जोरेका विधी)

विहाई-बेहेनीको रित बुझाउँने दिन केटा र केटीको बाबु अनिवार्य जानुपर्छ । यो रित केटीको घरमा नै गर्ने चलन छ । यो रित बुझाउँन पन्ध्र जना सम्म जाने चलन छ । केटीको घरमा पुगेपछि दुई बोतल रक्सी र थालमा काटेको सुपारी, पानको पत्ता, बिंडी राखेर केटीको बाबुलाई दिइन्छ । त्यसपछि “केटा तर्फको सम्धि र केटी तर्फको सम्धिको सम्बन्ध जोडन आज हामी आयौं भन्छन् । त्यस पछि उपस्थित केटा तर्फका आफन्तहरू, माझि तथा केटी तर्फको सबैजना भेला भएर दुबै तर्फको सम्बन्ध सोधिन्छ । थर, कुल, बंश के-के छ ? विवाह गर्नु राम्रो हुन्छ कि हुँदैन ? केटा र केटी राजिखुशी छन् कि छैनन ? भनेर पुन एक पटक सोधिन्छ । सबै तिरबाट सकरात्मक जवाफ आएमा केटी तर्फका सबै परिवारले ”हामीले छोरी दियौं र तपाईहरूको प्रस्ताब मन्जुर गर्दै रक्सी खायौं” भन्छन् र सबै केटी पक्षले सगुन स्वरूप रक्सी लिन्छन् । त्यसपछि “हाम्री चेलीले दुःख नपाओस, बाबु-आमाको घरमा रुँदै नआओस भनेर केटाको बाबु र केटा तर्फका आफन्तहरूलाई शर्त राखेर मात्र विवाहको कुरो अघि बढाईन्छ । केटा पक्षकाले केटीलाई कहिले पनि दुःख नदिने वाचा गर्छन् । दुवै तर्फ बाट यति कुरो भएपछि दुवैका आफन्तहरू तथा माझि सहितलाई केटा तर्फवाट लगेको एक भार (दुई बोतल) रक्सी, मासु, चिउरा, आदी खुवाइन्छ र सम्धि-सम्धिनि सम्बन्ध जोडिन्छ । त्यसपछि केटी तर्फका मानिसहरूले आफ्नो भाषाको “जारी-जारी सोना काङ्को -जाउ-जाउ मेरी सुनजस्ती छोरी” भनेर गीत गाउँछन् । केटी तर्फको गीत सकिएपछि केटा तर्फले पनि गीत गाउँनु पर्दछ । गीत गाउँन नसकेमा एक बोतल रक्सीको साथमा चलन अनुसारको पैसा राखेर

“हामीले गीत गाउँन सकेनौं, हामीलाई माफ गरिदिनु भनेर ढोग्नु पर्छ । गीत गाउने कार्यक्रम सकिए पछि विवाहको मिति तोक्ने काम हुन्छ । केटाको बाबुको तर्फबाट २ बोतल र केटीको बाबुको तर्फबाट १ बोतल रक्सी राखेर विवाह हुने दिन, बार, महिना तोकिन्छ । यसरी विवाहको मिति तोके पछि केटीको परिवारतर्फबाट आफ्नो गच्छे अनुसारको खान पिन गराएर विदा दिइन्छ । यसरी विहाई वेहेनीको रित पुरा गरिन्छ ।

यो रित पुरा गरेपछि केटीमाथि केटाको हक लाग्दछ । कुनै कारणले विवाह पुर्व नै रित पुरा भएकी केटी अर्कैसंग हिडेमा वा केटीका अभिभावकले त्यस केटासंग कुनै कारण विहे गरिदिन अस्विकार गरे भने केटा पक्षले आफ्नो लागेको खर्च (जारी खर्च) को मागदाबी गर्न सक्दछ । यस ‘विहाई वेहेनीको रित पुरा गर्ने प्रकृयालाई धिमालहरूले विवाहको पहिलो चरणको कार्य सम्पन्न भए सरह मान्दछन् । सम्धि- सम्धिनिको सम्बन्ध जोडेको छ महिना भित्र विवाह गर्नु पर्ने नियम यिनीहरूमा छ । (स्थलगत सर्वेक्षण, २०७२

### ५.३.३ विवाहको दिनको काम (विहु दिन)

विवाहको दिन बेहुलाको घरमा सबैजना छर-छिमेकी, आफन्तहरू र उनीहरूका मुखिया (माझीवाराङ्ग) भेला हुन्छन् । बेहुलाको घरमा बेहुला पक्षले आफ्नो ईच्छा र गच्छे अनुसारको विहे भतेर खुवाउँछन् । यी धिमाल जातीमा विवाहको दिनमा आएका सबै आफन्त र छिमेकीले एक-एक बोतल रक्सी अनिवार्य रूपमा लिएर आउँनु पर्ने नियम छ । तर, आर्थिक अवस्था कमजोर भएका र अशक्तका लागी भने यो नियममा छुट हुन्छ ।

#### क) पोषाक

विवाहको दिन दुलाहालाई नुहाइधुवाई गरिसके पछि उसलाई श्रृंगार गर्ने काम हुन्छ । यस क्षेत्रका धिमाल दुलाहाहरूको पहिरन आफ्नै प्रकारको हुन्छ । दुलाहाले सेता रंगको कमिज या कुर्ता र सेतै रंगको सुरुवाल लाउँने गर्दछन् र टाउकोमा सेतो रंगको फेटा पनि गुतेका हुन्छन् ।

उता बेहुलीको घरमा पनि विवाहको दिन सवै छर-छिमेकी तथा मान्यजनहरू भेला हुन्छन् । बेहुलालाई झैं बेहुलीलाई पनि नुहाई-धुवाई गरि सकेपछि श्रृंगार गर्ने काम हुन्छ । बेहुलीले कालो पेटानी र रातो चोलो लगाउँछन् र टाउकामा घुम्टो ओड्छन् । साथै कम्मरमा सेतो कपडा बाँध्नु पर्दछ । बेहुलीको लोकन्तेले पनि धिमाल पोषाककै कालो पेटानी र चोली लगाएर जानु पर्दछ ।

**ख) वाजा गाजा**

धिमाल अगुवाहरूले आफ्नो संस्कृति बचाउँने तथा रमाईलो गर्ने हेतुले यस क्षेत्रमा धिमालहरूले विवाहमा ढोल एकतारे (उर्नि), तुन्जाई, बाँसुरी, गोमना वाजा बजाउँछन र आफ्नो भाषाका गितमा नाचगान पनि गर्ने गरेको बताए । दमाइबाजा, वेण्डबाजा बजाएर अरु जातलाई पैसा ख्वाउनु भन्दा आफ्नै जातले पैसा कमाउनु भनेर नै धिमालहरूले आफ्नो जातिय बाजालाई बढी मान्यता दिएका हुन । आज भोली भने माइकमा धिमाल भाषाको गीत घन्कीएको पनि सुन्न पाइन्छ ।

**५.३.४ जन्ति जाने विधि (जन्ति हानेका )**

विवाहको दिन आफ्नो पोषाक लगाएर बेहुलालाई आफ्नो घरको आँगनमा उभ्याइन्छ । त्यसपछि बेहुलालाई, जन्तिलाई कसैलाई पनि बाटोमा खोला, नाला, हुरी-बतास केहीको अड्चन नआओस भनेर बेहुलाको हजुरबा-हजुर आमा, तथा बुवा-आमाले कुल देवताकोमा पुजा गर्छन् । बेहुलालाई रातो अक्षताको टिका र दुवोको माला लगाई दिन्छन् । त्यसपछि क्रमैसंग बेहुलाको परिवार र अन्य जन्ति जान तयार परेका आफन्त, गाउँलेहरूले पनि अक्षताको रातो टिका लगाएर तयार हुन्छन् । एक भार (दुई ध्याम्पा) रक्सी साथै बोतलको रक्सी र हुक्का-चिलिम आदि सामग्री आँगनमा राखिन्छ र सबै चिजलाई अक्षताले पुजा गरिन्छ । त्यसपछि, बेहुलाको भिनाजुले एक वोतल रक्सी र चलन अनुसारको पैसा राखेर वेहुलाको खुट्टामा पानी हालेर सबैलाई ढोग्छन । यो रित दिदीको विवाह भएमा भेनाले गर्छन भने विवाह नभएमा बेहुलाको दाजुले गर्ने चलन छ । जन्ति जानको लागि सवारी जे पनि हुन सक्दछ । सम्पन्न व्यक्तिहरूले मोटर, कारमा बेहुला र जन्तिलाई लान्छन भने आर्थिक अवस्था कमजोर भएका मानिसहरूले गोरुगाडालाई सिंगारेर पनि लाने गर्ने गरेको उनीहरूले बताए ।

**५.३.५ बेहुलीको घरमा जन्तिको स्वागत गर्ने विधि**

स्थानिय वासिन्दाहरूले जब जन्ति बेहुला सहित बेहुलीको घरको केही नजिक पुग्दछ, त्यहाँ सबै जन्तिहरूले आफुसंग भएको रक्सी, सर्वत खाएर केही समय विश्राम गर्ने गरेको बताए । यसलाई धिमाल भाषामा ‘जन्तिगालाई माइसाचाका’ भनिन्छ । त्यसपछि बेहुलीको घरबाट बुढापाका तथा पंचहरूले बेहुला र जन्तिलाई आउन आमन्त्रण गर्दछन् । बेहुली घरका केटीहरूले प्रवेशद्धारामा बेहुला पक्षको स्वागत गर्दछन् । स्वागत पछि प्रवेश गर्ने क्रममा बेहुली तर्फका युवाहरू (केटाहरू) ले बेहुलाको बाटो छेक्छन र रित स्वरूप २ बोतल रक्सी र चलन

अनुसारको पैसा लिन्छन । त्यसपछि बेहुली तर्फका समाजका बुढापाकाहरूले पनि बाटो छेकी १ बोतल रक्सी र पैसा लिन्छन् । त्यसपछि बेहुलालाई स्वागत गर्दै बाटो छाड्दै जान्छन् । बेहुली घरका केटीहरूले पनि बेहुलातर्फका सबैलाई अक्षता, रंग आदिले पर्सिन्छन् र रित स्वरूप १ ध्याम्पा जाँड, १ बोतल रक्सी तथा चलन अनुसार केही पैसा लिन्छन् । त्यस पछि बेहुलालाई सजाइएको स्वयंवरको कुर्सीमा लगेर वसाईन्छ । त्यही आफ्ना संगीनीहरू, बैनिहरू सहित आएर बेहुलीले कलसको पानी छर्केर बेहुलाको परिक्रमा गर्दै बेहुलालाई दुवोको माला लगाइदिन्छिन् । त्यसपछि बेहुलाले पनि आफ्नो आर्थिक अवस्था अनुसार सुन-चाँदी या फुलको माला र औठी लगाइदिन्छ । उपस्थित सबै जनाले अक्षताले बेहुला बेहुलीलाई पर्सिन्छन् र स्वयम्बरको कार्य सकिन्छ ।

### ५.३.६ विवाहको रित दस्तुर बुझाउने विधि

स्वयवरको कार्य सम्पन्न भएपछि मागी विवाहमा धिमाल जातिले धानाकाउरी, दुघाउली, कान्तामा, माझी, चुमान, धामी, पंचौली जस्ता विभिन्न रितहरू बुझाइन्छ । "धानाकाउरी रित दस्तुरमा २ वटा सुपारी, २ पैसा र एक वोतल रक्सी बेहुली तर्फका युवा केटाहरूलाई बुझाउनु पर्दछ । धामी-माझी (मुखिया) लाई १-१ बोतल रक्सी र १-१ बोतल निघार बुझाउनु पर्दछ । पंचौली रितमा पनि बेहुली पक्षका पंचलाई बेहुला पक्षले १ बोतल रक्सी र चलन अनुसारको पैसा बुझाउनु पर्दछ । दुधाउली रित-दस्तुरमा स्याहार-सुसारको भाग भनेर बेहुलीको आमालाई एक बोतल रक्सी र दुई रूपैया पैसा बुझाउनु पर्दछ । कान्ताका रित-दस्तुरमा बेहुलीको बाबुलाई बेहुला तर्फले नाङ्लामा पानको पात, एक बोतल रक्सी र पैसा राखेर बुझाउँनु पर्दछ ।

यसरी खाने काम सकेपछि दान दिने विधि शुरु हुन्छ । सबैभन्दा पहिला बेहुलीका आमा बाबुले बेहुला-बेहुलीलाई टिका लगाएर आर्शिवाद दिन्छन् । आफ्नो गच्छे अनुसारको भाँडा-बर्तन, लुगा, पेटानी, ओड्ने बस्त्र तथा अन्य चिज दिन्छन् । त्यस पछि सम्पूर्ण बेहुली पक्षले पनि आर्शिवादका साथमा आफुले ल्याएको चिजबिज बेहुला-बेहुलीलाई टिका लगाएर दिन्छन् । अन्तमा सम्पूर्ण कार्य सकिए पछि बेहुलीको घरबाट एक ध्याम्पा जाँड र एक बोतल रक्सी बेहुला तर्फलाई दिएर बेहुली सहित सबैलाई विदा दिन्छन् । बेहुला तर्फले ल्याएको रक्सी रहेमा बेहुली घरमा पनि माझि (मुखिया), गाउँलेलाई खुवाएर विदा दिन्छन् । विवाहमा काम गर्न सघाउने केटा-केटीहरूलाई पनि आफ्नो आर्थिक अवस्था अनुसारको पैसा, कपडा दिएर विदा गरिन्छ ।

### ५.३.७ बेहुली भित्र्याउने विधि

बेहुलीको घरमा सम्पूर्ण विधिहरू पुरा गरेर बेहुलाका घरमा आएपछि बेहुला र बेहुलीलाई तन्ना-झल्ला ओछ्याएर खाट-बेन्चमा बस्न दिइन्छ । त्यसपछि बेहुलाको बाबु-आमा, आफन्त र छर छिमेकले क्रमशः टिका लगाएर आर्शिवाद, पैसा दिन्छन् । आफन्त तथा गाउँका आफ्ना जातिका छिमेकीहरूलाई जाँड-रक्सी ख्वाइन्छ । त्यसपछि बेहुला बेहुलीमा केही साइनो परेमा पाप नलागोस भनेर माझी बाराङ्ग (मुखिया)ले सानो कुखुराको चल्ला काटेर त्यसको रगत पानी मिसाएर छर्किदिन्छन । त्यसपछि सम्पूर्ण विधिहरू पुरा गरिसकेपछि बेहुलाले बेहुलीलाई आफ्नो घरभित्र भित्र्याउँने गर्दछन् ।

यसरी बेहुली भित्र्याउँने सम्पूर्ण संस्कार वा रितहरू पुरा गरिसकेपछि रातीको भोजन गर्दछन् । यस भोजनमा आफ्ना माझी, पंचहरू धामी र गाउँका ठूलावडा मान्यजनहरूलाई स्वयं वेहुला-बेहुलीले भोजन गराउँनु पर्दछ । अन्त्यमा चलन अनुसारको पैसा दिएर धामी माझीलाई पनि विदा दिइन्छ । यसरी सम्पन्न भएको विवाहका नव दुलाहा-दुलही विवाह भएको एक महिना भित्र नै एक ध्याम्पा जाँड, एक बोतल रक्सी तथा पिठोका डल्लाहरू लिएर माइत ससुराल जाने चलन छ । (स्थलगत सर्वेक्षण, २०७२

### ५.४. प्रेम विवाह

स्थानियवासीहरूका अनुसार धिमाल समाजको अर्को प्रचलित विवाह प्रेम विवाह हो । हुनत प्रेम विवाह गर्ने चलन आजभोलि सवै जातिमा आएको छ । शिक्षित, अशिक्षित सबै जातिले प्रेम विवाह गर्ने प्रचलन रहेको छ । यस वारेमा गहिरिने हो भने हिन्दु धर्मका विभिन्न ग्रन्थहरूमा पुग्न सकिन्छ । जस्तै : महाभारतका पात्रहरू कृष्ण राधा, आदीलाई लिन सकिन्छ । केटा र केटी एक अर्कोमा प्रेम गरेर गरिने विवाहलाई प्रेम विवाह भनिन्छ । यसमा अभिभावकहरूको अनुमति विना केटाले केटीलाई भगाएर अर्को ठाँउमा केही दिन सम्म राख्दछ । पछि केटा केटी दुवैको अभिभावकहरू बीच सम्झौता भएपछि केटी घरमा भित्र्याउँछ । यो विवाह गर्दा कुनै विधि विधान र रित गरिदैन । यस विवाह प्रति अहिले धामीहरूको राम्रो दृष्टिकोण पाईन्छ । यो विवाहको प्रचलन दिन दिनै यस क्षेत्रमा वढ्दै गएको कुरा स्थानिय धिमालहरूले वताउँछन् । अनुसन्धानको कममा प्रेम विवाहबारे जिज्ञासा राख्दा यस क्षेत्रका केहि धिमाल भन्दछन् विशेष गरेर मेला पात, हाट वजार विभिन्न प्रकारको उत्सवहरूसँगै अध्ययन गर्ने, सँगै काम गर्दा उनीहरू एक अर्काको स्वभावसँग घनिष्ट रूपले

परिचित हुने मौंका पाँउछन् । जसवाट त्यही घनिष्टताको आधारमा प्रेम विवाह गर्दछन् । केटा केटीले प्रेम विवाह गरेमा यस क्षेत्रका कतिपय धिमालहरूले आफ्नो छोरा छोरीहरूलाई कुनै विधि नगरिकनै भित्राउँछन् भने कतिपयले आफूलाई मन नपरेको भएमा भित्राउँदैनन ।

यस्तो अवस्थामा केटा र केटी अन्यत्र गाउँमा गएर वस्दछन् जव अभिभावकले वोलाउँछन् तव उनीहरू आउँछन् । यस क्षेत्रमा वसोवास गरेका धिमालहरूमा प्रेम विवाहलाई हेर्ने दृष्टिकोणमा पनि फरक पाइयो । मागी विवाह गर्नेले पनि प्रेम विवाहलाई राम्रो दृष्टिकोणले पनि हेर्ने गरेको पाइयो । यस क्षेत्रका धिमालहरू प्रेम विवाहलाई कस्तो दृष्टिकोणले हेर्दछन् भनेर तलको तालिकावाट स्पष्ट पारिएको छ ।

**तालिका न. ४**

**प्रेम विवाहलाई हेर्ने दृष्टिकोण**

| क.स | हेर्ने दृष्टिकोण | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | राम्रो | २४ | ५५.८१ |
| २. | नराम्रो | ७ | १६.२८ |
| ३. | ठिकै | १२ | २७.९१ |
| | जम्मा | ४३ | १०० |

(स्थलगत सर्वेक्षण, २०७२)

**राम्रो**

- अहिलेको शिक्षित युवा युवतीहरूलाई प्रेम विवह ठिक लाग्ने, केटी हेर्न जान झन्झट नहुने र आफूले मन पराएको केटा केटी पाउने भएकोले धेरै जसो ले प्रेम विवाह लाई राम्रो मानेका छन् ।

**नराम्रो**

- बुढा बुढी र पुरानो सोच विचार भएका प्रेम विवाहलाई राम्रो मानेनन् ।

**ठिकै**

) अहिलेका युवा युवतीहरूले प्रेम विवाह पनि नराम्रो होइन ठिकै छ पनि भनेका छन् । कतिपयले आफुले मन पराएको केटा वा केटी ल्याउन जान पाउछ भने ठिकै हो भनेका छन् ।

माथिको तालिकामा प्रेम विवाहलाई राम्रो दृष्टिकोण वाट हेर्नेको जनसंख्या २४ जना (५५.८१ प्रतिशत) सबै भन्दा वढी पाइयो भने नराम्रो दृष्टिकोणवाट हेर्नेको जनसंख्या ७ जना (१६.२८ प्रतिशत) पाइयो र ठिकै लाग्नेको जनसंख्या १२ जना (२७.९१ प्रतिशत) पाइयो । यस क्षेत्रका धिमालहरू प्रेम विवाह प्रति निकै आकर्षित हुँदै गएको पाइयो । यस विवाहलाई राम्रो दृष्टिकोणले हेर्नुको कारण यस क्षेत्रका धिमालहरू बताउँछन् यो मागी विवाह जस्तो विधि पुर्‍याएर लामो गरिदैन । छोटो समयमा विवाह पुरा हुन्छ । कुनै पनि विधि र रितहरू पुरा गरिदैन । खर्च पनि कम लाग्छ । सबै भन्दा ठुलो कुरा आफुले चाहे जस्तो जीवन साथी भेटिसकेपछि घरायसी व्यवहार र जीवनमा आइपर्ने कुराको निर्णय गर्दा श्रीमान श्रीमतीको भुमिका समाजमा रहने भएकोले प्रेम विवाहलाई राम्रो मानेको पाईयो ।

अनुसन्धान क्रममा प्रेम विवाहलाई नराम्रो लाग्नुको कारण यस क्षेत्रका केही धिमालहरूले यसरी व्यक्त गर्दछन् । कुनै पनि आमा वुवाले संन्तान जन्माईसके पछि उसको विवाह गर्दिनु कर्तव्य भएको भएपनि आफ्नो कुलको धर्म संस्कृति, परम्परा र रितिरिवाजलाई वास्ता नगरि प्रेम विवाह गर्दछन् । यसरी सवैले प्रेम विवाह गरेमा आफ्नो परम्परागत मागी विवाह लोप हुने अवस्थामा आउँछ भन्ने मानसिकताले गर्दा प्रेम विवाहलाई राम्रो नमानेको पाइयो । उनीहरूको भनाई यस्तो किसिमको पनि पाइयो कि, प्रेम विवाह गरिसकेपछि प्राय छोराहरू आफुवाट छुट्टिएर अलगै वस्ने र छोरीहरूले प्रेम विवाह गरेर गएमा मागी विवाह गरेर गए जस्तो सम्मान उसको ससुराली घरमा नपाउँने । सबै यो विवाह गर्ने वित्तिकै सफल हुन्छन् भन्न सकिदैन । प्रेम विवाह गर्ने कतिपयहरू झगडा गरेर अलग वसेका पनि छन् । मागी विवाह गर्दा दुई परिवारको सम्बन्धवाट भएको हुन्छ र उनीहरू झगडा गरेमा सम्झौता गरेर उनीहरूलाई मिलाउँन सकिन्छ तर प्रेम विवाहको हकमा त्यो लागु हुदैन । कतिपय धिमालहरूको भनाई यो पनि पाइयो कि कुनै केटा वा केटीको प्रेम विवाह आफ्नो जातको राम्रो केटा वा केटीसंग गरेमा यस विवाहलाई उनीहरूले ठिक्कै पनि मानेको पाइयो ।

## ५.५. अदालती विवाह

कुनै पनि केटा वा केटीले ऐन कानून अनुसार विवाह योग्य उमेर भएपछि अदालतमा साक्षी राखेर गरिने विवाहलाई अदालती विवाह भनिन्छ । अथवा केटा केटीले एक अर्कालाई मन परापर गरिसके पछि अभिभावकको स्विकृति वेगर अदालतमा गएर दुवैको सहमतीमा गरिने विवाह नै अदालती विवाह हो । यस क्षेत्रका धिमालले धेरै मात्रामा यस विवाहलाई उपयुक्त मान्दछन् तर उनीहरू समाजको डर वा वुढापाका व्यक्तिहरूको डरले यो विवाह गर्ने हिम्मत गर्न सक्दैनन् । विशेष गरेर अन्तरजातिय विवाह वा अभिभावकहरूको अस्विकृति भएको वेलामा अदालती विवाह गर्दछन् ।

## ५.६. चोरी विवाह

पहिला पहिला यस क्षेत्रका धिमालहरूमा चोरी विवाहको निकै नै प्रचलन रहेता पनि हाल आएर प्रेम विवाहको प्रचलन भित्रिनुले चोरी विवाहमा कमि देखिएको छ । अझै पनि चोरी विवाह केही मात्रामा भने गर्दछन् ।

यस जातिमा चोरी विवाह गर्नु पर्ने प्रमुख कारण केटाको आर्थिक अवस्था हो । केटा केटी तथा दुवै तर्फका अभिभावकहरू विवाहका लागि मञ्जुर छन् तर केटा पक्ष तुरुन्तै विभिन्न रित दस्तुर वुझाएर मागी विवाह गर्न सक्दैन भने र चोरी विवाह नै आफ्नो परिवारलाई फाप्छ भन्ने विश्वास भएमा हाट वजार वा मेला, जात्रामा केही मानिसहरूको सहयोगवाट केटाले केटीलाई झुक्याएर आफ्नो घरमा भित्रयाउँछ । परिवारको सहयोगमा घरवाटै पनि केटाले केटीलाई लाने चलन रहेको छ । पछि अनुकुल समयमा आर्थिक सुधार भएपछि विवाह गर्ने चलन छ । समाजको स्विकृति वा मान्यता प्राप्त गर्न भोजभत्तेर गरेर विवाह सम्पन्न गुर्न पर्दछ । चोरी विवाहवाट जन्मिएका सन्तानको पनि तवसम्म रित सहित विवाह हुन सक्दैन जव सम्म उसका वावु आमाको विवाह हुदैन । यदि विवाह हुनु पूर्व नै मृत्यु भएमा चितामा नै विवाह गर्ने विधि फुकाउने नियम पनि यस जातिमा रहेको छ । यस किसिमको विवाहवाट ल्याएकी केटी तथा सन्तान देव कार्य, पितृ कार्य र मृत्यु संस्कारमा नचल्ने तथा पछि गएर विवाह गर्दा उत्ति नै खर्च हुने भएको हुदा यस क्षेत्रमा धिमालहरूले यस्तो प्रकारको विवाहलाई मन नपराएको पाइएता पनि समाजमा भने आर्थिक समस्याले गर्दा यो विवाहको प्रचलन अझै पनि रहेको स्थानिय अगुवाहरूले बताए ।

## ५.७ विधुवा विवाह

धिमाल समाजमा विधवा विवाहलाई त्यत्रो ठूलो विषय सम्झेर मान्यता नै प्रदान नगरे तापनि विधावालाई विवाह गर्न या कुनै पुरुष छान्न भने पहिला देखि नै छुट छ । यस समाजमा स्त्री वा पुरुष दुवैले आफ्नो लोग्ने वा स्वास्नी मरेमा पुन विवाह गर्न पाउँछन । यदि कुनै महिलाको लोग्ने मरेमा यदि त्यो विधवा महिलाको सन्तान भएमा उसको सन्तानलाई पनि आफ्नो ठानेर त्यस महिलालाई कुनै पनि पुरुषले स्विकार गर्न सक्तछ । धिमाल समाजमा यसलाई सामान्य रूपमा लिएको पाइयो ।

यस समाजमा विवाहको सन्दर्भमा महिलाहरू पनि स्वतन्त्र नै छन् । अनुसन्धानको क्रममा यस क्षेत्रका वासिन्दाहरूलाई विधवा विवाह गर्न सहमति छ कि छैन भनेर प्रश्न गर्दा कसैले सहमति छ भने कसैले सहमति छैन भनेका थिए । जसलाई तलको तालिकावाट देखाइएको छ ।

**तालिका नं ५**

**विधवा विवाहमा सहमति**

| क्र.सं. | सहमति | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | छ | २५ | ५८.१४ |
| २. | छैन | १८ | ४१.८६ |
| | जम्मा | ४३ | १०० |

(स्थलगत सर्वेक्षण, २०७२)

तालिका नं. ५ वाट के स्पस्ट हुन्छ भने यस क्षेत्रमा धिमाल समुदायले बढी मात्रामा विधवा विवाहलाई सहमति जनाएका छन् । सहमती जनाउनेमा २५ जना (५८.१४ प्रतिशत) देखिए भने १८ जना (४१.८६ प्रतिशत) ले यस विवाहलाई सहमति जनाएनन् ।

<u>छ</u>

) अहिलेका शिक्षित युवा युवतीहरूको विचारमा एउटा विधुवा महिलाले पनि विवाह गर्न पाउनुपर्छ भनेर सहमति दिएको छ । जुन घरमा शिक्षित व्यक्तिहरू छन् त्यस घरमा कुनै विधवा महिला छिन् भने उमेर हुदा हुदै उ विधवा भयो भने कुनै केटाले वा बुढी मरेको ले विवाह गर्न चाहन्छ भने उसलाई विवाह गर्न सहमति दिन्छ ।

**छैन**

) धिमाल समुदायमा जुन घरमा पढेलेखेका हुदैनन् शिक्षाको कमी हुन्छ त्यस घरमा छोरी या बुहारी विधवा भए उनीहरूलाई विवाह गर्न सहमति दिदैन । अनि कतिपय मानिसहरू विधवा लाई विवाह गर्न हुदैन राम्रो हुदैन भनेर सहमति दिदैन ।

विधवा विवाह सम्वन्धि जानकारी लिदां स्थानियहरूले यस विवाहलाई राम्रो मानेका छन् । विधावले पुन विवाह गरेमा पनि सामाजिक निन्दा वा धार्मिक वन्धन छैन । विवाह गरे पश्चात पनि समाज र परिवारले सहजै माया र आदर गर्ने गर्दछन् । कुनै किसिमले भेद गरिर्दैन । विधवा विवाहलाई समाजले मान्यता दिइएको छ । विधवा भएर जिन्दगी विताउन एकदमै गाह्रो हुन्छ, विधवा विवाहको चलन चलाएमा उसको जिन्दगी वन्छ, यस प्रकारको विवाहलाई प्रोत्साहन गर्नु पर्दछ भन्ने सकारात्मक धारणा पाइयो । विशेष गरेर आजका यस क्षेत्रका युवाहरूले विधवा विवाह गर्नलाई सहमति जनाए ता पनि उनीहरू आफु चाहि हतपति विधवासँग विवाह गर्न अगाडि नसरेको पाइयो ।

कतिपय वुढा वुढीहरूले विधवा विवाह गर्न सहमति नदिने गरेको पाइयो किनकी उनीहरूको विचारमा विधवालाई विवाह गर्न आजका युवाहरू त्यती छिटै अगाडि नसर्ने गरेको वताए । विधवाको सन्तान छैन भने त उसले विवाह गरे पनि केही फरक नपर्ने तर सन्तान भएमा विवाह गरेर गएको दोस्रो लोग्नेले हेर्दछ भन्ने कुनै निश्चित हुदैन । त्यसकारण यस क्षेत्रका कतिपय धिमालहरूले विधवा विवाह गर्न उनीहरूको सहमति नभएको वताए ।

## ५.८ जारी विवाह

यस क्षेत्रका धिमाल समाजमा जारी विवाहको प्रचलन पनि पाइयो । कुनै एउटा पुरुषले अर्काको स्वास्नीलाई भगाएर विवाह गरेर लैजानुलाई नै जारी विवाह भनिन्छ । यस समाजमा पहिले पहिले जारी विवाह धेरै नै हुने गरेको यसै क्षेत्रका वासिन्दाहरू बताउँछन् । हाल आएर जारी विवाहमा सुधार भएको छ । जारी विवाह हुनुको प्रमुख कारण श्रीमान श्रीमतीको झगडा वा अन्य घरायसी झगडाले गर्दा हुन सक्दछ । कुनै पनि महिलाले आफ्नो पतिलाई छोडि अर्को व्यक्तिसंग विवाह गर्न सक्छिन् । उसलाई विवाह गरेर लग्ने लोग्नेले जारी तिर्नु पर्छ । तर, कुनै ठाँउ र अवस्था अनुसार पहिलो लोग्नेले त्यस महिलाको दोस्रो लोग्नेलाई जारी तिर्न लगाउँदछन् पनि ।

यदि पहिलो लोग्ने छोड्ने महिलाको गहना तथा रूपैया पैसा लिएको छ भने दोस्रो लोग्नेले सबै हिसाव गरेर पहिलो लोग्नेलाई वुभ्काउनु पर्दछ भनेर यस क्षेत्रका धिमालहरूको भनाई पाइयो । आफ्नो जातको समाज भेला पारेर सबै गरगहना, नगदरूपैया वा भएको जाय जेथा त्यस महिलाको दोस्रो लोग्ने भएको नाताले बुभ्काउनु पर्दछ । उनीहरूको समाज भेला भएर जे निर्णय गर्दछ त्यो आज्ञा स्वास्नी लानेले मान्नै पर्ने हुन्छ । यदि समाजले त्यस महिलाको पहिलो लोग्नेलाई भने अनुसारको रकम दिनु पर्दछ भनेर निर्णय गरेमा दोस्रो लोग्नेले उसलाई रकम दिनुपर्दछ । कसैकसैले जार नलिन पनि सक्दछन् । अनुसन्धानको क्रममा के थाहा हुन आयो भने जारी विवाहमा कहिले काही दुवै जारको बीचमा ठुलो वादविवाद र रिसिइवी भई अङ्ग भङ्ग हुने वा ज्यानको खतरा पनि हुन सक्दछ । जसले गर्दा समाजमा गम्भिर समस्या उत्पन्न हुन सक्दछ र वेला वखतमा यस्तो हुन आएको पनि थाहा भयो । यी विभिन्न कारणहरूले गर्दा यस क्षेत्रका धिमालहरूले जारी विवाह प्रचलन अभ्कै देखिएता पनि हाल आएर यो प्रचलन हट्दै गएको  पाइयो ।

समाजले पनि जारी विवाह गरेर आएको वा ल्याएकोलाई हेय दृष्टिले हेर्दछन् । त्यती सम्मान  दिदैन । जसले गर्दा पछि गएर मानसिक रूपमा असर पर्न सक्दछ यस प्रकारको प्रचलनलाई पुरै छोड्नु पर्छ भन्ने भनाई यस क्षेत्रमा पाइयो । अनुसनधान क्रममा जारी विवाह सन्दर्भमा एउटा महत्वपूर्ण पक्ष यदि आफ्नो लोग्ने छोडेर अर्कोसँग गएकी महिलाले फेरि पनि पहिलेकै लोग्नेसँग आउँन पाउँछे तर पहिलेको लोग्नेले यस समाजलाई भोज खुवाउँनु पर्ने जानकारी प्राप्त भयो । १५-२० वर्ष अगाडि सम्म पनि यो चलन थियो । हाल यो चलनलाई धिमाल युवाहरूले मन नपराएको पाइयो ।

## ५.९ सुपारी विवाह (ग्वाइ हुपाका विहु)

सुपारी विवाहको चलन अनुसार केटाले आफ्ना बाबु आमासँग सल्लाह गरेर आफुलाई मन परेकी  केटीलाई फकाएर वा भुक्याएर सुपारी खुवाउँने प्रयास गर्दछ । यदि केटाले केटीलाई सुपारी खुवाउँन सफल भएमा केटी मञ्जुर हुन्छे र त्यस केटीले उसँग विवाह गर्छिन् । यदि केटीले केटा मन नपाराएर सुपारी खान मञ्जुर नगरेमा केटी वा उसको परिवारको सहमती वा स्वीकृती विना आफ्ना केही साथीहरू सहित एकान्त पारेर केटीको पोल्टामा सुपारी हालेर जवरजस्ती केटाको घर लैजान तानिन्थ्यो । यसरी तान्दा केटीले इन्कार गरी भाग्ने प्रयास त गर्दथी तर केटाका धेरै साथीहरू र पूर्व तयारी भएकाले साथै केटीले पेटानी मात्र लगाउँने र ताना तान गरिरहेमा उक्त पेटानी फुक्लिएर केटी नाङ्गो हुने डरले सो जवरजस्तीलाई केटीले

स्वीकर गर्नुपर्दथ्यो । धिमाल बुढापाकाहरूको भनाई अनुसार उनीहरूको जातिय भेलाद्वारा यस प्रकारको विवाहलाई दण्डनिय घोषणा गरियो र बि.स २००९ देखि पूर्ण रूपमा प्रचलनबाट हटाइयो । (धिमाल, २०७२)

१९६० पछि संस्कृतिकरण को प्रक्रिया तिब्र बन्यो उच्च हिन्दु जातिका समुदाय सँगको सम्पर्क पछि क्रमिक रूपमा उनीहरूकै अनुशरण शुरु भयो । आधुनिकिकरणको प्रवेशले गर्दा शहरी संस्कृति धिमाल समाजमा पनि प्रवेश गरेको छ ।

# अध्यायछ

# धिमाल जातिको विवाह संस्कारमा आएको परिवर्तन

## ६.१ विगत : मौलिकता

धिमाल जातिय संस्कार र संस्कृतिमा विगत ईतिहास हेर्ने हो भने उनीहरूको आफ्नो मौलिक पहिचान र संस्कार थियो । नेपालको राजनीतिमा आएको परिवर्तनको क्रमसंगै विभिन्न जातजाति र भाषा भाषीको मौलिकतामा व्यापक हस्तक्षेप र नियन्त्रण भयो । यसैक्रममा तराईको आवादी फडानी गरेर बसेका धिमालहरूमाथि पहाडबाट बसाई सरेर तराईमा आएका समुदायले आफ्नो दासदासी बनाउँने देखि लिएर घर बाहिरका सवैजसो काममा उनीहरूलाई संलग्न गराउँन  थालियो । जसले उनीहरूको दैनिकीमा प्रत्यक्ष प्रभाव पारयो । जुन प्रभाव पहिल्लो समयमा विवाह सस्कारमा पनि परेको पाउँन सकिन्छ । विगत वर्षहरूमा धिमालहरूले विवाहलाई पर्व उत्सव र मनोरंजन गर्ने कार्यमा नलिएको पाइएता पनि विवाह गर्दा रित पुरयाउँने र सस्कारलाई मान्ने गरिन्थ्यो । यो क्रम नेपालको ईतिहासमा विसं २००७ सालको समयमा स्थिर रहेपनि त्यस पछिको समयमा भने विस्तर विस्तार परिवर्तन भएको पाइएको छ । पृथ्वी नारायण शाहको समयमा भएको नेपाल एकीकरण समयताका धिमालहरू पूर्णतह आफ्नो मौलिक सस्कारलाई आफ्नै किसिमले धान्दै आएका थिए । यो क्रम करिव २००७ सालसम्म लगभग निरन्तर नै रहेको स्थानिय वृद्धवृद्धाहरूले अनुसन्धानका क्रममा स्वीकार गरे ।

## ६.२ वर्तमान परिवेश

अनुसन्धान क्रममा धिमाल अगुवाहरूले विसं २००७ साल अघिको समयमा परम्परागत खेती किसान तथा सिकार खेलेर गुजारा गर्ने धिमालहरू त्यसपछिको समयमा आएको राजनीतिक परिवर्तनलाई आत्मसाथ गदै बसाईसराई र विकास निमार्णको क्रम विस्तार भए पछि चपेटामा दावी गरे । तिव्र गतिमा भएको वन जंगल फडानीका कारण सिकार खेल्ने पेसालाई प्रभावित वनायो । यस पछिको समयमा बसाईसराईबाट आएका अन्य समुदायसंगको हेलमेलका कारण उनीहरूको संस्कृतिमा देखासिखि भित्रिएको धिमाल समुदायका अग्रज व्यक्तिहरू बताउँछन् । खास गरि व्राम्हण क्षेत्री समुदायसंगको हेलमेलबाट विवाह र चाड पर्वलाई उत्सवका रूपमा मनाउँने थितिको थालनी भयो । यसक्रममा लवाई र खवाईमा क्रमश

प्रभाव देखिए पनि सामाजिक संस्कार र परम्परामा भने तिव्र थिचोमिचो भएको उनीहरू स्वीकार गर्छन् ।

"धार्मिक अनुष्ठान, पुजापाठमा ब्राम्हण पुरेत चलाउँने, तिथिमिति साईत हेराउँने, अन्य समुदायको विवाह सँस्कारमा सहभागिता हुने, रामायण-महाभारत जस्ता धार्मिक ग्रन्थलाई नाटकमा रूपान्तरण गर्ने जस्ता कार्यले गर्दा उनीहरूको मौलिक संस्कारमा क्रमैसंग परिमार्जन हुदै गएको पाईन्छ । त्यसपछि देशमा विकास निमार्णको कार्यले गति लिन थाले पछि झन उनीहरूको मौलिक संस्कारमा वृहत परिवर्तन भयो । तराईमा पूर्व पश्चिम राजमार्गको निमार्णले गर्दा उनीहरूको दैनिक जीवनमा समेत प्रत्यक्ष प्रभाव परयो ।" (दाहाल, २०३६)

वर्तमान परिवेशलाई तुलनात्मक अध्ययन गर्दा २००७ पूर्वको सस्कार र सँस्कृति पछिल्लो समयमा आएर परिमार्जनको क्रम यतिवेलासम्म पनि निरन्तर छ । कतिपय समाजिक सस्कारहरू देखासिखिको कारण अन्य जातिको सरह परिस्कृत भएको पाईन्छ भने बाँकी सस्कारमा पनि धेरैथोर नक्कल गरिएको उनीहरू स्वीकार गर्छन् । जस्तो विवाहमा दाईजो दिने थिति, स्वयम्वर गरि औठी लगाईदिने चलन, तीन दिनसम्म हुने विवाह कार्य एकै दिनमा सक्ने जस्ता परिवर्तनलाई हामी समयक्रमसंगै आएको परिवर्तन हो । यस्तै चेतनाका कारण उनीहरूमा रुढीवादी सस्कारलाई परिमार्जन गरिएको पनि पाइएको छ ।

तर, विगत र वर्तमानमा माई(खोला)पारी पश्चिम र वारी पूर्व बसोवास गर्ने समुदायका बीच उचित समन्वयको वातावरण धमिलो हुदै आएका कारण कतिपय सस्कार र सस्कृतिमा फरकपन पाउन सकिन्छ । माईपारी (पश्चिम)का बहुससख्यक धिमालहरू आफ्नो सस्कार सस्कृतिका वारेमा धेरैजसो अझै अचेत भएका छन् भने कतिपय मूल्य मान्यतालाई नाधेको पूर्वका धिमाल अगुवाहरूको आरोप छ । यस्तै माईवारी (पूर्व)का धिमालहरू स्थानिय राजवंशी समुदायसंगको बढी हेलमेलका कारण उनीहरूको सस्कृतिको हुवहु नक्कल गरेको आरोप पश्चिमकाले लगाउँने गरेका छन् ।

अनुसन्धानकर्ता संगको कुराकानी क्रममा यस्तै मतभेदका कारण केही समय यी दुई स्थानका धिमालहरूबीच आवत जावत समेत नभएको, समुदायमा भिन्न संस्कार रहेको आ-आफैले व्याख्या गर्ने गरेको आरोप प्रत्यारोप चलेको, स्थानिय वृद्धवृद्धाहरूले स्वीकार गरे । तर, पछिल्लो समयमा चेतनास्तरमा आएको वृद्धिका कारण दुई समुदायबीच हाल सौहाद्रपूर्ण सम्बन्ध स्थापित भएर जातिय सवालमा गंभिर वहस र छलफल हुन थालेको छ । ईतिहासलाई हेर्दा

२०२५ साल देखि धिमाल जातिमा प्रत्यक्ष रूपमा आधुनिकिकरणको प्रवेश पाएको, यसले करिव १० वर्षपछि अर्थात २०३५ साल पछिको समयमा तराईमा औलो उन्मुलन पछि थप आधुनिक संस्कारको अनुसरण गर्न थालेको तथ्याकं भेटिएको छ । २००९सालमा धिमाल जातिका अगुवा मानिने माझीहरूको भेलाले धनिले गरिवको छोरीलाई जवरजस्ती तानेर लाने गरिने चोरी विवाह/ सुपारी र जारी विवाह जस्ता चलनलाई रोक्ने नियम बसालेको पाइयो । यस्तै २०५० साल पछि धिमालहरूले जातिय अस्थित्व रक्षाका लागि राष्ट्रिय अधिवेशन गरि स्वजातिय परम्परालाई अनिवार्य रूपमा लागू गर्ने नियम बनाईयो । यसको उल्लंघन गर्नेलाई नगद जरिवाना गर्ने नियम बसालिएको पाइयो ।

## ६.३ परम्परागत मागी विवाहमा आएको परिवर्तन

परम्परागत रूपमा चल्दै आएको मागी विवाह संस्कारमा आज आएर परिवर्तन आएको छ । जसलाई तल वुदागत रूपमा राखिएको छ ।

### (क) संस्कारमा आएको परिवर्तन

स्थलगत भ्रमणका क्रममा स्थानियहरूले विगतमा मागी विवाह सम्पन्न गर्दा केटी तर्फवाट केटा खोज्ने काम गर्दथे भने हाल आएर यस्तो संस्कारमा परिमार्जित हुदै गएको बताए । छोराछोरीको विवाह गर्ने उमेर पुगेपछि अभिभावकहरू आफ्नो मनले खाएको केटा वा केटी फेलापारे पछि माग्नको लागि समय निश्चित गरि केटा वा केटीको घरमा लमी, आफन्तहरू वा अन्य तर्फका अभिभावकको सहमतिमा केटाले केटीसंग भेटघाट गर्न पाउँने, घुमफिर गर्न पाउँने यी सबै परिवर्तनहरू यी जातिहरूको अन्य समुदायसंगको आपसी घुलमिलले गर्दा आएको हो । त्यसैगरि विगतमा परम्परागत मागी विवाह सम्पन्न गर्न २-३ दिन लामो समय खर्चिने गरिन्थ्यो । तर, हाल यो समय सिमालाई घटाएर एक दिनमा झारिएको छ । केटाले केटी मन पराए पछि विगतमा केटाको चाल चलन बुझ्नलाई घरायसी काम गर्ने तरिका हेर्न केटी पक्षले केटालाई १५ देखि १ महिनासम्म केटीको घरमा राख्ने गरेकोमा अहिले यो नियमलाई धिमाल युवाहरूले स्विकारेका छैनन् । केटी पक्षवाट पनि वढि घरायसी कामको सट्टा उसको पढाई लेखाई तथा सिपमुलक कार्यमा उसको निपूर्णतालाई ध्यान दिन थालिएको छ ।

### (ख) विवाह गर्ने उमेरमा आएको परिवर्तन

अध्ययनका क्रममा विगतमा वेहुला र वेहुलीको उमेरको बीचमा ठूलो अन्तर रहने गरेको बताए । कुनै धनी महाजन पुरुषको पहिलो श्रीमती मरेको या अर्कासंग हिडेको खण्डमा सम्पत्तिको लोभमा परेर छोरी देउनिया(गाउँको महाजन)को घरमा जान्छे भनेर आफ्नी कम उमेरकी छोरीको विवाह गरि दिने परम्परा थियो । तर, चेतनामा आएको परिवर्तनका कारण आजभोली यस क्षेत्रमा धिमालहरूले यस्तो विवाहमा पूर्ण रूपमा वन्देज लगाएको पाईयो । हाल केटा छान्दा धनीको सट्टा शैक्षिक योग्यता भएको, कमाएर खान सक्नेलाई पहिलो प्राथमिकतामा राख्ने गरेको पाईयो । पहिले जग्गा जमिन भएको जमिनदारलाई छान्दथे । त्यसैगरि विगतमा केटी छनौट गर्दा कतिको काम गर्न सक्छे वा घर थाम्न सक्छे सक्दिन भन्ने मान्यतामा छानिन्थ्यो भने हाल आएर काम धेरै गर्नेलाई हैन पढे लेखेकलाई छान्ने गरेको पाइयो । पढे लेखेका वुहारी भएपछि दुःख हुदैन भन्ने सोचाई राखेर केटी छान्ने गर्दछन् । त्यसैगरि केटाहरूले पनि आफु धेरै नपढेको भएतापनि पढेलेखेकी केटी विवाह गर्न रुचाएको पाइयो । यस्तो किसिमको परिवर्तन हुनुमा शिक्षाले प्रभाव पारेको पाइयो । पढेकाले पढेकै केटी वा केटालाई छनौट गर्ने संस्कार धिमाल समाजमा वढ्दै गएको पाईयो ।

### (ग) पहिरन र गहनामा परिवर्तन

यसैगरि अध्ययन भ्रमणका क्रममा धिमाल वेहुला वेहुलीको पहिरन र गर-गहनामा पनि अन्य जातजातिको जस्तै परिवर्तन आएको उनीहरूले स्वीकार गरे । यस जातिको वेहुलाले विवाहमा सेतो कमिज, कुर्ताको सट्टामा आधुनिक कोट, पेन्ट अथवा ढाकाको दौरा सुरुवाल लगाउँछन् । धिमाल वेहुलाले गहनामा सुनको सिक्री, औठी, व्रासलेट लगाउँन थालेका छन् । डोली गोरु गाडामा वेहुला र जन्ति जान्ने व्यक्तिहरूलाई हेयको दृष्टिले हेर्ने हुनाले यसको सट्टा कार, गाडी, वस, ट्रक, ट्रयाक्टर जस्ता साधनमा नै जन्ति जाने गर्दछन् । वाजा पनि आफ्नो परम्परागत जातिय वाजाको सट्टामा आधुनिक वेण्ड वाजा तथा ‘साउण्ड वक्स’ लग्ने गर्दछन् । यसैगरि वेहुलीले पनि पहिले चोली र पेटानी लगाउँने गर्दथे भने अहिले आएर महङ्गो साडी लगाउँने गर्दछन् । आधुनिक किसिमको गरगहना प्रयोग गर्दछन् । हाल आएर चाँदीको भन्दा सुनको गहना वढी लगाउँने गर्दछन् । पोतेको चलन पहिले नभएकोमा अहिले अनिवार्य रूपमा पोते लगाउँने गरेको पाइयो । यसरी पहिरन र गहनामा आएको परिवर्तन अन्य जातिको देखेर देखासिखिको कारणले गर्दा आएको पाइयो । माईवारी(पूर्व)का धिमालहरू स्थानिय

राजवंशीहरूको संगतले राजवंशी परम्परा र पारी(पश्चिम)काहरूको दैनिक उठवस थारु समुदायसंग भएकाले कतिपयले थारु संस्कृतिलाई केही रूपमा अनुशरण गर्ने गरेका छन् ।

### (घ) विचारमा आएको परिवर्तन

विगतमा दुलही भित्राउँनु अघि कुखुराको चल्ला काटेर त्यसको खुन छर्केर भित्रयाउँने चलन भएकोमा अहिले आएर यस क्षेत्रका धिमालहरूले यो चलनलाई छोड्दै गएको छ । केराको पातमा भोज खुवाउँने चलन भएकोमा हाल पहाडे वस्तीसंगको उठवसका कारण आधुनिकतामा परिणत गरेका छन् । पातको सट्टा अहिले स्टीलको थाल वा भाडामा क्याटरिङ सिस्टमलाई प्रयोग गर्ने गरेको पाईयो । विगतमा वेहुलीलाई दाइजो स्वरूप पेटानी, चाँदीका गहना, काठको सन्दुक दिने गरेकोमा अहिले आएर यसको सट्टा महंगा साडी, कपडा, सुनको गहनाका साथै सोफासेट, पलंग, दराज आदी जस्ता सामानहरू दिने गर्दछन् । वेहुलीले कोसेली स्वरूप ल्याउँने मासु, रक्सी, जाँड तथा पिठोका डल्लाहरूको सट्टा अहिले विभिन्न परिकारहरू, रोटी, मिठाई तथा फलफूलहरू आदी ल्याउँने गर्दछन् । यी परिवर्तन हुनुमा यस क्षेत्रमा घिमालहरूको विचारमा आएको परिवर्तन हो । यसको मुख्य कारण प्रसारको कारणले गर्दा भएको स्थानियहरूले सर्वेक्षणक्रमा स्वीकार गरे ।

### (ङ) शिक्षामा आएको परिवर्तन

अध्ययनका क्रममा धिमाल समुदायमा बाजेबराजुको पालाबाट खेतीपाती गर्ने, शिकार खेल्ने, माछा मार्ने, परम्परागत रीतिरिवाजका कामहरू सिकाउने चलन चलिआएको बताए । यो परम्परा हालसम्म पनि कायम छ । त्यस्तै महिलाहरूले आफुले जानेको तान बुन्ने सीप तथा कला आफ्ना सन्तानहरूलाई सिकाउँदै आएका छन् । पहिलादेखि बाजेहरूले आफ्ना नाति, नातिनीहरूलाई केही सानातिना कला तथा सीपहरू सिकाउने, आफुले भोगेका अनुभवहरू बेलुका आगो ताप्दा, आँगनमा जम्मा हुँदा परिवारका सदस्यहरू भेला हुँदा बाँड्ने चलन थियो । अहिलेसम्म यो चलन चलिरहेको छ । विभिन्न कथाहरू आफ्ना सन्तानहरूलाई सुनाउने र जानकारी गर्ने जस्ता पुरानो परम्परा छ । परम्परागत संस्थाले गाउँटोलमा कुनै पनि मुद्दा मामिलाहरू आएमा, समस्याहरू देखा परेमा, संस्कार तथा संस्कृतिका कुराहरू बनाउने र लागू गर्ने कामहरू गर्दै आएका छन् ।

“धिमाल समुदायमा डिएफआईडी ई. २००१ मा लिएको तथ्याङ्क अनुसार विद्यालय जाने बालबच्चाहरूको प्रतिशत ६२.३२ छ । धिमालको निरक्षरको प्रतिशत ३९.७९ छ ।

डिएफआईडीको तथ्याङ्क अनुसार धिमालहरूको साक्षरता प्रतिशत ६० देखिन्छ । केन्द्रीय तथ्याङ्क विभागको ई. २००१ को तथ्याङ्क अनुसार धिमालहरूको साक्षरता प्रतिशत ५२.४४ छ । नेपालका धिमालहरू ई. २००९ फेब्रुवरी ९ र १० मा जेटिजेड, जर्मनी कार्यालयमा सोम बहादुर धिमालले प्रस्तुति गरे अनुसार धिमाल समुदायहरूमा प्रा.वि.स्तरमा भर्ना हुनेको प्रतिशत ८० देखि ८५ प्रतिशत देखिन्छ । कक्षा सात सम्ममा सो संख्या झरेर ७० देखि ८० प्रतिशतमा सिमित हुन्छ । सो संख्या कक्षा ८ वा जिल्ला स्तरीय परीक्षा सम्म आउँदा ४० देखि ६० प्रतिशतमा रहन्छ । कक्षा ९ र १० सम्म आउँदा सो संख्या २० देखि ३० प्रतिशतमा मात्र सीमित हुन्छ । प्रवेशिकासम्म आउँदा र उत्तीर्ण हुँदा सो संख्या १० देखि १५ प्रतिशत मात्र छ । उच्च शिक्षा र विश्वविद्यालयमा भर्ना हुने र अध्ययन पुरा गर्ने धिमालहरूको संख्या त नगण्य छ ।" (धिमाल, २०६८ प्रकाशोन्मुख)

यो तथ्याकंलाई आधार मान्दा स्थानिय शिक्षक तथा जानकारहरूले यही तथ्याकंलाई आधार मान्दा उपयुक्त हुने बताए । स्थानिय शिक्षकहरूका अनुसार गाविसको ६ र ७ नं वडामा उच्च शिक्षा हासिल गर्नेको तुलनामा निम्न माध्यामिक विद्यालयमा जाने विद्यार्थी र सो कक्षा सम्म अध्ययन गरेकोहरूको सख्या धेरै छ । यसैगरि निम्न माध्यामिकको तुलनामा प्राथमिक तहमा करि ८५ प्रतिशतसम्म शिक्षामा पहुँच भएको उनीहरूले दावी गरेका छन् । यहि आधारमा हेर्दा कुल जनसख्याको करिव ६० प्रतिशत शिक्षित रहेको भन्न सकिन्छ । यो तथ्यांक विगतको तुलनामा वढेको हो ।

यसै आधारलाई आधार मानेर हेर्दा शिक्षाका कारण पनि परम्परागत विवाह प्रणालीमा व्यापक सुधार गरि नयाँ शैलीलाई अपनाउने पीढीको आगमन भएको देखिन्छ ।

### (ङ) दाईजो प्रथामा आएको परिवर्तन

अध्ययनका क्रममा धिमाल समुदायमा पछिल्लो समयमा दाईजो प्रथाले विवाहलाई एउटा ठूलो सामाजिक संस्कारका रूपमा परिमार्जित गरेको पाउन सकिन्छ । विगतमा एक सरो लुगा तथा सामान्य चाँदीका गहना दिएर सकिने विवाह हाल फर्निचर देखि आधुनिक उपभोगका सामानहरू समेत दिने गरिने गरेको पाइन्छ । धिमाल नेता बलबहादुर धिमालका अनुसार हाल हुने खाने सक्नेले छोरीको विवाह गर्दा सक्दो खर्च गरेर घरायसी फर्निचर देखि सवारी साधन तथा जग्गासमेत दिने गरेको बताउनु हुन्छ । यस्तै केटाको शिक्षाको आधारमा पनि केटी पक्षले दाइजो दिने गरेको उहाँको दावी छ । तर, धिमाल जातिको विद्यान अनुसार

दाईजो प्रथालाई पूर्ण बन्देज लगाइएको भए पनि केहीले विद्यान वमोजिम दस्तुर तिरेर भडकिलो विवाह समेत गर्ने गरेको पाईन्छ । स्थानिय अन्य जाति समुदायको देखासिखीका कारण धिमाल जातिमा यो परिवर्तन आएको धिमाल अगुवाहरू स्वीकार गर्छ । यसै सन्दर्भमा दाईजो प्रथा कायम रहनु र यसको वारेमा तलको तालिकाबाट प्रष्टयाउने जमर्को गरिएको छ ।

**तालिका नं ६**

**दाईजो प्रथा कस्तो लाग्छ ?**

| क.सं. | असर | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | आर्थिक अवस्थामा सुधार | १२ | २७.९१ |
| २. | वेठिक हो | ३० | ६९.७७ |
| ३. | केही फरक पर्दैन | १ | २.३२ |
| | जम्मा | ४३ जना | १०० |

(स्थलगत सर्वेक्षण, २०७२)

अनुसन्धानका क्रममा समाजमा जकडिदै गएको दाईजो प्रथाका कारण विवाह संस्कारमा परेको असर तथा यसको उपयोगिताका वारेमा बुझने प्रयत्न गरिएको थियो । जहाँ दाईजो प्रथाका कारण परिवारको(केटा पक्षको) आर्थिक अवस्थामा सुधार आउछ भनि गरिएको प्रश्नमा करिव २७.९१ प्रतिशत अर्थात १२ जनाले सकारात्मक उत्तर दिएको थिए । यस्तै दाईजो प्रथा नकारात्मक संस्कार हो अर्थात वेठिक हो भन्नेमा कुन ३० जना अर्थात ६९.७७ प्रतिशतले जवाफ दिएका थिए । यस्तै केही फरक पर्दैन भन्नेमा न्यून अर्थात १ जना (२.३२ प्रतिशत)ले फरक जवाफ दिएका थिए ।

माथिको तालिकाले समाजमा पछिल्लो समयमा वढदो दाईजो संस्कारले राम्रो भन्दा नराम्रो प्रभाव पार्ने र यसले विकृति भित्राउने वारेमा सिधा जानकारी गराएका थिए । यसबाट के प्रष्ट हुन्छ भने सिमित व्यक्ति तथा परिवारले दाईजो प्रथालाई कायम राखेका कारण दिनप्रतिदिन विवाह एउटा भडकिलो संस्कार तथा गरिवहरूका लागि अभिसाफका रूपमा परिणत हुदै गएको स्वीकार गर्न सकिन्छ ।

## ६.४ प्रेम विवाह प्रति आकर्षण

केटा र केटी एक अर्कालाई मन पराएर गरिने विवाह प्रेम विवाह हो । आज भन्दा १०–१२ वर्ष अगाडि प्रेम विवाह गरेका केटाकेटीहरूलाई आफ्नो घर परिवारले अस्विकार गर्दा उनीहरूले परिवार र समाज छोडेर अन्तै गएर वस्नु पर्ने स्थिति थियो भने हाल आएर प्रेम विवाह गर्ने केटा र केटी दुवैको परिवारले असामान्य अवस्था वाहेक भेला भएर सरसल्लाह गरि मागी विवाह जस्तै गरेर विवाह गर्दिछन् । कसैले साधारण किसिमवाट पनि यो विवाह सम्पन्न गर्न थालेका छन् ।

कसैले टिको टालो मात्रा लगाएर भित्र्याँउछन तर पनि उनीहरूले आफ्नो दाजुभाइहरूलाई वोलाएर भोज खुवाउँने गर्दछन् । यसरी प्रेम विवाहमा पनि परिवर्तन आएको छ । यस क्षेत्रका घिमालहरूले प्रेम विवाह मागी विवाह भन्दा कम गरेको पाईएता पनि प्रेम विवाह तर्फ यिनीहरूको आकर्षण दिन प्रतिदिन वढदै जानु  आधुनिकिकरणको प्रभाव हो ।

## ६.५ अदालती विवाह प्रतिको प्रचलन

कुनै पनि उमेर पुगेका केटा केटीले ऐन कानून अनुसार विवाह योग्य उमेर पुगेपछि आफ्नो घर परिवारको इच्छा विपरित अदालतमा साक्षी राखेर गरिने विवाह नै अदालती विवाह हो । यस क्षेत्रका धिमालहरूमा पहिले अदालती विवाहको प्रचलन छँदै थिएन तर हाल आधुनिकिकरण तथा शिक्षा जनचेतना आदिको कारणले गर्दा यो विवाहको प्रचलन केहीमात्रमा वढ्दै गएको पाइयो । अर्को तिर शहरमा पढ्न वसेका धिमाल युवा, युवतीहरूको यस विवाह प्रति आर्कषण वढ्न थालेको पाईन्छ । यस क्षेत्रका धिमालहरूले थोरै संख्यामा मात्र अदालती विवाह पद्धती अपनाएको पाइएता पनि उनीहरू धेरैले यस विवाह संस्कारलाई उपयुक्त मानेको पाइयो किनकी यो विवाह पद्धती अपनाएको खण्डमा कम खर्च लाग्ने, झन्झट नहुने समय पनि कम लाग्ने साथै कानूनी रूपमा सुरक्षित हुने हुनाले यो विवाह पद्धतिलाई राम्रो मानेको पाइयो । यस विवाह संस्कारलाई आधुनिकिकरणले ल्याएको परिवर्तनको स्वरूपको उपज मान्दछन् । अदालती विवाह गर्दा कुनै प्रकारको विधि विद्यान र रितहरू पुरा गर्नु नपर्ने जानकारीमा आयो ।

## ६.६ विधवा विवाहमा आएको परिवर्तन

धिमालहरूमा विधवाले विवाह गर्ने चलन पुरानो नै हो । विगतमा धिमाल महिला विधवा भएमा आफ्नो र आफ्नो सन्तानको संरक्षणको लागी पुरुषलाई ल्याएर राख्ने चलन थियो । उक्त पुरुषले त्यही वसेर घर, परिवारको संरक्षण गर्ने, पहिलो पतिका सन्तानको लालन

पालनमा महिलालाई सहयोग पुर्‍याउँने गर्दथे । तर, हाल यसमा परिवर्तन आएको छ । विधवालाई विवाह गर्दा मागी विवाह जस्तो नगरिकन आफ्नो घरमा ल्याउँने चलन छ । अनुसन्धानको क्रममा विधवाले पुन विवाह गर्ने सकरात्मक सोचाई र उद्दार भावना भएका व्यक्तिहरू यस क्षेत्रमा धेरै मात्रामा पाइएता पनि विधवालाई विवाह गर्न युवाहरू भने हतपती अगाडि सर्न कोही तयार नहुने गरेको थाहा भयो । आजभोलिका अविवाहित धिमाल युवाहरू विधवा विवाह गर्नको सट्टा कन्या विवाह गर्न रुचाउँने गरेको पाइयो ।

## ६.७ जारी विवाहमा आएको परिवर्तन

यस क्षेत्रका धिमाल समाजमा अझै पनि जारी विवाह पुर्ण रूपमा वन्द भईसकेको छैन । अनुसन्धानको क्रममा कसै कसैले यस्तो विवाह गर्ने गरेको जानकारीमा आएता पनि यस विवाह प्रथालाई अधिकास व्यक्तिहरूले मन नपराउँने गरेको पाइयो । कसैको स्वास्नीलाई अर्कै व्यक्तिले विवाह गरेर लैजानु नै जारी विवाह हो । पुरानो चलन अनुसार जारी विवाहमा अर्काको स्वास्नी लाने जारले जरिवाना स्वरूप समाज राखेर त्यो समाजले निर्णय गरे अनुसार वा जारले मागे बमोजिम रूपैयाँ पैसा तिर्नु पर्दथ्यो । कहिले काही त दुवै पुरुष बीच झगडा भएर यसले ठुलै रूप लिन सक्दथ्यो भने हाल आएर जारी विवाह प्रथा विकृतिको रूपमा लिदै यसलाई हेय र असमाजिक कार्य भनि धेरै व्यक्तिले नकारात्मक दृष्टिकोणले हेरेको पाईयो । आधुनिकिकरणको प्रभावले गर्दा कतिपय धिमालहरूले आफ्नी श्रीमती अर्कोसंग गईसकेमा ऊ प्रति कुनै किसिमको उजुरी पनि नगर्ने र जारसंग रूपैयाँ पैसा असुल गर्न नचाहेको साथै जारलाई छोडेर फेरि पनि आफुसंगै आउँन चाहेमा त्यस्ती महिलालाई आफुले नल्याउने वरु अर्कै केटी खोजेर घरजम गरि वस्ने राय व्यक्त गरेको पाईयो । (स्थलगत सर्भेक्षण, २०७२)

## ६.८ चोरी विवाहमा आएको परिवर्तन

केटा पक्षको आर्थिक समस्याले गर्दा तुरुन्तै विवाहमा रित वुझाएर विवाह गर्न सक्तैन भने चोरी विवाह आफ्नो परिवारलाई फाप्छ भन्ने विश्वास भएमा हाट वजार वा मेला जात्रामा अथवा घरका मानिसको सहयोगमा केटाले केटीलाई भगाएर लैजाने सस्कार चोरी विवाह हो । यस क्षेत्रमा धिमाल समाजमा चोरी विवाह पहिले धेरै मात्रामा भएता पनि हाल आएर भने प्रेम विवाहको प्रभावले यसमा केही कमी आएको छ । विगतमा चोरी विवाहवाट भित्र्याएकी केटी तथा उसका सन्तन विवाहको रित नवुझाए सम्म देव कार्य, पितृकार्यमा स्विकार्य हुदैन थिए । कतिपय महिलाहरूको भने विवाहको रित वुझाउँनु भन्दा पहिला नै मृत्यु भए लास जलाउँनु

पूर्व विधि फुकाउँने चलन थियो । तर, हाल आएर यसमा परिवर्तन भएको छ । चोरी विवाह गरेर ल्याएको कन्यालाई मागी विवाहमा झैं ठूलो खर्च नगरी सामान्य रूपले विधि फुकाउँने गरेको पाइयो । यसै विषयमा स्थानियसंग चोरी विवाहमा परिवर्तनको कारण वारे लिइएको जानकारी तालिकाबाट प्रष्टयाउँने प्रयत्न गरिएको छ ।

**तालिका नं ७**

**चोरी विवाहमा परिवर्तनको कारण के होला ?**

| क्र.सं. | असर | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | चेतनास्तरमा वृद्धि | १७ | ३९.५३ |
| २. | अन्धविश्वासमा कमी | १७ | ३९.५३ |
| ३. | आर्थिक कारण | ९ | २०.९३ |
| | जम्मा | ४३ जना | १०० |

(स्थलगत सर्वेक्षण, २०७२)

माथिको तालिकावाट के प्रस्ट भएको छ भने चोरी विवाह समाजमा आएको चेतनास्तरमा आएको परिवर्तनका कारण, रुढीवादी सस्कारमा कमी आएका कारण तथा आर्थिक अवस्थामा आएको परिवर्तनका कारण मुख्य रहेका छन् । चेतनास्तरमा आएको परिवर्तनका कारणमा भन्नेमा १७ जना (३९.५३ प्रतिशत) छन् । विवाह संस्कारमा देखिएका नचाहिने विधिहरू छोटिदै गएको र अन्य विधिहरू पनि परिमार्जित हुदै गएको साथै चोरी विवाह प्रेम विवाहमा परिणत भएका कारण पनि यस प्रति मानिसहरूको झुकाक घटदै गएकोले परिवर्तन भएको पाईयो । यस्तै परम्परागत विवाह संस्कारमा पूरातनवादी सोचमा आएको परिवर्तनले पनि चोरी विवाह घटेको उनीहरूले बताए । जसमा १७ जना (३९.५३ प्रतिशत)हरूले पूरातनवादी सोचमा चोरी विवाह गर्दा सन्तान राम्रा हुने विश्वासमा कमी आएका कारण पनि चोरी विवाह घटेको पाइएको छ । यस्तै आर्थिृक अवस्थामा आएको सुधारले पनि विवाह जस्तो कार्यमा केही खर्च गर्ने मानसिकता बढेकाले चोरी विवाह क्रमैसंग घटेको स्थानिय मानिसहरूको बुझाई छ । आर्थिक कारण भन्ने व्यक्तिहरू ९ जना (२०.९३ प्रतिशत) भेटिए । जसले विवाहबाट दाईजो पाइने तथा शहरमा बस्ने युवायुवतीले देखासिखीका कारण पनि चोरी विवाहलाई मन नपराउँने गरेको पाइयो ।

## ६.९ धिमाल जातिको विवाह संस्कारमा प्रभाव पार्ने पक्षहरू

अनुसन्धानको क्रममा के थाहा हुन आयो भने उनीहरूको परम्परागत विवाह संस्कारमा हाल आएर धेरै परिवर्तन भएको पाइयो । उनीहरूले पनि विवाह संस्कार गर्दा आधुनिक पद्धतीलाई अपनाउदै आइरहेको पाइयो । यो हुनुको मुख्य कारण चाही उनीहरूलाई आधुनिकिकरणका विभिन्न पक्षहरूले प्रभाव पारेको जानकारीमा आयो । ती प्रभाव गर्ने पक्षहरू जसलाई तलको तालिकावाट विवेचना गरिएको छ ।

**तालिका नं ८**

**धिमालहरूको विवाह संस्कारमा प्रभाव पार्ने पक्षहरूको विवरण**

| क.स | आधुनिकिकरणका पक्षहरू | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | शिक्षा | ३० | ६९.७७ |
| २. | देखाशिखी | ४ | ९.३० |
| ३. | रोजगारी | ४ | ९.३० |
| ४. | प्रविधी | ५ | ११.६३ |
| | जम्मा | ४३ | १०० |

(स्थलगत सर्वेक्षण, २०७२)

सर्वेक्षण क्रममा गरिएको अनुसन्धानबाट तयार गरिएको तालिककाले के प्रस्ट हुन्छ भने यस क्षेत्रका धिमालहरूको विवाह संस्कारमा आधुनिकीकरणले पारेको असरको पक्षहरूमा सवैभन्दा वढि शिक्षा नै पाइयो । शिक्षा आजको समयको एउटा अनिवार्य आवश्यक रहेको र शिक्षा विना कुनै पनि समाज वा वर्गको उन्नति हुन सक्दैन । त्यस अनुरूप यिनीहरूले पनि लेख्न, पढ्न नयाँ वातावरणमा आफूलाई उभ्याउँन थालेका छन् । विद्या आर्जन गर्नको लागि कतिपय युवाहरू शहर, देश, विदेश पुगिसकेका छन् । यी सव कारणले गर्दा आफ्नो परम्परागत विवाह संस्कारलाई छोट्याउँने तर्फ लागेको पाइयो ।

कुल जनसंख्यामा ३० जनाले (६९.७७ प्रतिशत) मानिसले विवाह संस्कारमा आधुनिकिकरणलाई प्रभाव पार्ने मुख्य पक्ष नै शिक्षालाई मानेको पाइयो । त्यसै गरि ४ जना ( ९.३० प्रतिशत) मानिसले देखाशिखीको कारणले पनि यसलाई असर गरेको वताए । अन्य जातिको प्रभावमा धिमाल जातिको रहन सहन र विवाह संस्कारमा परिवर्तन आएको अथवा

आधुनिकिकरणलाई यिनीहरूले अपनाएको पाईयो । त्यसै गरि ४ जना (९.३० प्रतिशत) मानिसको भनाई अनुसार विवाह संस्कारमा आधुनिकिकरण ल्याउँन रोजगारीले पनि ठुलो भूमिका खेलेको पाइयो । वदलिदो समयमा परम्परागत खेती किसानको विकल्पमा युवाहरू वैदेशिक रोजगारीमा जादाँ त्यहाको सस्कार र सस्कृति पनि भित्रिने हुनाले समाजमा आधुनिकिकरणको प्रवेश हुन थालेको पाईयो । ५ जना (११.६२ प्रतिशत) मानिसहरूले यी माथिका पक्षहरू वाहेक अन्य पक्षले पनि विवाह संस्कारलाई आधुनिकिकरण तर्फ लैजान महत्वपूर्ण भूमिका खेलेको वताएका छन् । समाजमा चलेको चलनलाई सामाजिक रूपान्तरणमा आएको परिवर्तनसंगै वसाई सराई शहरीकरण, औधोगिकरण, सञ्चार, राजनीतिक चेतना, पेशा, प्रविधी र भाषा आदि पक्षवाट आधुनिकिकरण भित्रिने तथ्यलाई स्वीकार गरेको पाइयो ।

## ६.१० राजनीतिक कारणले पारेको प्रभाव

यस क्षेत्रका धिमाल समुदायको विवाह संस्कारलाई आधुनिकिकरणले गर्दा पारेको असरहरूलाई उनीहरूको भनाई अनुसार नै तलको तालिकावाट प्रस्ट पारिएको छ । समाज परिवर्तनसंगै मुलुकमा भएका साना ठूला राजनीतिक परिवर्तनले समेत यस समुदायको संस्कार परम्परामा वृहत प्रभाव पारेको छ । जस्तो लवाई खवाई, सभासमारोहमा भाग लिने राजनीतिमा चासो दिने आदि । आन्दोलन तथा भेला सम्मेलनमा समेत सहभागिता हुने क्रमले गर्दा देखासिखिका कारण विवाह परम्परामा यसको प्रत्यक्ष प्रभाव परेको पाउँन सकिन्छ । अझ यसमा महिलाको पनि समान सहभागिताका कारण घर भित्र र समाजमा समेत यसले वृहत चेतना बढाएको छ ।

**तालिका नं ९**

**धिमालको विवाह संस्कारमा राजनीतिक कारणले पारेको असर**

| क्र.सं. | असर | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सकारात्मक | १७ | ३९.५३ |
| २. | नकरात्मक | १७ | ३९.५३ |
| ३. | दुवै | ९ | २०.९३ |
| | जम्मा | ४३ जना | १०० |

(स्थलगत सर्वेक्षण, २०७२)

माथिको तालिकावाट के प्रस्ट भएको छ भने विवाहलाई राजनीतिककरणले गर्दा सकारात्मक असरपरेको भन्ने व्यक्तिहरू १७ जना (३९.५३ प्रतिशत) छन् । विवाह संस्कारमा देखिएका नचाहिने विधिहरू छोटिदै गएको र अन्य विधिहरू पनि परिमार्जित हुदै गएको साथै प्रेम विवाह प्रति यस क्षेत्रका मानिसहरूको झुकाव वढ्दै गएकोले उनीहरूको समाजमा राजनीतिककरणले सकारात्मक असर पारेको पाइएको छ । त्यसै गरि परम्परागत विवाह संस्कारलाई राजनीतिककरणले गर्दा नकरात्मक असर परेको छ भन्ने व्यक्तिहरू १७ जना ( ३९.५३ प्रतिशत) छन् । आफ्नो जातको परम्परागत विवाह संस्कारको रितहरू हराउँदै गएर अन्य जातमा समाहित हुने परम्परागत भेषभुषा गरगहना लोप हुँदै जानु अर्को तर्फ दाइजो प्रथा वढ्दै गएकोले दाइजो नलिकन विवाह हुने महिलालाई मानसिक असर पर्न सक्ने जस्ता यी सबै राजनीतिककरणले ल्याएको नकरात्मक असर हुन भन्ने व्यक्त गरेको पाइयो । यसरी एकथरीले सकारात्मक असरलाई मात्रा हेरेका छन् भने अर्का थरिले नकरात्मक असरलाई पनि हेरेको देखिएको छ ।

यी दुवै भन्दा वेग्लै विचार धारा राख्ने व्यक्तिहरू पनि थिए । उनीहरूले दुवै विचार धारा(सकारात्मक र नकरात्मक असर) ले विवाह संस्कारमा राजनीतिककरणले असर पारेको व्यक्त गरेका छन् । दुवैले असर पारेको भन्ने व्यक्तिहरू ९ जना (२०.९३ प्रतिशत) छन् । सकारात्मक असर भन्नाले विवाह छोटिएर गएको छ भन्ने नकारात्मक असर भन्नाले आफ्नो संस्कार हराउदै गएको छ भन्ने पाइयो । यसरी दुवै असरले विवाह संस्कारमा केही न केही दखल दिइरहेको पाइयो ।

## ६.११ धर्म परिवर्तनको प्रभाव

यस क्षेत्रका धिमाल समुदायको विवाह संस्कारलाई आधुनिकिकरणले प्रत्यक्ष प्रभाव पारे जस्तै कुल धर्मलाई परिवर्तन गरि विभिन्न धर्म मान्ने समुहमा आएको वृद्धिका कारण पनि विवाह संस्कारमा प्रभाव परेको पाईयो । खास गरि क्रिश्चियन धर्मका अनुयायी बन्ने होडका कारण उनीहरूले आफ्नो मौलिक परम्परालाई छाडेर क्रिश्चियन धार्मिक विधिलाई नै अनुसरण गर्दा यसले भोलीका दिनमा व्यापक असर पुरयाउनेमा उनीहरूले चिन्ता व्यक्त गरेका थिए । धर्म परिवर्तनको प्रभावका वारेमा तलको तालिकावाट प्रस्ट पारिएको छ । निशुल्क रोग निको पारि दिने, गरिवलाई रोजगार र पैसाको प्रवन्ध गरिदिने, विदेश पठाइदिने लगायतका प्रलोभन दिएर अधिकासं धिमाल समुदायलाई धर्म परिवर्तन गराइएको कुरा अर्न्तवार्ताका क्रममा स्थानियहरूले जानकारी दिएका थिए । एक अनुमानित तथ्याकं अनुसार कुल जनसख्या

धिमालमध्ये करिव १५ प्रतिशत धिमालहरूले आफ्नो मौलिक संस्कार-सँस्कृतिलाई त्यागेर क्रिश्चियन धर्ममा प्रवेश गरेको पाईयो ।

**तालिका नं १०**

**धिमालको विवाह संस्कारमा धर्म परिरवर्तनको प्रभाव**

| क्र.सं. | असर | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | नकरात्मक | ३० | ६९.७६ |
| २. | सकारात्मक | १० | २३.२५ |
| ३. | थाहा छैन | ३ | ६.९७ |
| | जम्मा | ४३ जना | १०० |

(स्थलगत सर्वेक्षण, २०७२)

तालिकावाट के प्रस्ट भएको छ भने विवाहलाई धर्म परिरवर्तनका कारण नकारात्मक असरपरेको भन्ने व्यक्तिहरू ३० जना (६९.७६ प्रतिशत) छन् । त्यसै गरि परम्परागत विवाह संस्कारलाई धर्म परिरवर्तनका कारण सकारात्मक असर परेको छ भन्ने व्यक्तिहरू १० जना ( २३.२५प्रतिशत) छन् । आफ्नो जातको परम्परागत विवाह संस्कारको रितहरू हराउँदै गएर अन्य जातमा समाहित हुने परम्परागत भेषभुषा, गरगहना लोप हुँदै जानु अर्को तर्फ दाइजो प्रथा वढ्दै गएकोले दाइजो नलिकन विवाह हुने महिलालाई मानसिक असर पर्न सक्ने जस्ता यी सबै परिवर्तनले धिमालको मौलिकता अस्तित्वमा नरहेको अवस्थामा धर्मपरिवर्तनले सकारात्मक असर पारेको रायव्यक्त गरेको पाइयो । यसरी एकथरीले सकारात्मक असरलाई मात्रा हेरेका छन् भने अर्का थरिले नकरात्मक असरलाई मात्र पनि हेरेको देखिएको छ ।

**सकारात्मक**

- यस धिमाल समुदायमा खास गरी क्रिश्चियन धर्मका अनुयायी बन्ने होडका कारण उनीहरूले आफ्नो मौलिक परम्परालाई छाडेर क्रिश्चियन धार्मिक विधिलाई नै अनुशरण गर्दा यसले भोलिका दिनमा व्यापक असर पुऱ्याउने उनीहरूले बताएका छन् ।

**नकारात्मक**

- धिमाल समुदायको विवाह संस्कारलाई आधुनिकिकरणले प्रत्यक्ष प्रभाव पारे जस्तै कुल धर्मलाई परिवर्तन गरि विभिन्न धर्म मान्ने समुहमा आएको बुद्धिका कारण पनि विवाह संस्कारमा प्रभाव पारेको पाईयो ।

**थाहा छैन**

- धिमाल समुदायमा थोरै मानिसहरूले चाहि विवाह संस्कारमा परिवर्तन आएको नआएको बारेमा जानकारी नभएको बताए ।

यी दुवै भन्दा वेग्लै विचार धारा राख्ने व्यक्तिहरू पनि थिए । उनीहरूले धर्म परिवर्तनले विवाह संस्कारमा परिवर्तन आएको नआएको वारेमा जानकारी नभएको बताए । जसमा ३ जना व्यक्तिहरू (६.९७ प्रतिशत) छन् ।

## ६.१२ धिमालहरूको विवाह गर्दाको उमेर छनौटमा परिवर्तन

यस क्षेत्रका धिमालहरूको आफ्नो नातामा कहिलै पनि विवाह गर्दैन्न । संगोत्र, मामाचेली, फुपुचेलि विवाह हुदैन । विवाह गर्दा ३ पुस्तासम्म नाता हेरेर मात्र विवाह गर्दछन् । कतिपय ठाँउको जातिहरूमा दाजुको मृत्यु भई सकेपछि भाउजुसंग घरजम गरेर वस्ने चलन सुनिएता पनि यी धिमालहरूमा नभएको  बताए । आफ्नो नाता भित्र विवाह गर्नेलाई यस समाजले राम्रो मान्दैनन् र वहिस्कार गर्दछन् । तर, पनि साली र भिनाजुको विवाह हुने प्रसंग यथावत रहेको पाइयो । यस समाजले यस विवाहलाई मान्यता दिएको छ । विगतमा धिमालहरू पढेलेखेका हुदैन थिए र सम्पतिको लोभमा परेर वढी खेती जमिन हुने देउनियाहरूलाई आफ्नी १५–१६ वर्षकी छोरीको विवाह गरिदिन्थे । परिवारको वावु आमाको करकापमा परेर केटीले पनि उक्त निर्णयलाई स्विकार गर्नु पर्दथ्यो । तर, अहिलेका युवा युवतीहरू उमेर नपुगी विवाह गर्न नचाहेको पाइयो । विवाहको उमेर छनौट बारेमा तलको तालिकावाट प्रष्टयाउँने जमर्को गरिएको छ ।

### तालिका नं ११

### विवाह गर्ने व्यक्ति छान्ने गरेको उमेरको विवरण

| क.सं. | उमेर | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | वढि | १५ | | १५ | ३४.८८ |
| २. | कम | | १७ | १७ | ३९.५३ |
| ३. | वरावरी | ७ | ४ | ११ | २५.५८ |
| | जम्मा | २२ | २१ | ४३ | ९९.९९ |

(स्थलगत सर्वेक्षण, २०७२)

अध्ययनबाट तयार पारिएको माथिको तालिकावाट यस क्षेत्रका महिलाहरूले आफू भन्दा कम उमेरको पुरुषसंग विवाह गर्ने मन नपराएको पाइयो यस तालिकामा उल्लेख गरे अनुसार १५ जना (३२.५५ प्रतिशत) महिलाहरूको आफु भन्दा अलि कति वढी उमेर भएकोसंग विवाह गर्न मन पराएको पाइयो । त्यसैगरि ७ जना महिलाहरूले वरावरी उमेरको केटासँग विवाह गर्न मनपराएको पाइयो । पुरुषको सन्दर्भमा पनि पहिले आफुभन्दा निकै जेठी महिलासँग विवाह हुने गरेता पनि हाल आएर कुनै पनि केटाहरूले आफु भन्दा बढी उमेर भएको केटीसंग विवाह गर्न रुचाएको पाइयो । १७ जना पुरुष आफू भन्दा कम उमेरको महिलासँग विवाह गर्न रुचाएको पाइयो भने ४ जना पुरुषले वरावरी उमेरको महिलासंग विवाह गर्न मन पराएको पाइयो । यसरी छनौट गर्ने प्रक्रियामा पनि शिक्षा आधुनिकिकरण, शहरीकरण र जनचेतनाको प्रभाव परेको थाहा भयो ।

विगत वर्षहरूमा धिमाल समुदायमा महिलाले घर भित्र र बाहिरका धेरैजसो काममा सकृयता देखाउँनु पर्ने भएकाले विवाह गर्दा केटा भन्दा केटीको उमेर पाको(जेठो) हेर्ने गरिन्थ्यो । जसले उमेर पुगेकी महिलाले घरधन्दा सहित खेतीपातिको सवै काम एक्लैले धान्नसक्नेमा पाका मानिसहरू विश्वास राख्दथे । तर, समाजमा आएको चेतनाका कारण यस्ता रुढीवादी संस्कारमा परिमार्जन गरेको पाउँन सकिन्छ ।

## ६.१३ धिमाल समाजमा विवाहको निर्णय प्रकिया

विवाह गर्ने व्यक्तिसँग विवाहको स्विकृति लिने विषयमा पहिले केटा वा केटीको विवाहको फैसला आमाबावुले गर्ने गरेकोमा हाल यस संस्कारमा व्यापक परिवर्तन आएको थाहा पाईयो । हाल यस क्षेत्रका सबै धिमाल अभिभावकहरूले आफ्नो छोराछोरीको विवाह गर्दा उनीहरूको निर्णय अनिवार्य लिने गरेको बताए । त्यसैगरि विवाहको सन्दर्भमा महिलाहरूको निर्णयको मान्यता वारेमा बुझ्ने जमर्को समेत गरिएको थियो । जुन तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका नं. १२**

**विवाहको सर्न्दभमा महिलाहरूको निर्णय प्रक्रियामा सहभागीता**

| क.स | निर्णय प्रक्रियामा सहभागिता | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | हुन्छ | ३७ | ८६.०५ |
| २. | हुदैन | ६ | १३.९५ |
| | जम्मा | ४३ | १०० |

(स्थलगत सर्वेक्षण, २०७२)

समाजमा विवाहको सन्दर्भमा महिलाहरूको निर्णय निकै नै मान्य भएको पाइयो । ३७ जना(८६.०५ प्रतिशत) व्यक्तिले महिलाहरूको निर्णयलाई स्विकार गरेको पाइयो भने ६ जना (१३.९५ प्रतिशत) व्यक्तिले महिलाहरूको निर्णय मान्य हुँदैन भनेको पाइयो । यसरी समिष्टिगत रूपमा हेर्दा धिमाल महिलाहरू विवाहको सन्दर्भमा निकै स्वतन्त्र र उनीहरूको निर्णय सर्वेपरि हुने गरेको पाइयो ।

## ६.१४ विवाहमा आर्थिक समस्याले उत्पन्न गर्ने कठिनाई

स्थलगत अध्ययन क्रममा यस क्षेत्रका धिमालहरूको आर्थिक अवस्था (केहीलाई छोडेर अधिकांसको) कमजोर भएकोले आफ्नो छोराछोरीको विवाह गर्दा विभिन्न प्रकारको समस्याहरू आउँने गरेको देखियो । विवाहको खर्च गर्नको लागि कसैकसैले आफुसँग भएको खेतबारी, सुनचाँदी वेच्नु पर्ने स्थिति आउँन सक्ने व्यक्त गरे । अथवा, देखासिखिका कारण तामझाम साथ विवाह गर्नुपरे साहुँ महाजनसँग ऋण काढ्नु पर्ने अवस्था आउँने बताए । आधुनिकिकरणको प्रभावले गर्दा विशेष गरेर दाइजो प्रथा वढ्दै गएकोले छोरीको विवाह गर्न

झनै कठीनाई उत्पन्न भएको बताए । आर्थिक सम्पन्न भएको व्यक्तिहरूलाई दाईजो प्रशस्त दिन कुनै समस्या नभएपनि न्यून आयस्रोत भएकाहरूलाई भने समस्या पर्ने गरेको पाइयो । दाईजो नदिएमा छोरीलाई घरवाट गर्ने व्यवहारमा केही परिवर्तन आएको र कहिलेकाही मानसिक यातना वढी भएका कारण आत्महत्या गर्न सक्ने, घर छोडेर हिंडंन सक्ने आदि जस्ता विकृतिहरू समेत देखा परेको पाईयो ।

विवाहमा गरिने विभिन्न किसिमका रित र दस्तुरका नियमले विवाहलाई वढी खर्चिलो वनाएको हुनाले आर्थिक समस्या उत्पन्न हुने गर्दछ । साथै आजभोली गोरु गाडी, राँगा गाडीमा वेहुला वेहुली ल्याउनेलाई हेय दृष्टिले हेर्ने गर्छन् जसको फलस्वरूप वस, कार आदी जस्ता साधनको पैसा तिर्दा पनि निकै आर्थिक भार उत्पन्न हुने गरेको वताए । आर्थिक समस्या भनेको पैसाको समस्या हो र पैसाको अभावमा जस्तो सुकै कार्यहरू गर्न समस्या उत्पन्न हुने थाहा हुन आयो ।

# अध्याय सात

# अध्ययनको सारांश, निष्कर्ष

यस परिच्छेदमा शोधपत्रमा समेटीएका मुलभुत कुराहरूलाई प्राप्त तथ्याङ्कको आधारमा अध्ययनको उद्देश्य अनुरूप निष्कर्ष प्रस्तुत गरिएको छ। साथै सुझावहरू समेत प्रस्तुत गरिएको छ।

## ७.१ अध्ययनको सारांश

यही शीर्षक छनौट गर्नुपने उद्देश्य नेपाल एक बहुजाति बहुभाषिक र बहुसंस्कृतिक राष्ट्र भएकोले नेपाल एक जनजाति मध्ये एक प्रमुख जातिका रूपमा धिमाल पनि हो । जसमा धिमाल जातिको पनि आफ्नै प्रकारको भाषा, धर्म, संस्कार, संस्कृति भेषभुषा, परम्परा रितिरिवाज रहेको छ। कुनै पनि जातिको आफ्नै किसिमको संस्कार हुने गर्दछ। ती संस्कारहरू नै त्यस जातिको पहिचान भएकोले राष्ट्रभित्रका सबै जाति तथा जनजातिहरूको संस्कृतिको संरक्षण हुन जरुरी छ। सबै जातिको संस्कृतिलाई समान रूपले समेटेर नलगेमा राष्ट्रको उन्नति र विकस हुन सक्दैन। यसरी धिमाल जातिमा पनि बिभिन्न संस्कृतिहरू मध्ये विवाह संस्कार अनिवार्य र अति आवश्यक तत्व हो ।

आफ्नो पुर्खाहरूले अंगल्दै आएको परम्परागत रितिरिवाजमा परिवर्तन भइरहेको छ। यस प्रकृया निरन्तर चलिरह्यो भने पछि गएर आफ्नो इतिहास नै लोम हुने अवस्थामा नपुग्ला भन्न पनि सकिदैन। धिमाल जातिको प्रचलित विवाहको प्रकार र विधिमा परिवर्तन तथा अनुसन्धान गर्नु आजको आवश्यकता देखिन्छ। विगतका अध्ययनमा धिमाल जातिको विवाह संस्कारमा परसंस्कृतिग्रहणको प्रभावलाई उल्लेख नगरेको पाइयो। हालमा आएर विभिन्न कारणले आफ्नो संस्कृति गुमाउँदै अरुको संस्कृति भित्र्याउने क्रम बढ्दो रूपमा रहेको पाइन्छ। परसंस्कृतिग्रहण के के कारणले भइरहेको छ त भन्ने कुरामा अहिले सम्मका अध्ययन अनुसन्धानले देखाउन सकेको छैन। जस्तै धिमालहरूको विभिन्न संस्कारहरूमा हिन्दुकरण, विश्वव्यापीकरण, परसंस्कृतिकरण आदिले निकै प्रभाव पारेको देखिन्छ। जसले गर्दा बिस्तारै धिमाल समुदायको मौलिक परम्परा लोप हुँदै जाने र आउँदो पिढीलाई आफ्नो सामाजिक संस्कार (विवाह संस्कारका बारेमा केही ज्ञान नहुने कुरा विगतका अध्ययनले देखाउन सकेको छैन। त्यसैले विवाह संस्कार सम्बन्धि ज्ञान दिलाउने हेतुले  यो विषयमा अध्ययन गर्नुपर्ने देखिन्छ।

धिमाल जातिको परम्परागत विवाह र आधुनिक विवाह पद्धतिको बारेमा जानकारी लिएको छ । धिमाल समुदायको वैवाहिक संस्कारमा आएको परिवर्तनको बारेमा अध्ययन गरिएको छ । विवाह पद्धतिमा आएको परिवर्तनले धिमाल समुदायमा के कस्तो प्रभाव पारेको छ सो बारे प्रकाश पार्ने ।

विवाह एउटा सुक्ष्म सामाजिक सस्था हो । प्रत्येक जातजातिमा विवाह गर्ने विधि तथा प्रक्रिया फरक हुन सक्दछन् । धिमाल जातिमा पनि विवाह गर्ने विधि तथा प्रक्रियाहरू फरक फरक हुन सक्दछन् । यसरी धिमाल जातिमा अपनाइने विवाहका परम्परागत मान्यता र प्रचलनहरूलाई वर्तमान समयमा त्यहाँका धिमालहरूले के कति मात्रामा मान्दै आएका छन् र विवाह विधि र प्रक्रियामा आएका परिवर्तन लाई के कसरी हेरिएको छ भन्ने बारेमा विस्तृत अध्ययन गरी सो को जानकारी स्वयं गराउनु आवश्यक भएकोले यो अध्ययनको महत्व रहेको छ ।

धिमाल जातिको विवाह संस्कारको बारेमा गरिएको अध्ययनको समाजशास्त्री अध्ययनमा सहयोग गर्नेछ र भावी पिढीलाई आफ्नो विवाह संस्कारको बारेमा जानकारी प्राप्त हुनुका साथै थप अध्ययन अनुसन्धान गर्न सहयोग हुनेछ । यस अध्ययन मार्फत धिमाल जातिको विवाह संस्कारका विधि तथा प्रक्रियाका बारेमा बुझ्न सकिन्छ र परम्परा, चालचलन, रितिरिवाज, धर्म, संस्कार, संस्कृतिको बारेमा सैद्धान्तिक ज्ञान प्राप्त हुन सकिन्छ ।

(क) आदिमकाल देखि पूर्वी नेपालको झापा तथा मोरङ जिल्लाका विभिन्न स्थानमा बसोवास गर्दै आएका धिमालहरूको परम्परागत पेसा खेती किसान तथा सिकार खेलेर जिविकोपार्जन गर्दै आएका थिए । पुरुषहरू दैनिक जंगलमा गएर सिकार खेलेर खानाको जोहो गर्दथे भने महिलाहरू घरधन्दा सकेर माछा मार्ने तथा छोराछोरीको स्याहार सुसार गर्ने गर्थे । यस्तै समाजका अगुवाहरूको नीति तथा निर्देशन बमोजिम समुदायले परम्परा धान्ने तथा भूमि पुजा गर्ने, रितलाई धान्ने लगायतका संस्कारलाई निरन्तरता दिदै आएका थिए । आफ्ना नाता कुटुम्वसंगको सम्बन्ध स्थायी बनाउन निश्चित मापदण्डका आधारमा विवाह, जन्म र मृत्यु कर्मलाई धान्दै आएका थिए ।

समयक्रमसंगै यस क्षेत्रका धिमालहरू अन्य समुदायसगँको आपसी हेलमेलले गर्दा सामाजिक सस्कार र रितिरिवाजमा परिवर्तन हुँदै जाँदा उनीहरूको परम्परागत विवाह संस्कार लगायतका सस्कारमा परिर्वतन देखिन थालेको पाइयो ।

त्यसैगरि शिक्षाका कारणले विवाह गर्ने उमेरमा आएको परिवर्तन, विवाह गर्दा केटी र केटा छान्ने सोचाइमा आएको परिवर्तन, देखासिखीको कारणले पहिरन र गहनामा परिवर्तन विचारमा आएको परिवर्तन र सबैभन्दा महत्वपूर्ण परिवर्तन दाइजो प्रथामा बुद्धि हुँदै गएको पाईन्छ । मागी विवाह संस्कारमा देखापरेका परिवर्तनका कारकहरूलाई यस अध्ययनले समेटेने हरतरह प्रयास गरेको छ । नियमानुसार परम्परागत मागी विवाह संस्कार २/३ दिनमा सकिने भएपनि त्यो अहिले परिमार्जित हुँदै गएर एकै दिनमा सक्ने गरेको अध्ययनले देखाएको छ ।

ख) यस क्षेत्रका धिमालहरूको विभिन्न किसिमका विवाह प्रति आकर्षण बढ्दै गएको पाईन्छ । जस्तै प्रेम विवाह प्रतिको आकर्षण पनि दिन प्रतिदिन बढ्दै गएको पाइएको छ । प्रेम विवाह गर्न चाहानेले अभिभावकको सहमतिमा मागी विवाह सरह नै विवाह गर्न थालेका छन् । सर्वेक्षण अनुसार समाजमा प्रेम विवाहलाई ५५.८१ प्रतिशत ले राम्रो दृष्टिकोणले हेरेको, १६.२७ प्रतिशत ले नराम्रो दृष्टिकोणले हेरेको र २७.९१ प्रतिशतले ठीकै हो भनेको तथ्यले विवाह सँस्कारमा आगामी दिनमा थप परिस्कृत हुने अनुमान लगाउँन सकिन्छ ।

त्यसै गरि ६२.७९ प्रतिशत ले अदालती विवाहलाई उपयुक्त मानेको ३७.२१ प्रतिशत ले यस विवाहलाई उपयुक्त नमानेको पाइयो । अदालती विवाहलाई उपयूक्त नमान्नुका कारण आफनो संस्कार हराउँदै जान्छ भनेर हो, उपयुक्त मान्नेले कुनै किसिमको झन्झट नहुने र खर्च नहुने हो भने । यसैगरि विधवा विवाह प्रति पनि धिमालहरूको सकारात्मक धारणा रहेको पाइयो । ५८.१४ प्रतिशतले विधवा विवाह गर्न सहमती जनाएको पाइयो भने ४१.८६ प्रतिशतले यो विवाह गर्न असहमती जनाएको पाइयो । विशेष गरि धिमाल युवाहरूले विधवाको सट्टा कन्या विवाह गर्न रुचाएको यस अध्ययनले देखाएको छ । परम्परा देखि चलि आएको अर्को विवाह संस्कार जारी विवाह पनि हो । विगतमा कुनै व्यक्तिले अर्काको स्वास्नी भगाएर ल्याएमा अर्को व्यक्तिलाई जार तिर्न पर्दथ्यो । तर, हाल आएर आफ्नी स्वास्नी अर्कोसगँ गएमा कुनै किसिमको उजुरी पनि नगर्ने र रूपैया पैसा पनि नलिने गरेको पाइयो । अनुसन्धानको क्रमको धेरैजना उत्तरदाताहरूले यस विवाह प्रति नकारात्मक धारण राखेको पाइयो ।

ग) अनुसन्धानको क्रमका धिमाल जातिहरूको विवाह संस्कारको स्वरूपमा आधुनिकिकरणले गर्दा धेरै परिवर्तन आएको पाइयो । विवाह संस्कारमा आधुनिकीकरणले पारेको असरको

पक्षहरूमा सवैभन्दा वढि शिक्षाका कारण नै पाइयो । त्यस अनुरूप यिनीहरूले पनि लेख्न, पढ्न नयाँ वातावरणमा आफूलाई उभ्याउँन थालेका छन् । विद्या आर्जन गर्नको लागि कतिपय युवाहरू शहर, देश, विदेश पुगिसकेका छन् । यी सव कारणले गर्दा आफ्नो परम्परागत विवाह संस्कारलाई छोट्याउँने तर्फ लागेको पाइयो ।

कुल जनसंख्यामा ३० जनाले (६९.७७ प्रतिशत) मानिसले विवाह संस्कारमा आधुनिकिकरणलाई प्रभाव पार्ने मुख्य पक्ष नै शिक्षालाई मानेको पाइयो । त्यसै गरि ४ जना (९.३० प्रतिशत) मानिसले देखाशिखीको कारणले पनि यसलाई असर गरेको वताए । अन्य जातिको प्रभावमा धिमाल जातिको रहन सहन र विवाह संस्कारमा परिवर्तन आएको अथवा आधुनिकिकरणलाई यिनीहरूले अपनाएको पाईयो । त्यसै गरि ४ जना ( ९.३० प्रतिशत) मानिसको भनाई अनुसार विवाह संस्कारमा आधुनिकिकरण ल्याउँन रोजगारीले पनि ठुलो भूमिका खेलेको पाइयो । वदलिदो समयमा परम्परागत खेती किसानको विकल्पमा युवाहरू वैदेशिक रोजगारीमा जादाँ त्यहाको सस्कार र सस्कृति पनि भित्रिने हुनाले समाजमा आधुनिकिकरणको प्रवेश हुन थालेको पाईयो ।

५ जना (११.६२ प्रतिशत) मानिसहरूले यी माथिका पक्षहरू वाहेक अन्य पक्षले पनि विवाह संस्कारलाई आधुनिकिकरण तर्फ लैजान महत्वपूर्ण भूमिका खेलेको वताएका छन् । समाजमा चलेको चलनलाई सामाजिक रूपान्तरणमा आएको परिवर्तनसंगै वसाई सराई शहरीकरण, औधोगिकरण, सञ्चार, राजनीतिक चेतना, पेशा, प्रविधि र भाषा आदि पक्षवाट आधुनिकिकरण भित्रिने तथ्यलाई स्वीकार गरेको पाइयो ।

यस्तै धर्म परिरवर्तनका कारण पनि विवाह सस्कारमा प्रत्यक्ष प्रभाव परेको स्थलगत सर्वेक्षणले देखाएको छ । जहाँ धर्म परिवर्तनले नकारात्मक असरपरेको भन्ने व्यक्तिहरू ४२ जनामा ३० जना (६९.७६ प्रतिशत) छन् । त्यसैगरि परम्परागत विवाह संस्कारलाई धर्म परिरवर्तनका कारण सकारात्मक असर परेको छ भन्ने व्यक्तिहरू १० जना (२३.२५प्रतिशत) छन् । आफ्नो जातको परम्परागत विवाह संस्कारको रितहरू हराउँदै गएर अन्य जातमा समाहित हुने परम्परागत भेषभुषा गरगहना लोप हुँदै जानु अर्को तर्फ दाइजो प्रथा वढ्दै गएकोले दाइजो नलिकन विवाह हुने महिलालाई मानसिक असर पर्न सक्ने जस्ता यी सबै परिवर्तनले धिमालको मौलिकता अस्तित्वमा नरहेको अवस्थामा धर्मपरिवर्तनले सकारात्मक असर पारेको रायव्यक्त गरेको पाइयो । यसरी एकथरीले सकारात्मक असरलाई मात्र हेरेका छन् भने अर्का थरिले नकरात्मक

असरलाई । यी दुवै भन्दा वेग्लै विचार धारा राख्ने व्यक्तिहरू पनि थिए । उनीहरूले धर्म परिवर्तनले विवाह संस्कारमा परिवर्तन आएको नआएको वारेमा जानकारी नभएको बताए ।

घ) यस क्षेत्रका धिमालहरूले विवाह गर्दा ३ पुस्ता सम्ममा नाता केलाएर मात्र विवाह गर्दछन् । यदि कसैले नातामा विवाह गरेमा यिनीहरूले बहिस्कार गर्ने उनीहरूको सस्कारमा भएपनि हाल विधानले तोकेको दस्तुर तिर्नुपर्ने उल्लेख गरेको पाईयो । अध्ययनको क्रममा विवाह गर्दा केटाकेटीको उमेरलाई पनि यिनीहरूले महत्व दिने गरेका छन् । विगतमा विवाह गर्ने धिमाल केटीको उमेर केटाको भन्दा निकै बढि हुने गर्दथियो तर शिक्षा र जनचेतनामको कारण यसमा परिवर्तन आएको पाइयो । पुरुषहरू प्रायजसोले आफु भन्दा केही कम उमेरको महिलासगँ विवाह गर्न रुचाएको पाइयो । यस अध्ययनले तालिकामा देखाए अनुसार ३९.८८ प्रतिशत महिलाले आफुभन्दा बढी उमेरको पुरुषसगँ विवाह गर्न मनपराएको पाइयो । २५.५८ प्रतिशत महिला र पुरुषले बराबरी उमेर भएको व्यक्ति सँग विवाह गर्न मन पराएको पाइयो ।

ङ) यस क्षेत्रका धिमालहरूले आफ्नो छोराछोरीको विवाह गर्ने उमेर पुगेपछि उनीहरूको स्विकृती लिने गर्दछन् । अभिभावकहरूले विवाहको लागि सहमति जनाएपनि विवाह गर्ने अन्तिम निर्णय केटाकेटीको हुने गर्दछ । विगतमा विवाह गर्दा अभिभावकले केटाकेटीलाई नसोधिकन उनीहरूको विवाहको निर्णय गर्दथे भने हाल आएर यसमा परिर्वतन आएको अध्ययनले देखाएको छ ।

च) विवाहको सन्दर्भमा यस क्षेत्रका धिमाल महिलाहरू सामाजिक रूपमा स्वतन्त्र रहेको यस अध्ययनले देखाएको छ । कुनैपनि अभिभावकले विवाह गर्न उमेर पुगेका छोरीहरूको निर्णयलाई सहमत जनाउँने गरेको पाइयो । ८६.०५ प्रतिशत महिलाहरूले विवाहको सन्र्दभमा उनीहरूको निर्णय मान्य भएको पाइयो । भने १३.९५ प्रतिशत महिलाहरूलाई विवाहको सन्र्दभमा उनीहरूको निर्णय मान्य नहुने गरेको यस अध्ययनले जनाएको छ ।

छ) दाइजो प्रथाको प्रभाव अत्याधिक रूपमा बढ्दै गएकोले यस क्षेत्रका धिमालहरूलाई आर्थिक समस्याको कठिनाईहरू उत्पन्न हुने गरेको, धर्म परिवर्तनका कारण समाजमा दुईथरि समुदायको निमार्ण हुदै गरेको, पढेका र नपढेका समुदायबीच पनि धनि र

गरिवबीच धेरै असमानता कायम हुदै गरेको पाइयो । यस्तै अन्य समुदायसंगको हेलमेलका कारण एकअर्काको संस्कार सस्कृति आदनप्रदान भएको पाइयो । जसले गर्दा धिमाल जातिहरूले आफ्नो मौलिक सस्कार र सस्कृतिलाई परिवर्तन गर्दै लगेको पाइयो । यस्ता कारणले गर्दा समस्याहरूले गर्दा यस समाजमा विभिन्न प्रकारका विकृतिहरू भित्रिने गरेको र यसको रोकथामका लागि उनीहरू भित्रै देखि सकृय रूपमा लागेको पनि देखियो ।

वास्तवमा अध्ययनको क्रममा परम्परागत विवाह संस्कारमा हाल आएर क्रमिक रूपमा परिवर्तन हुँदै आएको पाइयो यसो हुनुको मुख्य कारण आर्थिक अभाव तथा शिक्षाका कारण चेतना स्तरमा आएको वृद्धिका कारण नै भएको पाइयो ।

## ७.२ अध्ययनको निष्कर्ष

नेपाल एक बहुजातिय, बहुभाषिय, बहुसाँस्कृतिक र धार्मिक विविधताले भरिएको देश हो । यहाँ बसोवास गर्ने विभिन्न आदिवासी जनजातिको आ-आफ्नो धर्म तथा साँस्कृतिक परम्पराले यो देश सिँगारिएको देखिन्छ । यिनै विविध जात जातिय साँस्कृतिक फुलवारीको रचना भित्र एउटा जातिय संस्कृतिको उपज आदिवासी धिमाल जाती पनि हो । धिमालहरू मेची र कोशी अञ्चलको तराई भू-भागका क्षेत्रमा बसोबास गर्दछन् । यिनीहरू झापा र मोरङ्ग जिल्लामा रहेका छन् । अनेकौ थर भएमा धिमालहरू नेपालका ज्यादै पुराना बासिन्दा हुन् । प्राचिन समयदेखि नै नेपालमा बसोबास गर्ने यी धिमालहरू कहिले कहाँबाट आए भन्ने बारेमा विद्वानहरू बीच विभिन्न फरक फरक धारणा रहेको छ । कसैले लिम्बु र धिमाललाई एउटै बंशका दुई जाति हुन भन्ने सिद्ध गर्न खोजेको देखिन्छ । भने केही विद्वानहरूले धिमालहरू “लिम्बु र राईसँगको रक्त समिक्षणबाट नयाँ जातिको रूपमा सताब्दियौ देखि उब्जिएको हो” भनेका छन् । त्यसैगरी कसैले यि जातिको भाषा आसामका बोडो जातीसँग मिल्ने हुँदा यिनीहरूको प्रवेश कालान्तरमा आसाम तीरबाट भएको संकेत दिएका छन् । जसका कारण अध्ययनक्रममा ठोस निष्कर्षमा पुग्न नसकिएता पनि यिनीहरू परापूर्व काल देखि नेपाली समाजकै संरचनामा एक महत्वपूर्ण भुमिका निर्वाह गर्ने जाती भएको दावी गर्न सकिन्छ । क्षेत्रका धिमालहरू प्राचिन समयदेखि बसोवास गर्दै आएका रैथानेहरू हुन । अध्ययनले यस क्षेत्रका वासिन्दाहरू हाल कृषि पेशासंगै अन्य पेशा तर्फ समेत आकर्षित हुँदै गएको देखिएको छ । यसैगरी यिनीहरूले मान्ने देवताहरूमा घरभित्रका देवता र घर वाहिरका देवता नै मुख्य रहेको पाईयो ।

प्रस्तुत अध्यनले यस क्षेत्रका धिमाल जातिहरूको प्रचलित विवाह संस्कार र बदलिँदो परिवेश अनुसार यिनीहरूको विवाह संस्कारमा आएको परिवर्तित स्वरूपको खोज गर्ने प्रयास गरियो ।

विभिन्न विद्वानहरूले यि जातिहरूको विवाह संस्कारको बारेमा आ-आफनो मन्तव्य पेश गर्नु भएको पाइएता पनि यस क्षेत्रका धिमालहरूको विवाह संस्कारमा विद्धानहरूले उल्लेख गरेजस्तो रित वा विधिमा भिन्नता पनि पाइएको छ । कतिपय रितहरूमा समानता पनि पाइएको छ । परम्परागत विवाह संस्कारमा देखिएका विधिहरू आधुनिकिकरणसम्म आइपुग्दा संसोधन र परिमार्जित हुँदै छोटिँदै आएको चलनलाई यस अध्ययनले देखाएको छ । यस्तै समान जाति समुदाय भएर पनि माईवारी र पारी(पूर्व र पश्चिम)का धिमाल समुदायहरूको फरक फरक सस्कारका समुदायसंगको हेलमेलका कारण मौलिक संस्कार संस्कृतिमा समेत असमानता भएको पाईयो ।

यस क्षेत्रका धिमाल समाजमा निम्न प्रकारका विवाह संस्कारहरू पाइयो मागी विवाह, प्रेम विवाह, अदालती विवाह, विधवा विवाह, जारी विवाह पहिले पहिले हुने गरेको पाइएता पनि हाल आएर केही बन्देज, भएको पाइयो । यस क्षेत्रका धिमालहरूको मागि विवाह ४१.८६ प्रति विवाह प्रतिशत, अदालती विवाह २.३३ प्रतिशत, प्रेम विधवा विवाह ४.६५ प्रतिशत चोरी विवाह १६.२८ प्रतिशत र जारी विवाह ९.३० प्रतिशत गर्ने गरेको एउटा निष्कर्ष देखियो ।

## सन्दर्भ सामाग्री


नेपाली, गोपाल सिंह (१९६५) **द नेवार,** काठमाडौंः हिमालय बुक्स सेलर।

रेग्मी, ऋषि केशवराज (१९७२), **"एक स्रोत तिन धार" उपशिर्षक 'पूर्वी नेपालका धिमालहरू',** काठमाडौंः एनसेन्ट नेपाल।

दाहाल, डिल्लीराम (२०३६) **धिमाल लोक जीवन अध्ययन**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं अध्ययन प्रतिवेदन पृ. २३ ।

दाहाल, डिल्लीराम **(२०३६), 'धिमाल लोक-जीवन अध्ययन'**काठमाडौँः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान पृ. १२७ ।

ढुङ्गेल, राममणि (२०५१) **चेपाङ समुदाय र संस्कृति,**काठमाडौंः न्यु खत्रि प्रिन्टर्स,।

वोन्गार्ज, हाईन्ज र दाहाल देवराज (२०५४) **विकास अध्ययन,**काठमाडौंः नेपाल फाउन्डेशन फर एडभान्स स्टडिज ।

श्रेष्ठ हरिप्रसाद (२०५६) **नेपालको इतिहास र संस्कृति एक झलक,** काठमाडौंः श्रृङ्खला अफसेट प्रेस।

विष्ट, डोरबहादुर(२०६४), **'सवै जातको फलवारी',**काठमाडौँः साझा प्रकाशन, पृ.९८ ।

पोखरेल, कुमार(२०६४), **'धिमाल जातिको विवाह संस्कृति'** शोधपत्र, स्नाकोत्तर क्याम्पस, विराटनगर ।

दाहाल, पेशल (२०६५) **नेपालको इतिहास र संस्कृति,**काठमाडौंः राज अफसेट प्रेस ।

धिमाल, सोमबहादुर(२०६२), **'धिमाल जातिको चिनारी'**आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान तथा धिमाल जाति विकास केन्द्र, नेपाल ।

धिमाल, सोमबहादुर(२०६६), **'धिमाल इतिहास भाग १'** मोरङ्गः धिमाल जाति विकास केन्द्र ।

**लिम्बु जातिको परिचय** (२०६७), आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, काठमाडौं ।

राई, प्रतिभा, विरबहादुर (२०६७), **किरात राई जाति,** आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, काठमाडौं ।

थारु चौधरी, टीकाराम (२०६७) **थारु जातिको पार्श्व चित्र,** आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, काठमाडौं ।

जिल्ला विकास समिति (२०६८) **झापा प्रोफायल,** झापा ।

धिमाल, सोमबहादुर (२०६८) **धिमाल जातिको चिनारी,** आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान तथा धिमाल जाति विकास केन्द्र ।

सुवेदी, विष्णुमैया (२०७१) **दनुवार जातिको परम्परागत विवाह संस्कारमा देखा परेका परिवर्तन,** अप्रकाशित शोधपत्र, मानविकी तथा समाजशास्त्र त्रि.वि.वि. कीर्तिपुर ।

## प्रश्नावली

क)	उत्तरदाताको पृष्ठभूमि

१)	घरमुलीको नामः ......................................................................

२)	उत्तरदाताको नामः .........

३)	उमेर .......... ४) लिङ्ग ............................ ५) पेशा ....................

६)	शिक्षा .................... ७) धर्म ............................ ८) भाषा ..................

९)	वैवाहिक स्थिति ............ १०) ठेगानाः जिल्ला ........... गा.वि.स. ...... वडा नं....

११)	तपाईको परिवारको जानकारी/विवरण

| **क.सं.** | **सदस्यहरूको नाम** | **उमेर** | **लिङ्ग** | **पेशा** | **शिक्षा** | **उत्तरदाता सँगको सम्बन्ध** | **धर्म** |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

१२)	पारिवारिक स्रोत सम्बन्धि विवरण

| **क.सं.** | **जग्गाको किसिम** | **रोपनी** | **आना** | **पैसा** | **दाम** |
|---|---|---|---|---|---|
| १ | बारी | | | | |
| २ | खेत | | | | |
| ३ | जंगल | | | | |
| ४ | अन्य ....... | | | | |

| क.सं. | पशुपंक्षीको विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | गाई | गोरु | भैसी | सुंगुर | कुखुरा | बाखा | भेडा | हाँस |
| | | | | | | | | |

ख) विवाह संस्कारसँग सम्बन्धित प्रश्नहरू

१) धिमाल जातिमा प्रचलित विवाह पद्धति कुन हो ?

क) मागी ☐

ख) चोरी ☐

ग) प्रेम ☐

घ) जारी ☐

ङ) अदालती ☐

च) अन्य ☐

२. कुन कुन विवाहलाई सामाजिक मान्यता दिइन्छ ?

क) ..........................................................................

ख) ..................................................................................

ग) ..........................................................................................

३. तपाईको विचारमा कुन विवाह ठीक हो ?

क) मागी ☐

ख) चोरी ☐

ग) प्रेम ☐

घ) जारी ☐

ङ) अदालती ☐

४. विवाह गर्दा मुख्य भूमिका क कस्को हुन्छ ?

क) दुलाहा-दुलही ☐

ख) बुबा - आमा ☐

ग) अन्य ☐

५. विवाहमा बाहुन पण्डितको भूमिका हुन्छ कि हुदैन?

क) हुन्छ ☐

ख) हुदैन ☐

६. विवाह गर्नु भन्दा अगाडि केटा केटीलाई मिलाउने काम कसले गर्छ ?

क) आफन्त ☐

ख) आमा बुबा ☐

ग) कुरा मिलाउने ☐

घ) अन्य ..............................

७. विवाहमा वर, कन्या खोज्ने काममा बढी कसको हात हुन्छ ?

क) आमा बुबाको ☐

ख) आफन्तको ☐

ग) अन्य....................

८. जीवन साथीको चयनमा कसको बढी अधिकार हुन्छ ?

क) केटाकेटी आफैको ☐

ख) आमा बुबाको ☐

ग) अन्य ...................

९. विवाहमा कुन पक्षको अधिकार बढी हावी हुन्छ ?

क) केटा पक्ष ☐

ख) केटी पक्ष ☐

१०. कसको विवाहलाई बढी महत्व दिइन्छ ?

क) छोरा ☐

ख) छोरी ☐

११. कन्या दिँदा क-कसलाई बोलाइन्छ ?

क) ....................................................................................

ख) ....................................................................................

ग) ....................................................................................

१२. छोरीलाई दिइसकेपछि अर्को चरणमा के के गरिन्छ ?

क) ....................................................................................

ख) ....................................................................................

ग) ....................................................................................

१३. दुलही भित्राई सकेपछि कति दिनमा दुलही फर्काइन्छ ?

क) एक दिन ☐

ख) दुई दिन ☐

ग) चार दिन ☐

घ) पाँच दिन ☐

१४. दुलहीलाई भित्र्याउदा वा कुलमा लगाउदा के के गर्नुपर्दछ ?

क) ....................................................................................

ख) ....................................................................................

ग) ....................................................................................

घ) ....................................................................................

१५. दाइजो प्रथा छ कि छैन?

क) छ ☐

ख) छैन ☐

१६. स्वयंमबर गरिन्छ कि गरिदैन ?

क) गरिन्छ ☐

ख) गरिदैन ☐

१७. भाउजु बेहोर्ने विवाहको चलन छ कि छैन ?

क) छ ☐

ख) छैन ☐

१८. प्रेम विवाहमा रित बुझाउनु पर्छ कि पर्दैन ?

क) पर्छ ☐

ख) पर्दैन ☐

१९. अदालती विवाह कहाँ गरिन्छ ?

क) घरमा ☐

ख) मन्दिरमा ☐

ग) अदालतमा ☐

२०. अदालती विवाहमा रित बुझाउनु पर्छ कि पर्दैन ?

क) पर्छ ☐

ख) पर्दैन ☐

२१. जारी विवाहमा जरीवाना तिर्नुपर्छ कि पर्दैन ?

क) पर्छ ☐

ख) पर्दैन ☐

२२. विवाहको मिति वा समय के को आधारमा तोकिन्छ ?

क) नामको आधारमा ☐

ख) जन्मको आधारमा ☐

ग) तिथिमितिको आधारमा ☐

घ) अन्यको अधारमा ........................

२३. विवाहको लगन के मार्फत जुराईन्छ ?

क) आफन्त ☐

ख) बाहुन पण्डित ☐

ग) अन्य ....................

२४. दुलहीको माइती घर नजिक पुगेपछि जन्तीहरूलाई कसरी स्वागत गरिन्छ ?

क) फुलटिका लगाएर ☐

ख) टिकाले पर्छाएर ☐

ग) भात खुवाएर ☐

२५. घर ज्वाई राख्ने चलन छ कि छैन ?

क) छ ☐

ख) छैन ☐

२६. दुलाहा र दुलहीलाई आफन्तहरू सँग ढोग/भेट कसरी गराइन्छ ?

क) विवाहको दिन ☐

ख) विवाह हुनु भन्दा अगाडि ☐

ग) विवाह पछि ☐

२७ दुलाहा र दुलहीलाई आफन्तहरूसँग ढोग भेट कसरी गराइन्छ ?

क) सगुन खुवाएर ☐

ख) उपहार दिएर ☐

ग) पैसा दिएर

२८. पहिले विवाह कार्यक्रम कति चरणमा सम्पन्न हुन्थ्यो र अहिले कति चरणमा सम्पन्न हुन्छ ?

| | अहिले | पहिले |
|---|---|---|
| क) | २, चरण | ☐ |
| ख) | ३ चरण | ☐ |
| ग) | ४ चरण | ☐ |
| घ) | ५ चरण | ☐ |

ग) विवाहमा आवश्यक सामग्री सम्बन्धी प्रश्नहरू

२९. विवाह संस्कार गर्दा के के सामग्रीहरू चाहिन्छ ? बताइदिनुहोस् न ।

क)............................................ ख) .......................................

ग)........................................... घ) .......................................

ङ)...........................................च)..........................................

छ)..............................................ज)......................................

३०. पहिले केटी माग्न जाँदा के के लिएर जानु पर्दछ र अहिले के के लानु पर्दछ ?

| अहिले | | | पहिले |
|---|---|---|---|
| क) | रक्सी | ☐ | ☐ |
| ख) | जाँडरक्सी | ☐ | ☐ |
| ग) | पैसा | ☐ | ☐ |

घ) अन्य.....

३१.  पहिला विवाहको दिन केटा पक्षले के के लानुपर्छ र अहिले के के लानु पर्छ ?

अहिले                                          पहिले

क)  जाँडरक्सी  ☐  ☐

ख)  गहना  ☐  ☐

ग)  लुगा/पैसा  ☐  ☐

घ)  अन्य.....

३२.  धिमाल विवाहमा दुलाहा र दुलहीले लगाउने पोशाक के के हुन्?

| दुलाहा | दुलही |
|---|---|
| | |

३३.  विवाहमा लगाउने गरगहना के के हुन् ?

| दुलाहा | दुलही |
|---|---|
| | |

३४.  दुलही भित्र्याउदा के के चाहिन्छ ? बताइदिनु होस् न ।

क) ........................... ख) ..................................... ग) ...............................

घ) ..........................ङ) ...........................................च) .................................

३५) पहिले विवाह संस्कार गर्दा जाँड रक्सी (मद्यपान) को महत्व कतिको थियो र अहिले कतिको छ ?

| अहिले | | | पहिले |
|---|---|---|---|
| क) | धेरै | ☐ | ☐ |
| ख) | ठिकठिकै | ☐ | ☐ |
| ग) | थोरै | ☐ | ☐ |
| घ) | छैन | ☐ | ☐ |

३६) विवाहको भोजमा के के खुवाइन्छ ? बताइदिनुहोस न ।

क) ........................... ख) ..................................... ग) ..............................

घ) ..........................ङ) ..........................................च) ................................

३७. विवाह गर्दा सिन्दुर पोटे गरिन्छ कि गरिदैन ?

क) गरिन्छ ☐

ख) गरिदैन ☐

**घ) विवाह संस्कारमा आएको परिवर्तनसँग सम्बन्धित प्रश्नहरू**

३८) वर्तमान अवस्थामा विवाह पद्धतिमा परिवर्तन आएको छ कि छैन ?

क छ ☐

ख छैन ☐

३९. वर्तमान अवस्थामा विवाह गर्दा परम्परागत पद्धतिलाई अवलम्बन गरिन्छ ?

| अहिले | | | पहिले |
|---|---|---|---|
| क) | गरिन्छ | ☐ | ☐ |
| ख) | गरिदैन | ☐ | ☐ |

४०. हाल प्रचलित विवाह पद्धति कुन कुन हो ?

क) ........................... ख) ..................................... ग) ..............................

४१. तपाईले कस्तो विवाह गर्नु भयो ?

क) मागी ☐

ख) चोरी ☐

ग) प्रेम ☐

ङ) अन्य ....................

४२. मागी विवाहमा परिवर्तन आएको छ कि छैन ?

क) छ ☐ ख) छैन ☐

४३. अन्तरजातिय विवाहलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छ कि छैन ?

क) छ ☐ ख) छैन ☐

४४. तपाईको परिवारमा अन्तरजातिय विवाह भएको छ कि छैन ?

क) छ ☐ ख) छैन ☐

४५. प्रेम विवाहमा परिवर्तन आएको छ कि छैन ?

क) छ ☐ ख) छैन ☐

४६. हाल चोरी विवाहमा प्रचलनमा छ कि छैन?

क) छ ☐ ख) छैन ☐

४७. अदालती विवाहमा परिवर्तन आएको छ कि छैन ?

क) छ ☐ ख) छैन ☐

४८. हाल भाउजु बेहोर्ने विवाह प्रचलनमा छ कि छैन ?

क) छ ☐ ख) छैन ☐

४९. जारी विवाहमा परिवर्तन आएको छ कि छैन ?

क) छ ☐ ख) छैन ☐

५०. विधुवा विवाह गरिन्छ कि गरिदैन ?

क) गरिन्छ ☐ ख) गरिदैन ☐

५१.	विधुवा/विदुर विवाहले सामाजिक मान्यता प्राप्त गरेको छ कि छैन ?

क)	छ ☐	ख)	छैन ☐

५२.	अन्य जातिहरूको सम्पर्कले धिमालहरूको संस्कारमा प्रभाव पारेको छ कि छैन ?

क)	छ ☐	ख)	छैन ☐

५३.	अहिले विवाहमा कसको उमेर बढि हुन्छ ?

क)	केटा	ख)	केटी ☐

५४.	पहिला कति वर्षको उमेरलाई विवाहको उपयुक्त उमेर मानिन्थ्यो र अहिले कति वर्षकोलाई मानिन्छ ?

| | | अहिले | पहिले |
|---|---|---|---|
| क) | १५ वर्ष भन्दा मुनि | ☐ | ☐ |
| ख) | १५ देखि २० वर्ष | ☐ | ☐ |
| ग) | २० देखि ३० वर्ष | ☐ | ☐ |
| घ) | ३० वर्ष भन्दा माथि | ☐ | ☐ |

५५.	तपाईले कति वर्षको उमेरमा विवाह गर्नु भयो ?

क)	...............

५६.	हाल विवाहको निर्णयमा कसको बढि अधिकार /हात हुन्छ ?

क)	केटाकेटी ☐

ख)	आमाबुबा ☐

ग)	अन्य ....................

५७.	जिवनसाथी छान्ने अधिकारमा परिवर्तन आएको छ कि छैन ?

क)	छ ☐	ख)	छैन ☐

५८	विवाहको पहिरनमा परिवर्तन आएको छ कि छैन ?

क)	छ ☐	ख)	छैन ☐

५९. परम्परागत बाजा, खानाको परिकार आदिमा परिवर्तन आएको छ कि छैन ?

| | | पहिले | अहिले |
|---|---|---|---|
| क) | छ | ☐ | ☐ |
| ख) | छैन | ☐ | ☐ |

६०. विवाहको खर्च गर्ने शैलीमा परिवर्तन आएको छ कि छैन ?

क) छ ☐ ख) छैन ☐

६१. वर्तमान विवाहमा रित लिने दिने प्रकृयामा परिवर्तन आएको छ कि छैन ?

क) छ ☐ ख) छैन ☐

६२. दाइजो लिने/दिने चलन छ कि छैन ?

क) छ ☐ ख) छैन ☐

६३. सम्बन्ध विच्छेद हुन्छ कि हुदैन ?

क) हुन्छ ☐ ख) हुदैन ☐

६४. तपाईको समुदायमा समलिङ्गी विवाह भएको छ कि छैन ?

क) छ ☐ ख) छैन ☐

**ङ. मागि विवाहको प्रभाव**

१) धिमाल समुदायमा मागी विवाहको प्रभाव कस्तो छ ?

**क) सकारात्मक**

अ) समाजमा हेर्ने दृष्टिकोणमा राम्रो हुने, ☐

आ) वैवाहिक स्थिति राम्रो हुने, ☐

इ) आफ्नो परम्परागत र रितिरिवाज तथा संस्कारहरू पछिल्लो पुस्ता सम्म रहने, ☐

ई) संस्कारगत पहिचानहरू झल्किने, ☐

उ) परिवार तथा समाजले सम्मानित रूपमा हेर्ने ☐

**ख)** **नकारात्मक**

अ) आर्थिक कारणले रितहरू बुझाउन गाह्रो हुने ☐

आ) निम्न आयस्रोत हुने भएकाले रितहरू बुझाउन गाह्रो ☐

च) प्रेम विवाहको प्रभाव ☐

१) धिमाल समुदायमा प्रेम विवाहको प्रभाव कस्तो छ ? ☐

**क)** **सकारात्मक**

अ) दाईजोमा कमी ☐

आ) दुलही खोज्ने क्रममा झण्झट कम हुने ☐

ख) नकारात्मक

अ) अभिभावक र सन्तानबीच मनमुटाब हुने सम्भावना ☐

आ) संस्कारमा परिवर्तन हुने सम्भावना ☐

इ) समाज तथा परिवारबाट अपहेलित हुने सम्भावना ☐

छ) चोरी विवाहको प्रभाव ☐

१) धिमाल समुदायमा चोरी विवाहको प्रभाव कस्तो छ ? ☐

**क)** **सकारात्मक**

अ) केटाले मन पराएको वा रोजेको केटीलाई विहे गर्न पाउने ।

ख) नकारात्मक ☐

अ) केटीको ईच्छा विपरित विवाह हुने । ☐

आ) मानसिक विचलन हुने सम्भावना ☐

इ) पुरुषोत्व झल्कने सम्भावना ☐

ज) अन्तरजातिय विवाहको प्रभाव ☐

१)	धिमाल समुदायमा अन्तरजातिय विवाहको प्रभाव कस्तो छ ?

**क)	सकारात्मक**

अ)	जातिय समानता रहने वा जातिय विभेद नहुने

आ)	छुवाछुट नहुने

इ)	परसंस्कृति ग्रहण हुने

**ख)	नकारात्मक**

अ)	परिवार तथा समाजबाट बहिष्कृट हुने सम्भावना

आ)	परम्परागत संस्कार संस्कृतिहरू लोप हुने

इ)	मातृभाषाको लोप हुने

ई)	भेषभुषा र गरगहनाको लोप हुन

## अन्तवार्ता लिएको व्यक्तिहरूको नामावली

| क.सं. | नाम | ठेगाना | उमेर |
|---|---|---|---|
| १ | रमेश धिमाल | ताराबारी | ५३ |
| २ | गजेन्द्र धिमाल | ताराबारी | ५० |
| ३ | देवकी माया धिमाल | ताराबारी | ४८ |
| ४ | बोरा धिमाल | ताराबारी | ५१ |
| ५ | गणेश धिमाल | ताराबारी | २६ |
| ६ | अन्जु धिमाल | ताराबारी | २० |
| ७ | वनेराज धिमाल | ताराबारी | ५९ |